











# ब्लोअप बालाहरू



**बेष्ट अफ द बेस्ट मोडलतस्बिर**

| | |
|---|---|
| अनु ओझा | साइबरसंसार डटकम |
| कुन्छाङ मोक्तान | महेश प्रधान |
| सञ्चिता गुरुङ | राजीव श्रेष्ठ |
| सुशोन केसी | नवीन के. श्रेष्ठ |
| स्मिता थापा | साइबरसंसार डटकम |
| सारु खड्का | राजीव श्रेष्ठ |
| अञ्जु थापा | हितान शुक्र (सिकर्स) |
| बेबी थापा | साइबरसंसार डटकम |
| विनिता बराल | राजीव श्रेष्ठ |
| सुनिता गुरुङ | गणेश खड्का |
| कञ्चन रेग्मी | राजीव श्रेष्ठ |
| झरना थापा | राजीव श्रेष्ठ |



काठमाडौं- 'ब्लोअपबिनाको साप्ताहिक नुनबिनाको तरकारीजस्तै हुन्छ,' -म्युजिक भिडियो निर्देशक आसिफ शाह भन्छन् । नायक दिलीप रायमाझीको पनि लगभग त्यस्तै धारणा छ । उनले भने- 'मध्यपृष्ठले विशेष गरी नयाँ अनुहारलाई चर्चामा आउने अवसर दिइरहेको छ ।' गायक अनिल सिंहको कुरा भने अलिक बेग्लै छ । सिंह भन्छन्- 'साप्ताहिकको ब्लोअप अझ हट हुँदै गएको हो कि जस्तो लाग्छ ।'

हरेक शुक्रबार साप्ताहिकको मध्यपृष्ठको चर्चा हुन्छ । प्रत्यक्ष रूपमा साप्ताहिकको सम्पादन समूहसँग पाठक तथा अन्य मानिसले मध्यपृष्ठका बारेमा जिज्ञासा राख्छन् । तीमध्ये कतिले धेरै उत्तेजक भयो भन्ने टिप्पणी गर्छन् भने कतिपयले समयअनुसार ठीक छ पनि भन्छन् । साप्ताहिकका हरेक अंकका मध्यपृष्ठ 'हट' हुँदैनन् । ०६४मै प्रकाशितमध्ये निरुता सिंह, कुन्छाङ मोक्तान, अनु ढकाल आदिका तस्बिर अथवा चाडपर्व विशेषअन्तर्गत तीजमा प्रकाशित संचिता लुइँटेल र खुश्बु ओली, तिहारमा प्रकाशित अरुणिमा लम्साल र झरना थापा, नववर्षमा प्रकाशित सञ्चिता गुरुङ आदिका ब्लोअपहरू साधारण थिए । साप्ताहिकको मध्यपृष्ठ धेरै पाठकको पहिलो रोजाइ बनेको छ । साप्ताहिकको मध्यपृष्ठलाई आकर्षित पार्ने काममा विभिन्न फोटोग्राफरहरूको क्रियसनको विशेष महत्त्व हुन्छ । त्यसमा सुन्दरीहरूको सुन्दरता आफ्नै स्थानमा हुन्छ । यद्यपि फोटोग्राफरले उनीहरूलाई तस्बिरमा उतार्ने शैली वा कन्सेप्टलाई हामी महत्त्व दिन्छौं । गायक प्रकाश पौडेल भन्छन्– 'साप्ताहिकको मध्यपृष्ठ शुक्रबारे चलचित्रजस्तो हो । हरेक शुक्रबार नयाँ चलचित्र सार्वजनिक भएझैं प्रत्येक शुक्रबार प्रकाशित हुने साप्ताहिकको मध्यपृष्ठले पनि चर्चा र समीक्षा दुवै पाउने गरेको छ ।'

**सुपर टिनको सफलता**

मध्यपृष्ठको लोकप्रियताकै कारण वर्ष ०६४मा इमामी फेयर एन्ड टिनले साप्ताहिकसँग सहकार्य गरी १३ जना किशोरीको तस्बिर मध्यपृष्ठमा प्रकाशित गर्‍यो । जसले केही हदसम्म चर्चा पनि पायो ।

**बाँकी पृष्ठ १५ मा**

## क्यासेट

### झा'छु झस्किने

महाबौद्ध रेकर्ड्सको प्रस्तुतिमा गायक कृष्ण थापाको लोकदोहोरी गीतिसंग्रह 'झा'छु झस्किने' बजारमा आएको छ। संग्रहको भाग 'क' मा झा'छु झस्किने र भाग 'ख' मा घुमाउने चौतारी लोकदोहोरी गीत समावेश छन्। संग्रहमा स्वर कृष्ण थापा, विष्णु माझी, देवी घर्तीमगरको छ। त्यस्तै लय तथा शब्द कृष्ण थापा र दीपेन्द्र खत्रीको छ।



### ग्लुमी म्यापल

गायक लक्षु निरौलाको पहिलो गीतिसंग्रह 'ग्लुमी म्यापल' श्रोतामाझ आएको छ। अरेन्ज इन्टरटेनमेन्टको प्रस्तुतिमा बजारमा आएको यो संग्रहमा आठवटा गीत समावेश छन्। संग्रहमा शब्द सन्तोष मादेन, किरण निरौला, ज्योति निरौला, दीपक पाण्डे, लक्षु निरौला, महेश थापा र रश्मि निरौलाको छ। त्यस्तै संगीत विक्रम थापा, लक्षु निरौला, महेश थापा तथा राजु लामा एन्जल्सको छ।




## रंगमञ्च

-उपसभामुख चित्रलेखा यादवले रेडियो नाटक श्रृङ्खला 'कथा मीठो सारंगीको' मा अभिनय गरेकी छिन्। गत आइतबार ललितपुरमा बीबीसी वर्ल्ड सर्भिसद्वारा उत्पादित उक्त रेडियो नाटकमा उपसभामुख यादवले अतिथि कलाकारका रूपमा अभिनय गरेकी हुन्। नाटकमा मधेसी मूलकी एक असहाय युवती भागेर काठमाडौं आएको अवस्थामा यादवले आफ्नो घरमा लगेर आश्रय दिएको कथा छ। युवतीले धेरै पढ्ने र आत्मनिर्भर हुने, त्यसपछि मात्र विवाह गर्ने आफ्नो लक्ष्यका कारण घर छोडेकी हुन्छिन्। नाटकमा मिथिला शर्मा, सुनील मिश्र, सुरेश चन्द आदिले अभिनय गरेका छन्।

-स्टुडियो सेभेनले गत शुक्रबार नाटक 'रेनेक दि फक्स' मञ्चन गर्‍यो। होटल बज्रस्थित नागा थियटरमा मञ्चित उक्त नाटक अहिलेको विश्वपरिवेशमा घटेका, घटिरहेका र घट्न सक्ने विभिन्न विषयवस्तुमा रहेर तयार भएको रहस्यमय तथा व्यङ्ग्यात्मक कथामा आधारित छ। दर्शकलाई भरपूर मनोरञ्जन प्रदान गर्न सक्ने यो नाटकलाई जर्मन कवि जोहान वल्फग्याङ भोन गोथेले लेखेका हुन्।

-पुरानो बानेश्वरस्थित आरोहण-गुरुकुलले नाटक 'ताराबाजी लै लै' मञ्चन गरिरहेको छ। गत वैशाख २० गते मञ्चन प्रारम्भ भएको उक्त नाटक सोमबारबाहेक अन्य दिन निरन्तर प्रदर्शन हुँदै आएको छ। नर्वेजियन रंगकर्मी मोर्टन क्रोगले कार्यशाला आयोजना गरेर तयार पारेको तथा उनैले निर्देशन गरेको यो नाटक बालमनोविज्ञानमा आधारित छ। नाटकमा सौगात मल्ल, सरिता गिरी, कमल नेपाल, राजकुमार पुडासैनी, अरुणा कार्की, मणिराम पोखरेल आदिले अभिनय गरिरहेका छन्।

## ग्यालरी

-आगामी संविधानसभामा ललितकलाका क्षेत्रमा सक्रिय कलाकर्मीको पनि प्रतिनिधित्व हुनुपर्ने माग राख्दै युवा कलाकारहरूको एक समूहले चरणबद्ध आन्दोलन गर्ने भएको छ। मन्त्रिपरिषद्ले मनोनयन गर्ने २६ सिटमा कलाकर्मीलाई पनि मनोनीत गर्नुपर्ने उनीहरूको माग छ। गत शनिबार पत्रकार सम्मेलन गरेर सोमबारदेखि आन्दोलन प्रारम्भ गरिने बताइएको थियो, जसअनुसार धेरै सिट ल्याएका सबै ठूला राजनैतिक दलका कार्यालयमा धर्ना बस्ने कार्यक्रम छ।

-कलाकार किरण मानन्धरलाई गत सोमबार ललितकला समीक्षक समाजले सम्मान गरेको छ। नेपाली कलाक्षेत्रमा लामो समयदेखि कार्यरत कलाकार मानन्धरलाई कलाक्षेत्रमा पुर्‍याएको योगदानस्वरूप सम्मान गरिएको समाजले बताएको छ।

-कलाकार एरिना ताम्राकारको एकल चित्रकला प्रदर्शनी गत मंगलबारदेखि सिद्धार्थ आर्ट ग्यालरी बबरमहलमा प्रारम्भ भएको छ। 'सिल्हाउट्स इन टाइम' शीर्षकको उक्त प्रदर्शनी जेठ १७ गतेसम्म चल्नेछ।

-कलाकार चिराग वाङ्देलको एकल चित्रकला प्रदर्शनी द वर्ल्ड बैंक पब्लिक इनफरमेसन सेन्टर हेरिटेज प्लाजामा सञ्चालन भैरहेको छ। आगामी जेठ १२ गतेसम्म चल्ने उक्त प्रदर्शनीको शीर्षक 'तत्भ श्रृङ्खला चार' राखिएको छ।

## पुस्तक

### जीवनका पाइला

सुधा भट्टराईका २१ गद्यरचना तथा ६२ वटा कविता संग्रहीत जीवनका पाइलालाई मोडर्न बुक्स काठमाडौंले प्रकाशन गरेको हो। पुस्तकमा लेखकले कविताहरूसँगसँगै जीवनका अनुभूतिहरूलाई आफ्नै दृष्टिकोणमा प्रस्तुत गरेका छन्।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

समय त्यति अनुकूल देखिँदैन। शत्रु बढ्ने सम्भावना छ। स्वास्थ्य गडबड रहन सक्छ। मन चञ्चल रहनेछ। समयमा निर्णय नहुँदा हातपरेको काम पनि फुत्कन सक्छ। विवाद बढ्नुका साथै धन-माल हराउने सम्भावना छ। घरेलु समस्याले सताउला। विश्वासघात पनि हुन सक्छ। भेटघाटमा प्रसन्नता बढ्नेछ।

### वृष

सोच्ने शक्ति एवं पराक्रम बढ्नुका साथै अध्ययनमा सफलता मिल्नेछ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ। मान-सम्मान पाइनेछ भने राम्रै आम्दानी हुनसक्छ। व्यवसायमा लाभ देखिन्छ। यात्रा हुनसक्छ। ठूला व्यक्तिले सहयोग गर्नेछन्। आइतबार तथा सोमबार शत्रु एवं रोग बढ्ने योग छ।

### मिथुन

संकटको सामना गर्नुपर्ने हुनसक्छ। मन चञ्चल रहनुका साथै काममा सफलता पाउन गाह्रो पर्ने छ। स्वास्थ्य पनि कमजोर रहन सक्छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। झूटा आरोप पनि लाग्नसक्छ। समयमा निर्णय नहुँदा काममा अवरोध आउला। धनमाल हराउने सम्भावना छ। सानोतिनो समस्याले ठूलो काममा बाधा उत्पन्न गर्नेछ।

### कर्कट

समय बलवान हुँदै गएको छ, सोचेको कुरामा सजिलै सफलता मिल्नेछ। जोस-जाँगर बढ्नुका साथै अधुरा कामहरू पूरा हुनेछन्। कुराकाट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। धन कमाउने अवसर मिल्नुका साथै आफन्तहरूको पर्याप्त सहयोग पाइनेछ। अध्ययनमा सुधार आउनेछ भने धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले साथ दिनेछ। यात्रा हुनसक्छ।

### सिंह

प्रसन्नता बढ्ने तथा काममा सफलता मिल्ने योग छ। अधुरा काम पूरा हुनेछन् भने धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। कुराकाट्नेहरू प्रशंसा गर्न थाल्नुका साथै ठूला व्यक्तिले समेत सल्लाह लिने बेला छ। तपाईंमाथि महत्त्वपूर्ण जिम्मेवारी आउन सक्छ। स्वास्थ्यमा ध्यान दिनुहोला। कसैप्रति विश्वास गरिहाल्नु उचित देखिँदैन।

### कन्या

काममा सफलता मिल्नेछ भने मान-सम्मान पाइने योग छ। भोज-भतेरमा संलग्न हुने अवसर प्राप्त होला। बोलीको प्रभाव बढ्नुका साथै सभा-सम्मेलनमा सहभागी हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ। अध्ययनमा सुधार आउनेछ। व्यवसायमा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ।

### तुला

खर्च बढी नै हुनसक्छ। चिन्ताले सताउनेछ भने स्वास्थ्य गडबड रहन सक्छ। भाग्यले साथ दिनेछैन। धार्मिक एवं सामाजिक कार्यमा अवरोध आउला। विश्वास गरेकाहरूले धोका दिनेछन्। शरीरमा चोटपटक लाग्न सक्छ। शनिबारदेखि प्रयास गर्दा केही काममा सफलता पाइनेछ। भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ।

### वृश्चिक

धन आर्जन गर्ने अवसर जुट्नेछ भने भाग्यले साथ दिनेछ। अरुको मन जित्न सकिनेछ। मान प्राप्तिका साथै भोजभतेरमा संलग्न हुने अवसर जुट्नेछ। अध्ययनमा पाइने सफलता यथावत् रहनेछ। रमाइलो यात्रा हुने योग छ भने भेटघाटमा प्रसन्नता बढ्नेछ। शनिबार तथा आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### धनु

शत्रुबाट सजग रहनुहोला। दुविधा बढ्न सक्छ। स्वास्थ्य गडबड रहने क्रम यथावत् छ। चोटपटक पनि लाग्न सक्छ भने झूटा आरोप लाग्ने योग छ। व्यवसायमा अवरोध आउनुका साथै यात्रामा संकट आउन सक्छ। शनिबार, आइतबार तथा बिहीबार मान-सम्मान मिल्नेछ। सफलता प्राप्त हुनेछ। धन आर्जन हुने एवं अध्ययनमा सफलता पाइने योग छ।

### मकर

समय बलवान छ। काममा सफलता मिल्नेछ भने पराक्रम बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाइनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता मिल्नेछ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। धन आर्जन पनि हुन सक्छ। बिहीबार खर्च एवं विवाद बढ्न सक्छ। स्वास्थ्यको ख्याल गर्नुहोला।

### कुम्भ

स्वास्थ्य गडबड रहने तथा काममा अवरोध आउनाले मनोबल घट्नेछ। कुराकाट्ने प्रसस्तै होलान्। शत्रुले प्रतिष्ठा गिराउने प्रयत्न गर्नुका साथै घरेलु समस्याले सताउनेछ। शनिबारदेखि भाग्यले साथ दिनेछ। धार्मिक कार्यमा रुचि बढ्नुका साथै मान-सम्मान पनि मिल्नेछ। आम्दानी तथा पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ।

### मीन

व्यवसायमा सफलता मिल्नेछ। प्रसन्नता एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। अध्ययनमा सफलता हात लाग्नेछ। धन आर्जन पनि हुन सक्छ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। शनिबार तथा आइतबार स्वास्थ्य गडबड रहने एवं काममा बाधा आउने देखिन्छ। चिन्ता पनि बढ्न सक्छ।

## यो साताको पञ्चाङ्ग

जेठ ४ गते : विश्व दूरसञ्चार दिवस, ५ गते : नरसिंह जयन्ती, ६ गते : कुर्मजयन्ती, किराँतहरुको उभौली पर्व, ७ गते : बुद्धजयन्ती, वैशाख स्नान समाप्ति, घाटु नृत्य विसर्जन, ८ गते : विश्व सांस्कृतिक विविधता एवं संवाद दिवस, ९ गते : विश्व जैविक विविधता दिवस ।

## साता संक्षेप

**वैशाख २७ गते शुक्रबार**

• निर्वाचन आयोगद्वारा समानुपातिकतर्फका सभासद् घोषणा, २१ दिनभित्र संविधानसभाको पहिलो बैठक बस्नुपर्ने संवैधानिक प्रावधानअनुसार सात दलबीच भेटघाट तीव्र।

• एमाले नेतृत्वद्वारा छानिएका संविधानसभा सदस्य (समानुपातिक तर्फका) नामावलीमा १४ नेता असन्तुष्ट, केन्द्रीय सदस्य रामचन्द्र झाद्वारा राजीनामा।

• राजप्रासादअन्तर्गत रहेका कर्मचारीहरूद्वारा आफूहरूलाई निजामती सेवामा फर्काउन माग, माग पूरा नभए अनिश्चित हड्तालमा उत्रने चेतावनी।

• नेपाल विद्यार्थी संघका असन्तुष्टद्वारा नेतृत्वको राजीनामा माग, विद्यार्थी नेताको अक्षमताका कारण पार्टीले पराजय भोगेको आरोप।

**वैशाख २८ गते शनिबार**

• अनमिनद्वारा नेपाल छाड्ने तयारी, शान्ति प्रक्रियामा भारतले महत्त्वपूर्ण भूमिका खेल्न पाउनुपर्ने दलहरूसँग आग्रह।

• सात दलबीच बैठक, संविधानसभाको पहिलो बैठक जेठको दोस्रो साता गर्ने सहमति।

• जबरजस्ती यौनसम्पर्क राख्न खोज्ने श्रीमान्को लिंग काटेर हत्या गर्ने सिन्धुपाल्चोककी एक महिला प्रहरी हिरासतमा।

• सिन्धुली १ बाट विजयी भएका एमाले सभासद् विषमलाल अधिकारीलाई निर्वाचन अदालतद्वारा सपथका लागि रोक, माओवादी उमेदवार शान्तिमान कार्कीको उजुरी परेको अदालतको भनाइ।

**वैशाख २९ गते आइतबार**

• कपिलवस्तुमा यात्रुवाहक बस तथा मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु, आक्रोशित स्थानीय बासिन्दाहरूद्वारा यातायात बन्द।

• पूर्वगृहमन्त्री पूर्णबहादुर खड्काद्वारा नेपाली कांग्रेसको केन्द्रीय सदस्यबाट राजीनामा, आफ्नो दलमा आन्तरिक अनुशासन नभएको टिप्पणी।

• नेपाली कांग्रेसको केन्द्रीय समितिको एक साता लामो बैठक सकियो, सरकारमा नजान नेतृत्वलाई दबाब दिने निर्णय।

• नेपाल सद्भावना पार्टीकी अध्यक्ष आनन्दीदेवी सिंहलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्यामसुन्दर गुप्ताका मानिसद्वारा पटना पुर्‍याइएको सद्भावना पार्टीको अर्को समूहद्वारा आरोप।

• मुलुकभर पाठ्य पुस्तकको अभाव, पुस्तकको कालोबजारी भएको अभिभावकको आरोप।

**वैशाख ३० गते सोमबार**

• ८ सय गाविस सचिवविहीन, तराईको हिंसा तथा वर्षौंदेखि पदपूर्ति नभएका कारण गाविस सचिवविहीन भएको सरकारको भनाइ।

• डिजेलमा दुई थरी मूल्य कायम, लाइन बस्नेलाई ५६ रुपैयाँ २५ पैसा तथा लाइन नबस्नेलाई ६५ रुपैयाँ २५ पैसा लिइने।

• राजा ज्ञानेन्द्रद्वारा दक्षिणकालीमा पञ्चबलि, दक्षिणकालीभरि सादा पोसाकका सुरक्षाकर्मी।

• माओवादी तथा मधेसवादी दलबीच परामर्श, कोइरालालाई राष्ट्रपति पद नदिन सहमत।

• अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा संविधानसभाको बैठक हुने दिन नयाँ बानेश्वर क्षेत्रमा ठूला गाडीको प्रवेशमा रोक लगाइने निर्णय।

• पोखरामा चितुवाको आक्रमणबाट ३ व्यक्ति घाइते, घाइते बनाउने दुर्लभ चितुवा गाउँलेद्वारा मारियो।

**वैशाख ३१ गते मंगलबार**

• संविधानसभाको पहिलो बैठक जेठ १५ गते गर्ने निर्णय, बैठक पूर्वका चुनौती सामना गर्न दुई कार्यदल गठन।

• माओवादीको सरकारलाई समर्थन गर्न कांग्रेसका सात सर्त, माओवादी सेना, जनअदालत तथा वाईसीएलको सशस्त्र मोर्चा विघटन प्रमुख माग।

• लोडसेडिङ फेरि घट्यो, अब साताको दस घन्टा मात्र लोडसेडिङ हुने।

• राजतन्त्र मासिन नदिन दरबारद्वारा भेटघाट तीव्र, पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई तथा शाहीकालका गृहमन्त्री कमल थापाद्वारा राजाको पक्षमा सक्रियता।

• कालिकोटका पाँच गाविसमा खाद्य संकट, गाउँलेद्वारा सदरमुकामका खाद्य डिपो घेराउ।

**जेठ १ गते बुधबार**

• हवाई इन्धनको मूल्य बढ्यो, निगमको बढ्दो घाटा रोक्न सरकारले निगमलाई ८० करोड दियो।

• नेकपा (एमाले)मा नेतृत्वको विषयलाई लिएर विवाद बढ्यो, १५ वर्षपछि केन्द्रीय कमिटीको भूमिगत बैठक सम्पन्न।

• संविधानसभामा मत नदिएको भन्दै माओवादी कार्यकर्ताद्वारा सिन्धुपाल्चोकको नवलपुरका बासिन्दाका लागि खानेपानी आपूर्ति गर्ने पानीको पाइप काटिएको आरोप।

• स्वर्गीय राजा वीरेन्द्रको नाममा रहेको १ अर्ब ७३ करोड बराबरको सम्पत्ति नेपाल ट्रस्टमा राखियो।

## सम्पादकीय

# हाम्रो आफ्नै कुरा

यो अंकदेखि साप्ताहिकले प्रकाशनको १३ वर्ष पूरा गरेर १४ औं वर्षमा प्रवेश गरेको छ। बितेका १३ वर्ष साप्ताहिकका लागि जति सुखद रह्यो त्यति नै चुनौतीपूर्ण पनि। राजनीति, विचार एवं मनोरञ्जनको फ्युजनमा आधारित पाठ्यसामग्रीहरू पाठकहरूसमक्ष प्रस्तुत गर्दा साप्ताहिकले पाठकहरूबाट जुन किसिमको उत्साहजनक प्रतिक्रिया प्राप्त गर्‍यो त्यसले नेपाली पत्रकारितामा एउटा बेग्लै आयाम स्थापित गरिसकेको छ। कुनै बेला नेपालमा स्वीकृत पत्रकारितासम्बन्धी मान्यताहरूलाई पन्छाएर साप्ताहिकले पत्रकारिताको नयाँ धारलाई जसरी आमपाठकका लागि स्वीकार्य बनायो त्यसले नेपाली पत्रकारिताको संसारमा एउटा बेग्लै परिचय कायम गरेको छ। प्रारम्भिक दिनमा साप्ताहिकको प्रकाशन जति चुनौतीपूर्ण थियो त्यति नै चुनौतीपूर्ण अहिले पनि छ भन्ने मान्यता साप्ताहिकका प्रकाशक तथा सम्पादकीय सहकर्मीहरूमा छ, तसर्थ साप्ताहिकले आगामी दिनमा आफ्नो विशिष्टतालाई कायम राख्दै मुलुकको परिवर्तित परिस्थितिअनुरूप आफ्ना सामग्रीहरूलाई अझ परिष्कृत गर्दै लानुपर्ने अनुभूति यसका सम्पादकीय सहकर्मीहरूले गरेका छन्। खासगरी संविधानसभा निर्वाचनपछि मुलुकमा विकसित नयाँ राजनैतिक वातावरण, समावेशी समाज निर्माण गर्ने जनताको उत्कट अभिलाषा, निरन्तर विकसित हुँदै गएको प्रविधि र त्यसमा निर्भर हुँदै गएको समाजका आवश्यकताहरू अबका दिनमा साप्ताहिकको समाचार सम्प्रेषणका आधार हुनेछन्।

विगतमा साप्ताहिकले पाठकहरूको रुचिलाई पछ्याउँदै आफ्ना सामग्रीहरूमा परिवर्तन एवं संयोजन गर्दै आएको पृष्ठभूमिमा हामीले के कुरा बिर्सिएका छैनौं भने पाठकहरूको रुचि र रोजाइ नै कुनै पनि प्रकाशनको आधार बन्नुपर्छ र पाठकहरूबाट निर्देशित कुराहरू नै सम्पादकीय सहकर्मीहरूका लागि प्रेरणा बन्नुपर्छ। यसैकारण साप्ताहिकले अहिलेसम्मको यात्रामा आफ्ना विचारहरू वा आफ्नो रोजाइका समाचारहरू पाठकहरूलाई थोपर्नुभन्दा पाठकहरूको रुचिलाई आत्मसात् गर्दै मानवीय संवेदनाहरू झङ्कृत हुने गरी, मानिसहरूको मनका भावनाहरू प्रतिविम्बित हुने गरी हरेक विषय र समाचारलाई प्राथमिकताका साथ प्रस्तुत गर्ने अठोट गरेको छ। साप्ताहिकको यस्तो अठोटमा पाठकहरूले पनि साथ दिनुहुनेछ भन्ने विश्वास छ।

अन्त्यमा १३ वर्ष पूरा गरेर १४ औं वर्षमा प्रवेश गरेको यो अवसरमा हामीलाई यहाँसम्मको यात्रामा प्रेरणादायी साथ दिनुहुने हाम्रा समस्त पाठक, लेखक, विज्ञापनदाता, वितरक एवं शुभेच्छुहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### नयाँ नेपालको परिकल्पना

विश्वमा नेपाल हरेक क्षेत्रमा धेरै पछाडि परेको अवस्थामा अब संविधानसभाको निर्वाचन सम्पन्न भएपछि आमनेपाली जनतामाझ नयाँ नेपाल कस्तो हुनेछ ? कसरी नयाँ नेपाल निर्माण गरिनेछ ? भन्ने उत्सुकता र चासो सर्वत्र छ। हुन त विभिन्न राजनैतिक दलले नयाँ नेपालको निर्माणको परिकल्पनामा नेपाली जनतालाई मीठा-मीठा सपना बाँडेका छन्। स्वीजरल्यान्ड, सिङ्गापुरजस्ता राष्ट्रको दाँजोमा नेपाललाई पुर्‍याउने मीठा सपनाको लड्डु भाषणमा बाँड्नु जति सजिलो हुन्छ यसलाई कार्यान्वयनमा ल्याउनु निकै ठूलो चुनौती हो। अब हामी कामना गरौं कि नयाँ नेपालको निर्माण पूर्ण रूपले सफलताको विन्दुमा पुग्न सकोस्।

• देश विकासका लागि दिगो शान्तिको आवश्यकता पर्छ। जहाँ हत्या, हिंसा, डर, त्रास, धाक, धम्की, युद्धजस्ता कुराहरू पूर्ण रूपमा निर्मूल हुनुपर्छ।

• आमजनताले जीउ, धनजस्ता कुरामा शान्ति-सुरक्षा अनुभूति गर्न पाउनुपर्छ। अभिव्यक्ति स्वतन्त्रता, आस्था, व्यक्तिगत र मौलिक हकको सुरक्षा अनि उपभोग गर्न पाउने कुरामा ग्यारेन्टी हुनुपर्छ। हरेक धर्म, जाति, सम्प्रदाय, क्षेत्र र वर्गलाई एउटै सूत्रमा समेटेर लानुपर्छ र सबैलाई समान अवसर प्रदान गरिनुपर्छ।

• राष्ट्रियताको प्रश्नमा सम्झौता नगरी यसको आखण्डता र सर्वभौमिकतामा कुनै आँच नआउने गरी नयाँ नेपालको निर्माणमा सिङ्गो राष्ट्रलाई एकढिक्का बनाएर अघि जाने मार्ग खुला गरिनुपर्छ। राज्य विभिन्न जात, क्षेत्र र प्रदेशका रूपमा विखण्डन हुने कुरालाई निरुत्साहित गरी सिङ्गो नेपाल र नेपालीबीच एकता कायम राख्नुपर्छ।

• अबको केही वर्षमा आमनेपाली जनताले उन्नतशील नेपाल देख्ने हो भने महत्त्वपूर्ण कुरा शासन र राज्य सञ्चालन गर्ने व्यक्तिहरू इमान्दार र विश्वासयोग्य हुनु अति आवश्यक छ। जहाँ भ्रष्टाचार, घूसखोरी अनि अनेक खालका अनियमितता पटक्कै हुनुहुँदैन। नातावाद, कृपावाद अनि आफ्नै स्वार्थका कुराहरू त्यागी स्वस्थ्य रूपमा र निष्पक्ष ढङ्गले काम गर्ने व्यक्तिहरू भए अवश्य नेपालको विकास तीव्र रूपमा अघि बढ्छ।

• स्वदेशी लगानीकर्ताहरूका लागि नेपालको विकास, उद्योग धन्दा, कलकारखाना, व्यापार, व्यवसायमा लगानी गर्न सक्ने वातावरण निर्माण गरिनुपर्छ। विदेशी लगानीकर्ताहरूलाई पनि नेपालको विभिन्न क्षेत्रमा लगानी गर्ने काममा मौका दिएर नेपालको अर्थतन्त्रलाई सबल तुल्याउन सक्नुपर्छ।

• नेपालका युवा जनशक्ति जसरी बेरोजगारका कारण विदेश पलायन भैरहेका छन्, तिनीहरूका निम्ति स्वदेशमा श्रम खर्चन सक्ने गरी आकर्षक रोजगार सिर्जना गरिनुपर्छ। यहाँका युवाशक्तिलाई उनीहरूको सीप अनि योग्यताअनुरूपको रोजगारीको ग्यारेन्टी गरिनुपर्छ।

• नेपालको शिक्षापद्धतिलाई व्यावहारिक एवं रोजगारमूलक शिक्षामा परिणत गरी एउटा नयाँ क्रान्ति सुरु हुनु आवश्यक छ।

• दुर्गम क्षेत्रमा यातायात, हवाई सेवा, रेल मार्ग, केवुल कार, मोनो रेल, जो विद्युत्बाट चलाउन सकिन्छ, जस्ता कुरालाई अधिराज्यभरि फैलाउनुपर्छ। नेपालको जलस्रोतलाई सही रूपमा उपयोग गर्दै प्रशस्त मात्रामा विद्युत् उत्पादन गरी यसको उपयोगिता बढाएर लानु आवश्यक छ।

• नेपाल कृषिप्रधान देश भएकाले कृषिलाई आधुनिक गर्ने र बजारसम्म पुर्‍याउन यातायातको सुविधा अतिआवश्यक भएकाले पनि यसमा तत्कालै ध्यान दिनुपर्छ। कृषकहरूलाई चाहिने आवश्यकताका कुरा एवं तालिम अनि बीउबिजन पनि उपलब्ध गराइनुपर्छ। खाद्य र नगदे बालीको उत्पादनमा कृषकहरूलाई प्रोत्साहित गर्दै उत्पादन भएका चीजको बजार व्यवस्थापन पनि गर्ने र सकेसम्म यी उत्पादन नेपालभित्रै खपत हुने वातावरणको सिर्जना हुन सके हामी विदेशबाट खाद्यान्न झिकाउनुपर्ने बाध्यताबाट मुक्त हुन सक्छौं।

• नेपाल सम्पदा, प्रकृति र हिमालले भरिएको हुनाले यसको प्रवर्धन गरी अत्यधिक पर्यटक भित्र्याउन सक्नु पनि अर्थतन्त्रलाई सबल बनाउने एउटा पाटो हुनसक्छ। विभिन्न हिमालका आधार शिविरसम्म यातायात पुर्‍याउने काम गरी स्वदेशी तथा विदेशी दुवै पर्यटकलाई ती पर्यटकीय क्षेत्रमा आउनलाई प्रोत्साहित गरी नेपालको अर्थतन्त्रमा मात्र नभएर देशको गरिमा एवं प्रसिद्धिमा पनि वृद्धि ल्याउन सकिन्छ।

नयाँ नेपालको निर्माण गर्ने कुरामा यसभन्दा बाहेक अरू पनि थुप्रै क्षेत्र छन् जसलाई हामीले ध्यान नदिई हुँदैन। यद्यपि एउटा सत्य के हो भने यदि नयाँ नेपालको निर्माणमा लाग्नेहरूको सोच र मनासिकता परिवर्तन भएन भने हामीले यो 'मनको लड्डु घिउसित खानु' भन्ने उखान मात्रै चरितार्थ हुनेछ। यदि नेतृत्वले चाहने र आम राष्ट्रवासी एकजुट भएर लाग्ने हो भने छोटो समयमै नेपालको मुहार फेरिने निश्चित छ।

**–रेसमकुमार सुनुवार, काठमाडौं**

## तीतो सत्य

• मानिस बूढो हुन्छ तर लोभ कहिल्यै बूढो हुँदैन।

• सच्चा माया गर्नेले अर्काको कुरा पनि सुन्दैन र अर्कालाई झट्टै विश्वास पनि गर्दैन।

• माया र प्रेमबीच धन तगारो बन्न सक्दैन।

• वास्तविक प्रेम गर्नेहरू आफ्नो मनको कुरा भन्न डर र लाज मान्छन्।

• दुःख, परिश्रम र मेहनतविना सुखी जीवनको कल्पना गर्नु मुर्खता हो।

**नारायण प्रेमी, लिवाङ, रोल्पा**

• शत्रु जोसुकै भए पनि उसलाई कमजोर मान्नु हुँदैन।

• कुनै पनि मानिस कस्तो छ भन्ने कुरा उसको बोली र बाहिरी क्रियाकलापले देखाइरहेको हुन्छ।

**क्याफिना डंगोल, बालाजु-१६**

• हामीले वर्तमानमा ध्यान दिनुपर्छ। भूत र भविष्य दुवैलाई वर्तमानले डोर्‍याएको हुन्छ।

• समयको यति धेरै महत्त्व हुन्छ जसलाई हामीले किन्न, माग्न र बेच्न सक्दैनौं।

• वर्तमानलाई राम्रोसँग बुझ्न सक्यौं भने केही कुरा पनि असम्भव हुँदैन।

**किरण पोखरेल, सिन्धुली**

• माया हुन्छ भन्ने कुरा सबैलाई थाहा छ तर माया कहाँ र कसरी हुन्छ भन्ने थाहा हुँदैन।

**रमेशकुमार तिमिल्सिना, नुवाकोट**

• पहिले आफूलाई नियालेर मात्र अरूलाई हेर्नुपर्छ।

• अशक्तलाई माया होइन अवसर दिनुपर्छ।

**सूदन ओझा, नारायणस्थान**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## नीति नियम

यदि बाबुले सम्पत्ति नछोडी गएको छ भने ठूलो भाइको धर्म साना भाइहरूको रक्षा गर्नु हो। यदि खराब आचरण गर्न थाले भने भाइहरूलाई घरबाट बाहिर निकाल्न पनि सकिन्छ। जब छोराहरू बालिग हुन्छन् तब मात्र अंशभाग दिनु उचित हुन्छ। यदि कुनै छोरा उमेर पुगेका (बालिग) छन्, कुनै नाबालक छन्, कुनै परदेश लागेका छन् भने उनीहरूको अंश भाग बाबुआमाले आफैंकहाँ सुरक्षित राख्नुपर्छ वा गाउँका साहू-महाजनकहाँ जमानत राखिदिनुपर्छ। जब छोराको उमेर पुग्छ वा ऊ परदेशबाट घर फर्कन्छ तब उनीहरूको सम्पत्ति उनीहरूलाई नै दिनुपर्छ।

जुन छोराको विवाह भैसकेको छ, उनीहरूका साना भाइहरूको विवाहका लागि पनि खर्च छुटयाउनुपर्छ। अर्थात् अंश भागको अतिरिक्त विवाहभाग पनि दिनुपर्छ। छोरीका लागि पनि त्यसै प्रकारका दाइजो दिने सम्पत्ति अलग छुट्याएर राख्नुपर्छ।

कुनै सम्पत्तिमा छलकपट भयो वा कुनै सम्पत्ति लुकाइएको थाहा पाए पछि पुनः अंशबन्डा लगाउनुपर्छ। जुन सम्पत्तिको हकदार हुँदैनन्, उक्त धन राज्यकोषमा जम्मा गराउनुपर्छ। तर स्त्रीको निर्वाह तथा प्रतादीकार्यका लागि केही धन छोडीदिनुपर्छ।

-कौटिल्यको अर्थशास्त्र
अनुवाद : रामहरि बञ्जारा

## सहर चर्चा



# संगीतमा होइन, चक-डस्टरमा

रेडियो नेपालले राष्ट्रिय प्रजातन्त्र दिवसमा आयोजना गरेको ०६२ सालको राष्ट्रव्यापी खुल्ला लोकगीत प्रतियोगितामा प्रथम भएका थिए उनी। राष्ट्रिय स्तरको प्रतियोगिता जित्दा उनलाई लागेको थियो अब संगीतमा लागेर केही गर्न सक्छु, तर त्यो सपना र सफलता अहिले कथा बन्ने अवस्थामा पुगेको छ। उनी अहिले संगीतमा होइन, चक-डस्टरमा भविष्य खोजिरहेका छन्। लोकगायनमा राष्ट्रिय च्याम्पियन भएका ती प्रतिभा हुन्– संखुवासभा दिदिङ, डाँडागाउँका भीष्मराज लाम्सोङ राई। प्रतियोगितामा पहिलो भएपछि करिब दर्जन गीत रेडियो नेपालले रेकर्ड गरिदिने र एक एल्बम निकालिदिने आश्वासन दिएको थियो। त्यो आश्वासन-आश्वासनमै सीमित भएको छ।

'अब त प्रथम भएको पुरस्कार र प्रमाण-पत्र एउटा 'नोस्टाल्जिया' जस्तो हुन लागेको छ,' राई भन्छन्- एउटा एल्बम निकाल्ने धोको थियो तर गीत रेकर्ड गराउन जान पाएको छैन।

उनलाई चिन्ने प्रशंसक धेरै भैसकेका थिए, तर अहिले सबैले बिर्सन थालेका छन्। 'कसैले रेडियो नेपालको फाइल पल्टाएर हेर्‍यो भने भीष्म भन्ने पनि एकपटक प्रथम भएछन् भन्ने अवस्था छ। संगीतलाई निरन्तरता दिन सकिएको छैन,'- उनी चिन्ता व्यक्त गर्छन्- तर संगीत छाडेका छैनन्।

धनकुटा बहुमुखी क्याम्पसबाट शिक्षाशास्त्रमा स्नातक गरेका छन् भीष्मले। अब संगीत होइन, शिक्षणमै आफ्नो भविष्य खोज्न थालेको छु, -राईले बताए।

**–राजधन कुलुङ**



साइबर गफ

# मोडलिङमा रीना

रीनाका आकर्षक तस्बिर हेर्न चाहनुहुन्छ भने परिचय डटकम लगअन गर्नुहोस्। ५ फिट ५ इन्च अग्ली रीना मोडलिङको क्षेत्रमा धेरै सम्भावना बोकेकी युवती हुन्। डिसेम्बर ५ तारिखमा जन्मिएकी रीनाको शारीरिक बनावट पनि त्यत्तिकै आकर्षक छ। परिचय डटकमका लागि फोटोसेसन गराउने क्रममा उनले दिएको बडी एक्सप्रेसनले पनि उनको शारीरिक सुन्दरतालाई झल्काउँछ। उनले दरबारमार्गस्थित होटल उडल्यान्डमा छवटा फरक पहिरनमा फोटोसेसन गरेकी थिइन्। रीना राम्रो नृत्याङ्गना पनि हुन्। गोरो वर्णकी रीना संगीत सुन्न, घुम्न र नयाँ मानिसहरूसँग परिचय गर्न रुचाउँछिन्। पोखरामा जन्मिएकी यी सुन्दरी आफ्नो जन्मस्थललाई संसारकै सबैभन्दा आकर्षक स्थानका रूपमा चिनाउँछिन्। सिने गुरुङ उनलाई सबैभन्दा मन पर्ने गायिका हुन्। आकर्षक हेयर स्टाइलकी धनी रीनाको शारीरिक बनावट ३३x२६x३५ छ।

## मुखाले

म संन्यास लिन सक्दिनँ, बाँचुन्जेल (राजनीतिमा) सक्रिय हुन्छु।
**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

हामीलाई सत्ताको नेतृत्व नदिए ठूलो विद्रोह हुन्छ।
**पुष्पकमल दाहाल**
**अध्यक्ष, नेकपा (माओवादी)**

मनोनयन गर्नुपर्ने सभासदको निर्णय वर्तमान मन्त्रिपरिषद्ले गर्न सक्तैन।
**केदारप्रसाद गिरी, प्रधान न्यायाधीश**

पन्ध्र दिनभित्र गिरिजाले कुर्सी तथा ज्ञानेन्द्रले दरबार नछाडे अनर्थ हुनसक्छ।
**डा. बाबुराम भट्टराई**
**नेता, नेकपा (माओवादी)**

माओवादीले राख्दै आएको जातीय राज्य मधेसी जनअधिकार फोरमलाई स्वीकार्य छैन।
**उपेन्द्र यादव, संयोजक**
**मधेसी जनअधिकार फोरम**

सरकारमा फर्कन हाम्रा मन्त्रीले राजीनामा दिएका होइनन्।
**अमृतकुमार बोहोरा**
**कार्यवाहक महासचिव, नेकपा (एमाले)**

हामीले वाईसीएलको कुटाइ यसरी नै खाइराख्ने हो भने माओवादीविरुद्ध सडकमा उत्रनु आवश्यक छ।
**गोकर्ण विष्ट**
**केन्द्रीय सदस्य, नेकपा (एमाले)**

संविधान निर्माण नहुँदै राजा हटाए ठूलो दुर्घटना निम्तिन सक्छ।
**कमल थापा, अध्यक्ष, राप्रपा नेपाल**

निर्वाचन सम्पन्न भए पनि हाम्रो भूमिका अझै बाँकी छ।
**भोजराज पोखरेल**
**प्रमुख निर्वाचनआयुक्त**




### प्रचण्डलाई कर्णेलले अँगालो मार्न खोज्दा

संविधानसभामा ठूलो दल बनेपछि माओवादी नेताहरूलाई साइनो लगाउने र भुराभुरीमा गुच्चा खेलेको सम्झाउँदै नजिकिनेहरूको संख्या ह्वात्तै बढेको समाचार नेपालीपत्र साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार सुदूर पश्चिममा माओवादीले एकलौटीजस्तै विजय हासिल गरेपछि माओवादी नेता लेखराज भट्टको चाकरीमा पूर्वप्रहरी महानिरीक्षक मोतीलाल बोहोराको सक्रियता चर्चित बनेकै बेला माओवादी आन्दोलन दमनमा उग्र देखिएका नेपाली सेनाका एक पूर्वअधिकृत अध्यक्ष प्रचण्डसँग नाता गाँस्न पुगेका छन्। सेनाभित्र भ्रष्टाचार गरी नाम कमाएर हाल रिटायर्ड भएका कर्णेल मदन केसी यसरी अध्यक्ष प्रचण्डकहाँ साइनो केलाउँदै पुगेका हुन। कर्णेल केसी केही दिनअघि माओवादी हेडक्वार्टर नयाँबजार पुगेका थिए। समाचारअनुसार उनले प्रचण्डलाई विद्यार्थी जीवनमा सँगै पढेको, एउटै कक्षाका साथी भएको भन्दै अँगालो मार्न खोजेका थिए, तर प्रचण्डका सुरक्षाकर्मीले उनलाई रोकेको बताइन्छ। कर्णेल केसी नेपाली सेनाका सेनापति रुक्माङ्गत कटुवालका दाहिने हात हुन। उनले प्रचण्डसँग बालसखाको साइनो लगाएर कटुवालका पक्षमा कुरा गरेको समाचारमा उल्लेख छ।

### दिदीका लागि खोजियो कार्यालय

मन्त्रालयमा नातावाद हाबी गराएको आरोप खेपिरहेकी भौतिक योजना तथा निर्माण मन्त्री हिसिला यमीले आफ्नी दिदी तिमिला यमीका लागि सात दिनभित्र सुविधा सम्पन्न कार्यकक्षको व्यवस्था नगरिए विभागीय कारबाही गरिने चेतावनी काठमाडौं उपत्यका खानेपानी लिमिटेडका कर्मचारीहरूलाई दिएको समाचार तरुण साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार महिनौंअघि काठमाडौं उपत्यका खानेपानी लिमिटेडको बोर्ड अध्यक्ष बनाइएकी दिदी तिमिलालाई अनेक ताकेता गर्दा पनि कार्यकक्षको व्यवस्था नगरिएपछि मन्त्री यमी आफैं खानेपानी कार्यालय त्रिपुरेश्वर पुगेकी थिइन्। कार्यकारी अध्यक्षलाई मात्रै कार्यकक्ष उपलब्ध गराउने परम्परा रहे पनि मन्त्री यमीको रौद्र रूप देखेपछि बोर्ड अध्यक्ष तिमिलाका लागि पनि सात दिनभित्र कार्यकक्ष उपलब्ध गराउन उपमहाप्रबन्धक ज्ञानेशानन्द बज्राचार्य सहमत भएका हुन।

### प्रचण्ड-बाबुराम फुटाउने प्रयास

डा. बाबुराम भट्टराईको उपादेयता माओवादी पार्टीभित्र करिब-करिब समाप्त हुन लागेको समाचार तरुण साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार सरकारको नेतृत्व अध्यक्ष प्रचण्डले गर्ने भएपछि पार्टीको जिम्मेवारी डा. भट्टराईले सम्हाल्ने अनुमान गरिएको थियो, तर भट्टराईलाई क्रान्तिकारी जनपरिषद्को अध्यक्षबाट मात्र होइन पार्टीका सबै जिम्मेवारीबाट अलग गर्ने तयारी भैरहेको बताइएको छ। अध्यक्ष प्रचण्ड सरकारमा गएपछि कार्यवाहक अध्यक्षका रूपमा पार्टीको कुनै वरिष्ठ नेतालाई जिम्मेवारी दिने प्रस्ताव निकट भविष्यमा बस्ने केन्द्रीय समितिको बैठकमा लान लागिएको एक केन्द्रीय सदस्यले बताएका छन्। ती केन्द्रीय सदस्यका अनुसार अब स्वभाविक रूपमा वरिष्ठ नेता मोहन वैद्य कार्यवाहक अध्यक्ष बन्नेछन्। प्रचण्ड, डा.बाबुराम भट्टराई, मोहन वैद्य आदि नेताहरू सरकारमा नजाने र पार्टी संगठन सुदृढ गर्न लागिपर्ने निर्णय जनयुद्धको अन्तिम चरणताका गरिएको थियो। भारतको सहयोगमा संसदवादी दलहरूसँग सहकार्य गरी राजसंस्था समाप्त गर्न अग्रणी भूमिका निर्वाह गरेका कारण माओवादीभित्र पछिल्ला दिनहरूमा डा. बाबुराम भट्टराई हावी हुँदै गएका थिए। अध्यक्ष प्रचण्डको अत्यन्त निकट रहेर डा. भट्टराईले पार्टीभित्र विस्तार गरेको साखलाई कमजोर गराउन तेस्रो धारका रूपमा मोहन वैद्य, रामबहादुर थापा 'बादल', नेत्रविक्रम चन्दहरूको समूह सक्रिय थियो।

### राजा ज्ञानेन्द्रद्वारा गोप्य वार्ताको प्रस्ताव

राजतन्त्रको अस्तित्व औपचारिक रूपमा नै समाप्त हुने दिन नजिकिँदै जाँदा नेकपा माओवादीका अध्यक्षसँग राजा ज्ञानेन्द्रले भेटघाट गर्ने लालसा प्रकट गरेको समाचार साँघु साप्ताहिकले प्रकाशित गरेको छ। समाचारअनुसार राजा ज्ञानेन्द्रले आफ्नो लालसालाई विभिन्न सम्पर्क सूत्रमार्फत प्रचण्डसमक्ष पठाइसकेका छन्। यद्यपि भेटघाट तथा वार्ताका बारेमा दुई पक्षबीच रहेको प्रक्रियागत भिन्नताले भेटघाट तथा वार्ताको कुरा तय हुन सकेको छैन। सूत्रहरूका अनुसार प्रचण्डसँगको भेट र वार्ताको विषयवस्तु गोप्य रहोस् भन्ने राजाको चाहना छ, तर प्रचण्ड भने भेट र वार्ताको विषय सार्वजनिक हुनुपर्छ भन्ने पक्षमा छन्। एक टेलिभिजन अन्तर्वार्तामा राजाका बारेमा डा. बाबुराम भट्टराईले भनेका कुरा विवादमा आएपछि माओवादी नेतृत्व अझ सतर्क बनेको छ। राजाले आफू नागरिक भएको घोषणा गरे एउटा सामान्य नागरिकले पाउने अधिकार राजालाई प्रदान गर्ने घोषणा माओवादीले गरिसकेको छ। नागरिक बने राजाले उद्योग, व्यापार गर्न अरू नागरिकले जस्तै अधिकार पाउने माओवादीले बताएको छ। आर्थिक मात्र नभै राजनैतिक, सांस्कृतिक, सामाजिक सबै प्रकारका नागरिक अधिकार राजा ज्ञानेन्द्रले पूर्वराजा भएपछि प्राप्त गर्ने कुरा पनि माओवादी नेताहरूले बताउँदै आएका छन्।

# माओवादीलाई कांग्रेसको चेतावनी

**साप्ताहिक समाचार**

काठमाडौं– संविधानसभाको पहिलो बैठक बस्ने तथा नयाँ सरकार निर्माण हुने दिन नजिकिँदै जाँदा प्रमुख दुई दलबीच सम्बन्ध बिग्रदै गएको सङ्केत मिलेको छ। निर्वाचनपछि ठूलो दल भएको नेकपा (माओवादी) द्वारा प्रधानमन्त्रीले तुरुन्तै राजीनामा दिनुपर्ने अभिव्यक्ति सार्वजनिक रूपमा दिएपछि माओवादी अध्यक्ष प्रचण्ड तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबीच सम्बन्ध चिसिएको हो।

माओवादी अध्यक्ष प्रचण्डले प्रधानमन्त्रीसँगको भेटमा सात दलको एकता कायम राख्न आफू दृढ भएको बताए पनि बाहिर सहमति विपरीत बोलेको स्रोतको दावी छ। माओवादीद्वारा आएको राजीनामाको मागप्रति प्रधानमन्त्री कोइरालाले सार्वजनिक रूपमा असन्तुष्टि व्यक्त गरेका छन्। दक्षिण कोरियाद्वारा सिंहदरबारमा स्थापित तथ्यांक भवनको उद्घाटन गर्ने क्रममा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माओवादीको नाम नलिई सबैलाई सहमतिअनुसार चल्न र बोल्न सुझाव दिए। स्रोतका अनुसार कांग्रेस केन्द्रीय कमिटीले माओवादीको सरकारमा नजाने निर्णय गरे पनि गिरिजाप्रसाद कोइरालाले प्रचण्डलाई नयाँ सरकार तथा संविधान निर्माणमा कांग्रेसको महत्त्वपूर्ण भूमिका हुने वचन दिएका थिए। दुई दलका शीर्ष नेताहरूको गत साता बालुवाटारमा भेटवार्ता भएको थियो।

वार्तापछि एक्कासि माओवादीले सार्वजनिक रूपमा प्रधानमन्त्रीको राजीनामा माग गरेपछि दुई दलका शीर्ष नेताहरूबीच सम्बन्ध चिसिएको हो। माओवादीले नयाँ उदाएका मधेसवादी दलसँगको भेटपछि गिरिजाप्रसाद कोइरालाको राजीनामा माग गरेको हो। मधेसवादी दलहरूले पनि प्रधानमन्त्रीको राजीनामाको माग गर्दै आएका छन्।

यसैबेला नेपाली कांग्रेस केन्द्रीय कमिटीको बैठकले नयाँ सरकारमा सामेल हुन माओवादीले सातबुँदे माग पुरा गर्नुपर्ने सर्त अघि सारेको छ। उक्त सर्तअनुसार वाईसीएलको मोर्चा विघटन हुनुपर्ने, माओवादीसँग रहेका हतियारहरू सरकारलाई बुझाउनुपर्ने, माओवादीको कब्जामा रहेका सर्वसाधरणका सम्पत्ति फिर्ता हुनुपर्ने, माओवादीबाट हुँदै आएका ज्यादती बन्द हुनुपर्ने, पुराना सम्झौताहरूको पालन हुनुपर्ने तथा सात दलको एकता कायम राख्न माओवादीको बोली एवं व्यवहारमा सामाञ्जस्यता कायम हुनुपर्ने आदि छन्।

नेकपा (एमाले) को केन्द्रीय बैठकले पनि माओवादीका व्यवहार सच्चिए मात्र नयाँ सरकारमा सहभागी हुने बताएको छ। माओवादीलाई यी सर्त कार्यान्वयन गराउन दुवै दलका कार्यकर्ताहरूले नेतृत्वलाई निरन्तर दबाब दिएका छन्। फलस्वरूप संविधानमा उल्लेख भएको सहमतिअनुसार संविधान तथा सरकार निर्माणको 'स्प्रिट' ओझेलमा परेको छ।

अर्कातर्फ माओवादीले नेपाली कांग्रेस तथा एमालेका तर्फबाट आएका सुझाव कार्यान्वयन नगर्ने बरु एक्लै सरकार बनाउने निर्णय गरेको छ। यसका लागि उसले विगतमा सबैभन्दा तीतो सम्बन्ध भएको मधेसी जनअधिकार फोरमसँग सहकार्यको रणनीति अख्तियार गरेको छ। दुवै दलको घोषणापत्रमा राष्ट्रपतीय प्रणाली लागू गर्ने तथा मधेसलगायतका क्षेत्रलाई जातीय स्वायत्त दिने नीति भएकाले पनि यी दुई दलबीच सहकार्यको सम्भावना बढेको हो। 'असमानता बढी भए पनि मधेसी जनअधिकार फोरम तथा माओवादीका केही कुरामा समानता छ।' मधेसी जनअधिकार फोरमका संयोजक उपेन्द्र यादव भन्छन्– 'मधेसका कुरामा ध्यान दिने हो भने नयाँ सरकारमा जान हामीलाई आपत्ति छैन।'

यही आशयकै कारण फोरमले साधारण बहुमतद्वारा सरकार बनाउन संविधान संशोधनको माग गरेको छ। संविधान संशोधन भएपछि ६ सय १ सदस्य रहने संविधानसभामा ३ सय १ सदस्य पुऱ्याउनेलाई सरकार बनाउने जिम्मा दिइने फोरमको आँकलन छ।

संविधान संशोधन भए नेपाली कांग्रेस तथा नेकपा (एमाले) को सहभागिताबिना नै सरकार बन्न सक्नेछ। यद्यपि अर्को मधेसवादी दल तराई-मधेस लोकतान्त्रिक पार्टीले पनि सरकारमा नजाने निर्णय गरेको छ। पाँचौं ठूलो दल तमलोपा सरकारमा नगए माओवादीलाई नयाँ सरकारका लागि बहुमत जुटाउन हम्मे-हम्मे देखिन्छ। यद्यपि मध्यमार्गका झलनाथ खनाल नेकपा (एमाले) का नयाँ महासचिव बनेपछि भने नेपाली कांग्रेस तथा तमलोपा सरकारमा नगए पनि माओवादीको नेतृत्वमा नयाँ सरकार बन्न सक्छ। एक साताअघि नै झलनाथ खनालले सहमतिका आधारमा सरकार तथा संविधान बन्नुपर्ने आशय व्यक्त गरेका छन्। यस आधारमा नेकपा (एमाले) खनालको नेतृत्वमा सरकारमा सामेल हुने सम्भावना बढेको देखिन्छ।

राजनीतिमा स्थायी शत्रु कोही पनि हुँदैन भन्ने सिद्धान्त मधेसी जनअधिकार फोरम तथा नेकपा (माओवादी) बीच बढ्दै गएको निकटताले देखाएको छ। यही कारण नेपाली कांग्रेस तथा नेकपा (माओवादी) बीच अहिले बढेको दूरी कहिलेसम्म कायम रहन्छ, त्यसको आँकलन भने अहिले नै गर्नु हतार हुनेछ।

## हाम्रो नेपालमा

### बाँसमा फल लटरम्म

बाँस सितिमिती फुल्दैन, बाँस फुल्नुलाई हाम्रो समाजमा अनिकालको संकेतका रूपमा लिइन्छ। बाँसमा फल लाग्ने कुरा अहिलेसम्म सुनिएको थिएन, तर रौतहट जिल्लाको पौराई गाविसका किसान रामसिंह बम्जनको बारीमा रहेको बाँसको बोटमा भेडे खोर्सानीजस्तै देखिने फल लटरम्म फलेपछि अहिले उक्त फल हेर्न त्यहाँ पुग्नेहरूको घुइँचो बढ्दै गएको छ। समाचारअनुसार यसरी फल लागेको बाँस बम्जनले पाँच वर्षअघि रोपेका थिए। बाँसको बिक्रीबाट आम्दानी गर्ने सोच बनाएका कृषक बोम्जनलाई यतिखेर बाँसको बोटमा फल फलेको देख्दा त्यसलाई के गर्ने भन्ने अन्यौल परेको छ।

### पानी नपरेपछि



लामो समयदेखि पानी नपरेपछि भोजपुरका विभिन्न स्थानमा पानी पर्ने आशासहित देवीको पूजा गरिएको छ। समाचारअनुसार भोजपुर सदरमुकाममा सयौं स्थानीयवासीको उपस्थितिमा पानी पर्ने कामनासहित संसारी माई देवीलाई बोका, पाठी, कुखुरा र परेवाको बली दिनेहरूको संख्या बढ्दै गएको छ। पानी नपरेपछि स्थानीयबासीले भोजपुर सदरमुकामस्थित सिद्धकाली मन्दिरनजिकै संसारी माईलाई बलि दिने गरेका छन्। त्यसै गरी पानी पर्ने अपेक्षासहित जिल्लाको आम्तेक, श्यामसिला र च्याङ्ग्रे आदि गाविसमा समेत पूजा गरिएको छ। संसारी माइको पूजा गरेपछि पानी पर्ने जनविश्वास भएकाले पनि यस्तो पूजा गरिएको हो।

### कार्यालयमा मोबाइल ? फैसला सुनौं

कार्यालयभित्र मोबाइल फोन चलाउनु हुन्छ कि हुँदैन ? त्यसले काममा असर पार्छ कि पार्दैन ? हरेकका आफ्नै व्याख्या र अनुभव हुन सक्छन्। कार्यालयको काममा अवरोध नपुर्‍याउने गरी कर्मचारीले मोबाइल साथमा राख्न मिल्ने फैसला श्रम अदालतले गरिदिएको छ। पाटनढोकास्थित नेपाल वायर्न इलेक्ट्रिक प्रा.लि.ले कार्यालय परिसरभित्र कामदार कर्मचारीलाई दुई वर्षदेखि मोबाइल बोक्न निषेध गरेको थियो। त्यसको उल्लंघन गरेको भन्दै कम्पनीले नसिहत सजाय दिएको करिब एक दर्जन मजदुरले अदालतमा मुद्दा दायर गरेका थिए। सूचना प्रविधिको आधुनिक युगमा राज्यले नागरिकलाई उपलब्ध गराएको सञ्चारको सशक्त माध्यम आफ्नो साथमा बोकेर हिंड्दैमा त्यसलाई खराब आचारण मानी सजायभागी बनाउनु न्यायोचित हुँदैन, न्यायाधीश शेषराज शिवाकोटीले यही वैशाख १७ गतेको फैसलामा भनेका छन्। यसरी मोबाइलको प्रयोग रोक्ने कामलाई अदालतले वैज्ञानिक उपलब्धि र प्रगतिलाई प्रयोगशून्य बनाउने हास्यस्पद काम समेत भनेको छ।

### अनौठो सजाय

साँढे मारियो भने, साँढे मार्नेले कस्तो सजाय पाउला ? यो कानुनको कुरो हो, तर बर्दिया जिल्लाको मोहम्मदपुर गाविस वडा नम्वर ४ डल्लापुरका मालती खटिक र उनका छोरालाई भने स्थानीय गाउँ पञ्चायतले 'पाप कटाउन' आग्रह गर्दै १५ महिनाका लागि गाउँ निकाला गरेको छ। यो १५ महिना उनीहरूले भिक्षा मागेर जीवन गुजारा गर्नुपर्ने छ। त्यतिमात्र नभै पञ्चायतले खटिक बाबुछोराले तीर्थाटन, पूजापाठबाट मात्र आफ्नो पापको मोचन गर्न सक्ने फैसला गरेको छ। समाचारअनुसार खटिक बाबुछोराले तन्त्रमन्त्र गरी साँढेलाई मारेको आरोप छ।

## चोरी विवाहमा विश्वास गर्छन् पहरी जाति

इलाम– इलामको उत्तरपूर्वी नयाँबजार गाविसमा बसोबास गर्ने पहरी जातिको धर्म र संस्कार हिन्दू नै हो तर पनि वैवाहिक परम्परा भने फरक छ। सुन्दै आश्चर्य लाग्ने वैवाहिक संस्कार छ। ब्राम्हण तथा क्षेत्री समुदायमा केटी भगाएर विवाह गर्दा नराम्रो मानिन्छ, तर त्यसको विपरीत पहरी जातिमा भने मागी विवाहलाई मान्यता दिइँदैन। उनीहरू भन्छन्– 'हामीलाई मागी विवाह फाप्दैन।' गाविसको रिटाममा रहेका पहरी समुदाय हिन्दू संस्कारमा आस्था राख्ने भए पनि उनीहरूको विवाह संस्कार अनौठो भए पनि पुरेत भने ब्राह्मण नै हुन्छन्।

'हाम्रो जातमा चोरी विवाह मात्र चल्छ।' आफ्ना पुर्खा भारतको दार्जीलिङस्थित सुकियापोखरीबाट आएको बताउने रूपनारायण पहरी भन्छन्– 'मागी विवाह गर्‍यो भने श्रीमती मर्छे कि पोइल जान्छे।' रूपनारायणका अनुसार उनका बुवाले मागी विवाह गर्दा उनकी जेठी आमा विवाह गरेको दुई दिनमै अर्कैसँग गएकी थिइन्। 'त्यसैले यहाँका युवा हुन् वा बूढा सबैले भगाएरै विवाह गरेका छन्।' उनले बताए।

घरमा केटाले कुनै केटी भगाएर ल्याए केटाको परिवारले साइत हेरेर वरपीपललाई साक्षी राखेर विवाह गरिदिन्छन्। 'उनीहरूको जीवन पनि वरपीपलजस्तै बनोस् भन्ने विश्वासमा हामी त्यहाँ विवाह गरिदिन्छौं।' स्थानीय सुकमाया पहरीले भनिन्।

नयाँबजारमा १० घर पहरी छन्। यहाँका अधिकांश युवा रोजगारीका लागि नजिकैको भारतीय सहर जाने गरेका छन्। 'कोही विदेश र भारतीय सेनामा पनि छन्।' युवा हरि पहरीले भने– 'श्रीमतीहरूले घरको काम हेर्छन्, श्रीमान्चाहिँ पैसा कमाउन जान्छन्।' यहाँ सेता र काला गरी दुई प्रकारका पहरी छन्। उनीहरूको संस्कारअनुसार सेताले काला र कालाले सेतासित विवाह गर्न पाउँछन्। उनीहरू शिशु जन्मिएको २२ दिनमा न्वारन गर्छन् भने दसैं-तिहारमा रातो टीका लगाउँछन्। पहरीहरू थामी, अधिकारी, राई तथा तामाङ समुदायका युवतीहरूसँग विवाह गर्छन्।

**–नेमिष गौतम**

## कान्तिपुर समाचार डायरी

### मुद्रास्फीति सात प्रतिशतभन्दा बढी

चालू आर्थिक वर्षको पहिलो ८ महिनामा मुद्रास्फीति दर ७ दशमलव २ प्रतिशत पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ। नेपाल राष्ट्र बैंकले जारी गरेको पछिल्लो तथ्यांकअनुसार गत वर्षको यसै अवधिमा नेपालमा मुद्रास्फीति दर ६ दशमलव २ प्रतिशत थियो। चामल तथा चामलजन्य पदार्थ र तेल तथा घिउमा भएको उच्च मूल्य वृद्धिका कारण समग्र मूल्य स्थितिमा चाप पर्न गएको राष्ट्र बैंकले जनाएको छ। समीक्षा अवधिमा काठमाडौं उपत्यका, तराई र पहाडको सूचकांकमा क्रमशः ७ प्रतिशत, ७ दशमलव १ प्रतिशत र १ दशमलव ५ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ६ दशमलव ४ प्रतिशत, ६ दशमलव ५ प्रतिशत र ५ दशमलव २ प्रतिशत थियो। ०६४ फागुनमा वार्षिक विन्दुगत अन्तर्निर्हित मुद्रास्फीति ६ दशमलव १ प्रतिशत थियो। गत आर्थिक वर्षको सोही अवधिमा मुद्रास्फीति ६ दशमलव ८ प्रतिशत रहेको केन्द्रीय बैकले जनाएको छ।

### सभासदलाई मासिक पौने तीन करोड

संविधानसभाका ६ सय १ सदस्यको तलब सुविधामा मात्रै राज्यले मासिक झन्डै ३ करोड खर्च गर्नुपर्ने भएको छ। प्रत्येक सभासद्ले विभिन्न शीर्षकमा मासिक ४५ हजार ५ सय ९८ रुपैयाँ पाउनेछन्। संविधानसभाका अध्यक्ष तथा उपाध्यक्षलाई पनि संसद्को सभामुख तथा उपसभामुखको बराबर तलब सुविधा उपलब्ध गराउने निर्णय गरिएको छ। संविधानसभाका अध्यक्षले आवासका लागि मात्रै मासिक २९ हजार रुपैयाँ पाउनेछन्। अध्यक्षको मासिक पारिश्रमिक २८ हजार ८ सय रुपैयाँ हुनेछ भने मसलबन्दबापत मासिक २ हजार ५ सय रुपैयाँ, पत्रपत्रिकाका लागि मासिक ३ सय रुपैयाँ, पेट्रोल मासिक ५० लिटर र मोविल त्रैमासिक रूपमा १० लिटर पाउने छन्। संविधानसभाका उपाध्यक्षका लागि मासिक पारिश्रमिक २४ हजार ३ सय रुपैयाँ निर्धारण गरिएको छ। यस्तै धारा र बिजुलीका लागि मासिक ६ हजार ७ सय रुपैयाँ, आवासका लागि १० हजार रुपैयाँ, मसलन्दका लागि मासिक १ हजार ७ सय रुपैयाँ, पत्रपत्रिकाका लागि मासिक ३ सय, पेट्रोल मासिक २ सय लिटर र मोबिल त्रैमासिक रूपमा ५ लिटर उपलब्ध गराइने भएको छ। धारा, बिजुली र टेलिफोन शुल्क सरकारले बिलअनुसार नै भुक्तानी गर्ने भएको छ। संविधानसभा सदस्यहरूले मासिक पारिश्रमिक २३ हजार १ सय रुपैयाँ, धारा र बिजुली महसुलबापत मासिक १ हजार २ सय ४८ रुपैयाँ, टेलिफोनवापत मासिक २ हजार रुपैयाँ, आवास बापत मासिक ६ हजार ५ सय रुपैयाँ मसलबन्दबापत मासिक १ हजार रुपैयाँ तथा पत्रपत्रिकाका लागि मासिक ४ सय रुपैया पाउनेछन्।

## सिरुवामा मेलैमेला

सुनसरी–थारु भाषाका आधा दर्जन चलचित्रमा अभिनय गरिसकेका राजेन्द्र भगत चौधरीले वैशाखभरि ५० भन्दा बढी मेला भरे। सुनसरी र मोरङका ग्रामीण क्षेत्रमा आयोजित अधिकांश मेलामा उनी पुगे। 'वैशाख महिना मेलामै बित्यो,' चौधरी भन्छन्– 'थारु समुदाय आफ्नो संस्कृतिप्रति अझै जागरूक छ भन्ने मेलामा भएको सहभागिताले देखाउँछ।' कोसीपारिका थारू समुदायलाई वैशाखभरि मेलाको चटारो रह्यो। सिरुवा भनिने यो पर्वको मेला धार्मिक दृष्टिले मात्र नभै सम्बन्ध स्थापनाको पनि कडी मानिन्छ। केटाकेटीदेखि वृद्धसम्म सबैले घण्टौं हिंडेर मेला भरेको देखियो। थान (पूजा गर्न बनाइएको स्थल) मा लाग्ने मेलामा थारूहरू वर्षभरि गरेको दुःख बिसाउँछन्, मीठा परिकार खान्छन् अनि भगवान्को पूजासमेत गर्छन।

मेलामा दुई परिवारले केटाकेटी देखाउने र सम्बन्ध स्थापनासमेत हुने गरेको छ। सुनसरीको पकली, झुम्का, औरावनी, दुहबी, खनार, मधेलीलगायतका गाविसमा विशेष मेला लाग्छ। 'थारु समुदायका गरिब-धनी सबैले समान ढंगले यो पर्व मनाउँछन्,' थारू कल्याणकारी सभा, सुनसरीका सभापति मिलिराम चौधरीले बताए। सरकारले यसै पालादेखि सिरुवामा एक दिन बिदा लिने घोषणा गरेको छ। वैशाख १ देखि ३१ गतेसम्म चल्ने यो पर्वको रौनक वैशाखको पहिलो साता र अन्तिम साता विशेष हुन्छ। यस अवसरमा मेलामा भारतीय सर्कस ल्याउने तथा नाचगान गर्ने चलन छ।

'सिरुवाकै अवसर पारेर हाम्रो समुदायमा महत्त्वपूर्ण कार्यको थालनी हुन्छ,' अध्यक्ष चौधरी भन्छन्– 'वैशाखमा गरिएको कामबाट फलिफाप हुन्छ भन्ने जनविश्वास छ।' सिरुवाकै अवसरमा थारु भाषाको चलचित्र 'हमर दिल चारल्के अचरावाली' प्रदर्शन हुन थालेको छ भने थारू भाषाकै पहिलो धार्मिक चलचित्र 'कृष्ण कन्हैया' को



मुहूर्त पनि भएको छ। 'सिरुवामा अरू समुदायको पनि उल्लेख्य सहभागिता रहने गरेको छ' 'कृष्ण कन्हैया' का निर्देशक केशवराम माझी भन्छन्। सुनसरी र मोरङका तीन दर्जनभन्दा बढी गाविस थारू बाहुल्य क्षेत्र मानिन्छन्। यी क्षेत्रमा बन्द भएका सिनेमा हल पनि एक महिनाका लागि भए पनि खुला हुन्छन्।

**–शंकर खरेल**

# कता जाँदैछन् कलेजका विद्यार्थीहरू



आजभोलि रेष्टुराँ, सपिङ सेन्टर, विभिन्न पार्क तथा हलहरूका बिहानीका सोहरू निकै खचाखच हुन्छन् । यी स्थान खचाखच भरिनकै लागि हुन्, यसमा अचम्म मान्नुपर्ने त खासै त्यस्तो केही छैन तर चलचित्र हलहरूबाट विभिन्न कलेजका विद्यार्थीहरू कलेजको पोसाकमै बाहिर निस्किएको दृश्यले भने सबैलाई अचम्मित तुल्याउँछ । यो दृश्यले के सोच्न बाध्य पार्छ भने जहाँबाट ती विद्यार्थी निस्कँदैछन् त्यो कुनै क्याम्पस हो कि भन्ने लाग्छ । चलचित्र हलभित्र गएर हेर्दा प्रायः विद्यार्थीको हुलले भरिएको सिट देख्दा कुनै विषयको पढाइ भैरहेको हो कि भनेर झुक्किने स्थिति बढ्दै गएको छ ।

समय गतिशील छ, परिवर्तनशील छ, समयअनुसार समाज पनि परिवर्तन हुनुपर्छ । आज समयअनुसार आफूलाई ढाल्न रुचाउनेहरूमा बढी संख्या विद्यार्थीहरूको छ जो भविष्यका कर्णधार हुन् । यिनै भविष्यका कर्णधार, दरिलो खम्बा तथा सुन्दर भविष्यमध्ये अधिकांश विद्यार्थीहरू कलेज जाँदा बाटोमा पर्ने चलचित्र भवनतिर लम्किन पछि पर्दैनन् । यसरी कलेजको साटो चलचित्र भवनतिर मात्र नभएर उपत्यकाका विभिन्न चोक, पार्क, रेस्टुराँ, साइबरका साथै अन्य स्थलहरूमा पनि त्यस्ता विद्यार्थीहरू भेट्न सकिन्छ जो घरबाट कलेजका लागि निस्कन्छन्। विद्यार्थीहरू आकर्षित हुने यी गन्तव्यहरूमा विद्यार्थीहरूलाई अरू दिनभन्दा शुक्रबारको दिन बढी मात्रामा देख्न सकिन्छ ।

बुद्धनगरबाट बानेश्वरस्थित कलेजमा पढ्न आउने आशिष कलेजको पोसाकमा चावहिलबाट फर्किएका भेटिन्छन् । उनी चावहिलको एक चलचित्र हलबाट फर्किएका हुन्,सधैं कलेजको पढाइ गरिरहँदा मस्तिष्क थाक्छ त्यसैले कहिलेकाहीँ पढाइभन्दा मनोरञ्जन पनि गर्नुपर्ने भएकाले कलेजको साटो चलचित्रहलतिर लागेको आशिष बताउँछन् ।

त्यसैगरी जावलाखेल कलेजमा अध्ययनरत सुमन पनि कलेज जान घरबाट त निस्कन्छन् तर उनी कलेज नगएर ग्वार्कोस्थि चलचित्र हलतिर लाग्छन् । कलेजमा शिक्षकहरूले गाली गर्दैनन् भन्ने प्रश्नमा सुमन हाँस्दै भन्छन्– ‘स्कुलको जस्तो कलेजमा विद्यार्थीको उपस्थिति भयो कि भएन भनेर वास्ता गरिंदैन त्यसैले परीक्षाअघि मात्र कलेज गइन्छ अरू समय साथीहरूसँग घुम्न, रमाइलो गर्न गइन्छ ।

यता शंखपार्कमा भेटिएका युगल जोडी पनि कलेजको साटो एकान्त ठाउँहरूमा समय बिताउन चाहन्छन् । उनीहरू एउटै कलेजमा अध्ययनरत भए पनि छुट्टाछुट्टै कक्षा भएका कारण सँगै समय बिताउनका लागि कलेज छोड्नुपर्ने बाध्यता भएको बताउँछन् । सार्वजनिक बिदा भएको समयमा घरबाट घुम्न जाने भनेर निस्कन नमिल्ने भएकाले कलेज लागेको समयमा कलेज नगई घुम्न जाने गरेको पनि उनीहरूले बताए ।


मानिसको विचार फरक-फरक हुन्छ । कोही मनोरञ्जन गर्न कलेज जाँदै छन् भने कोही आफ्नो प्रेम मिलनका लागि । मैतीदेवीस्थित एक कलेजमा अध्ययनरत एक विद्यार्थीका अनुसार मानिस भएर जन्मिएपछि सबै कुराको अनुभव बटुल्न सक्नुपर्छ । उनी उत्साहित हुँदै थप्छन्- शिक्षकहरूको लेक्चर सुन्दा-सुन्दा दिक्क लागेर होला विद्यार्थीहरू फ्रेस हुन कलेज छोड्छन् ।

विद्यार्थीहरूले कलेज छाड्नुको कारणका सम्बन्धमा अभिभावक र शिक्षकहरू के भन्छन् त ? जावलाखेलस्थित एक कलेजमा अध्यापनरत एक शिक्षकका अनुसार जब विद्यार्थीहरू स्कुल जीवन सकेर कलेजमा प्रवेश गर्छन् आफूलाई ठूलो भएको मान्छन् जसका कारण उनीहरू आफू स्वतन्त्र भएको अनुभव गर्छन् भने अभिभावकहरूले पनि आफ्नो छोराछोरीप्रति ध्यान दिन छाड्छन् । समय-समयमा विद्यालय गएर आफ्ना छोराछोरीका बारेमा बुझ्ने अभिभावकहरू पनि छोराछोरी कलेजमा अध्ययन गर्ने भएपछि आफ्ना छोराछोरीले आफ्नो ध्यान आफै दिनसक्ने सोच्छन् जसका कारण ती विद्यार्थीहरू बाटो बिराउन थाल्छन् ।

यसरी विभिन्न पक्षको कमी-कमजोरीले गर्दा कलेजका विद्यार्थीहरू कलेजको बाटो बिर्सदैछन् । यसो हुनुमा कुनै एक पक्ष मात्र नभै सबै पक्ष जिम्मेबार हुने भएकाले सबै पक्षले विद्यार्थीहरूको गतिविधिप्रति ध्यान दिँदै कुनै कदम चाल्नु आवश्यक भैसकेको छ ।

**– अरुणा भट्टराई**

# पुस्तक मेला र शैक्षिक प्रर्दशनीको आकर्षण



गत साता भारतीय चलचित्रका पुराना नायक देवानन्द नेपालमा निकै चर्चामा रहे । उनी पुस्तक मेलामा अतिथि बनेर आएका थिए । देवानन्दले आफ्नो पुस्तक रोमान्सिङ विथ लाइफलाई नेपालमा पुनः सार्वजनिक गरे । आठ दशक उमेर पार गरिसकेका देवानन्दले आफ्नो छ दशक लामो चलचित्र जीवनका अनुभवलाई यो पुस्तकमा समेटेका छन् ।

लेखक शिव खेराको ‘यू क्यान विन’ नामक पुस्तक पनि चर्चामा रह्यो । खेराको भनाइ छ– ‘प्रत्येक व्यक्ति जीवनमा सफलता प्राप्त गर्न चाहन्छ र प्रत्येक व्यक्तिलाई यसका लागि सहयोग र उत्प्रेरणा चाहिन्छ । सफलता प्राप्त गर्न विभिन्न विषयका पुस्तक अध्ययन गर्नुपर्छ। जिन्दगीलाई अघि बढाउन प्रेरणादायी मानिएको ‘यू क्यान विन’ पुस्तक विश्वभर लगभग १५ लाख प्रति बिक्री भैसकेको छ ।’

‘माइक्रोसफ्टदेखि बाहुनडाँडासम्म’ जोन उडको कृति हो । जोन उड पहिले प्रख्यात कम्पनी माइक्रोसफ्टमा काम गर्थे । नेपालमा घुम्न आएको समयमा उनले नेपाली विद्यार्थीहरूको दयनीय अवस्था देखे । त्यसपछि पुस्तक र अन्य शैक्षिक सामग्रीको अभावमा पढ्नबाट वञ्चित भएकाहरूलाई सहयोग गर्ने उद्देश्यले उनले माइक्रोसफ्टको जागिर छोडे र रुम टु रिड नामक संस्थाको स्थापना गरे । ‘माइक्रोसफ्टदेखि बाहुनडाँडासम्म’ पुस्तकमा जोन उडले माइक्रोसफ्ट छोड्नुको कारण र त्यसपछिका कुरालाई रोचक ढंगले वर्णन गरेका छन् । नारायण वाग्लेको ‘पल्पसा क्याफे’ यो वर्ष पनि चर्चामा रह्यो ।

कुन्द दीक्षितको लडाइँमा जनता पुस्तकमा नेपालमा १० वर्षे द्वन्द्वको समयमा भएका विभिन्न घटनाका वास्तविक तस्बिरहरू राखिएका छन् ।

पुस्तक र शैक्षिक मेलाको १२ औं संस्करणमा उपरोक्त पुस्तकहरू निकै चर्चित रहे । राष्ट्रिय पुस्तक विक्रेता र प्रकाशक संघ तथा ग्लोबल एक्स्पोजिसन एन्ड म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.ले संयुक्त रूपमा आयोजना गरेको पुस्तक मेला भोलि जेठ ४ गतेसम्म चल्नेछ ।

**अर्को चासो शैक्षिक प्रदर्शनीमा**

राजधानीमा सञ्चालित पुस्तक तथा शैक्षिक प्रदर्शनीमा युवाको चाहना आफ्नो भविष्यतिर केन्द्रित देखिएको छ । देशविदेशका विभिन्न शैक्षिक संस्था विद्यार्थीको ध्यान आफूतिर केन्द्रित गर्नमा प्रयासरत छन् । युवाको ध्यान पुस्तकका स्टलमाभन्दा पनि बढी विदेश पढ्न जान सघाउने परामर्श केन्द्र एवं शैक्षिक संस्थाका स्टलमा बढी देखियो । यो लहरमा राजधानीमा रहेका कलेजहरू पनि छन् र उनीहरूले पनि विद्यार्थीको ध्यान खिचिरहेका छन् ।

नेपालका नाम चलेका कलेज तथा अन्य शैक्षिक संस्थाहरू त यो भीडमा हुने नै भए । भारत र अन्य मुलुकका विभिन्न कलेजले समेत आफ्ना प्रतिनिधिहरू राखेर आफ्नो कलेजका बारेमा जानकारी प्रदान गरिरहेका छन् । यस्ता परामर्श स्थलमा नेपाली प्रतिनिधिसमेत भेटिन्छन् । यो अवस्थामा नेपाली विद्यार्थीहरू नेपाली भाषामै त्यहाँका बारेमा जान्न पाएका छन् । भारतबाहेक बंगलादेश, जापान, थाइल्यान्ड, क्यानाडा, बेलायत, अमेरिका, अस्ट्रेलियाका कलेजहरूको पनि यो प्रदर्शनीमा संलग्नता छ । पछिल्लो समयमा नेपाली विद्यार्थीहरूका लागि यी देशका कलेज आकर्षणको केन्द्र बन्दै गएका छन् । यही कुरालाई ध्यानमा राखेर उनीहरू यस प्रकारको मेलामा सहभागी भएको बताउँछन् ।

मेलामा १ सयभन्दा बढी शैक्षिक परामर्श केन्द्र सहभागी छन् । परामर्श पाउने चाहनामा कक्षा ६ देखि एमफिलसम्म अध्ययनरतहरूको लस्कर देख्न पाइन्छ । कतिपय विद्यार्थी स्कुल र कलेज ड्रेसमै आएका भेटिन्छन् भने कतिपय सामान्य पोसाकमा । विद्यार्थी, अभिभावक, लेखक, प्रकाशक, शिक्षण संस्था, परामर्शदाता, व्यवसायी आदि एकै स्थानमा भेला भएको यो मेला शैक्षिक क्षेत्रका लागि उल्लेखनीय बनेको छ । यी सबैलाई एकै स्थानमा भेला गराई शैक्षिक गुणस्तर वृद्धि गर्ने उद्देश्यले प्रत्येक वर्ष यस प्रकारको मेला आयोजित गरिँदै आएको छ । यो मेलाको बाऱ्हौं संस्करण हो । यस पटकको मेलामा विभिन्न प्रकाशन संस्था, विद्यालय, कलेज आदिका साथै विभिन्न परामर्श संस्था पनि सहभागी छन् । आगन्तुकहरूको सुविधालाई ध्यानमा राखी मेलालाई २ भागमा विभाजन गरिएको थियो । हल कमा सञ्चालन भएको शैक्षिक प्रदर्शनी बुधबार नै समाप्त भयो भने हल ‘ख’ मा अझै पनि पुस्तक प्रदर्शनी सञ्चालन भैरहेको छ । यो प्रदर्शनी भोलि शनिबारसम्म चल्नेछ । एक लाखभन्दा बढी आगन्तुकले अवलोकन गर्ने लक्ष्य लिइएको यस प्रकारको प्रदर्शनीलाई शैक्षिक मेलाका रूपमा लिइन्छ । यसले यस क्षेत्रमा लगानी तथा रोजगारीका सम्भावनाहरू सिर्जना गर्दै नेपालको शैक्षिक गुणस्तर माथि उठाउन भूमिका निर्वाह गर्ने विश्वास आयोजकहरूले लिएका छन् ।

# मोबाइल एक्स्पोको चहल-पहल

साप्ताहिक समाचार

तारहित मोबाइल प्रविधिसँग सम्बद्ध पहिलो 'मोबाइल एक्स्पो-२००८' हिजो बिहीबारदेखि त्रिपुरेश्वर युनाइटेड वर्ल्ड ट्रेडसेन्टरस्थित डाइरेक्सन एक्जिविसन एन्ड कन्भेन्सन सेन्टरमा प्रारम्भ भएको छ। मोबाइल सेवा प्रदायक, डिलर, होलसेलर, मर्मतकर्ता, खुद्रा व्यापारी र उपभोक्ता सबैलाई एउटै छातामुनि समेट्ने उद्देश्यले आयोजित मोबाइल एक्स्पो आगामी आइतबारसम्म चल्नेछ। मोबाइल एसोसिएसन अफ नेपाल (म्यान) को आयोजनामा भैरहेको मोबाइल एक्स्पोमा तारहित प्रविधिको क्षेत्रमा विकास भएका विभिन्न नयाँ उपकरणहरू आकर्षणमा छन्।

'मोबाइलसम्बन्धी विभिन्न जिज्ञासा मेटाउन तथा समस्याहरू निराकरण गर्न सहज होस् भनेर हामीले मोबाइल एक्स्पो आयोजित गरेका हौं', आयोजक म्यानका अध्यक्ष अम्बिकाप्रसाद ढकालले साप्ताहिकसँग भने- 'यसबाहेक तारहित सञ्चारको क्षेत्रमा आएका नयाँ प्रविधि एवं उपकरणका बारेमा व्यवसायी एवं उपभोक्ताले पनि अन्तर्क्रिया गर्न पाउनेछन्।'

मोबाइल फोन तथा अन्य तारहित प्रविधिको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका ६० भन्दा बढी कम्पनीको सहभागिता रहेको यो एक्स्पोलाई ४० हजार दर्शकले अवलोकन गर्ने विश्वास लिइएको आयोजकहरूले बताएका छन्।

मोबाइल एक्स्पोमार्फत विभिन्न व्यवसायी कम्पनीले आफ्ना आकर्षक कार्यक्रम पनि सार्वजनिक गरिरहेका छन्। मोबाइल रिङ टोन, भिडियो, डाउनलोडिङ-अपलोडिङ मोबाइल



सफ्टवेयर सेवा एक्स्पो अवलोकन गर्ने दर्शकहरूले पाउनेछन्।

बजारमा भर्खरै भित्रिएका नयाँ मोडलका मोबाइल फोन पनि एक्स्पोका आकर्षण बन्नेछन्। एप्पल कम्पनीको आइफोन, गुगलको जीफोनलगायत नोकियाका एनसेभेन्टी र एननाइन्टी मोडलका बारेमा अवलोकनकर्ताले विस्तृत जानकारी पाउनेछन्। एप्पलको आइफोन आइपड र मोबाइलको फ्युजनका रूपमा निर्माण भएको सेट हो भने गुगलले बजारमा ल्याएको जी फोन अहिलेसम्मकै पछिल्लो प्रविधिमा निर्माण भएको सेट हो। हाइस्पिड इन्टरनेट कनेक्सन भएको जी फोनमा जुनसुकै साइबरमा बसेर पनि वाईफाई सिस्टम चलाउन सक्ने प्रविधि छ।



मोबाइल एक्स्पोकै अवसर पारेर तीन दिन लगातार सेमिनार पनि सञ्चालन हुने भएको छ। नेपाल दूरसञ्चार प्राधिकरण, स्पाइस नेपाल, नेपाल टेलिकमका प्रतिनिधिविज्ञले आफ्ना कम्पनीका सेवा तथा योजनाबारे सेमिनारमा कार्यपत्र पेस गर्ने बताइएको छ। त्यस्तै मोबाइल उपकरण विकास तथा विस्तार गरिरहेका सामसुङ, नोकिया, एलजी आदि कम्पनीले पनि सेमिनारमा सहभागिता जनाउनेछन्।

**करिब एक वर्षअघि मात्र स्थापना भएको मोबाइल एसोसिएसन अफ नेपाल (म्यान)ले पहिलो पटक मोबाइल एक्स्पो आयोजित गरिरहेको छ। तारहित प्रविधिको क्षेत्रमा कार्यरत सञ्चारक्षेत्रका सबै स्टेकहोल्डरलाई समेट्ने उद्देश्य राखेको म्यानले मोबाइल क्षेत्रका बारेमा विविध जानकारी दिलाउने उद्देश्यले यो एक्स्पो आयोजित गरेको हो। मोबाइल एक्स्पोसँग सम्बन्धित रहेर म्यानका अध्यक्ष अम्बिकाप्रसाद ढकालसँग गरिएको कुराकानी :**



**मोबाइल एक्स्पो गर्नुको मूल उद्देश्य ?**

मोबाइलसम्बन्धी विभिन्न जिज्ञासा मेटाउन, यसभित्रका समस्या निराकरण गर्न, नयाँ प्रविधिका सम्बन्धमा जानकारी गराउन र यो क्षेत्रसँग सम्बन्धित व्यापारी तथा उपभोक्तालाई एउटै छातामुति ल्याएर दुवैका बीच सहज सम्बन्धको विकास गर्ने उद्देश्यले मोबाइल एक्स्पोको आयोजना गरिएको हो।

**मोबाइल प्रविधिमा देखिएका समस्या कस्ता छन् नि ?**

केही दिनअघि मात्र तनहुँमा ब्याट्री पड्केर १४ वर्षीया बालिका मीना गुरुङ सख्त घाइते भइन्। मोबाइल सेटमा देखिएको समस्या हो यो। अहिले नेटवर्किङमा पनि त्यत्तिकै समस्या छ। मोबाइल बिक्री-वितरणमा रहेको अस्वस्थ प्रतिस्पर्धाका कारण उपभोक्ताहरू मारमा परिरहेका छन्। त्यसबाहेक मोबाइल चोरी तथा लुटपाटको घटना पनि बढ्दै गएको छ। हामी हराएको मोबाइल सेटलाई सजिलै कसैले किन्न नसक्ने वातावरण बनाउन काम गरिरहेका छौं। मोबाइल सेटको पहिचान राख्न आइडेन्टीटी नम्बरलाई सञ्चालनमा ल्याउने अभ्यास पनि भैरहेको छ।

**एक्स्पो व्यापारीहरूका निम्ति आयोजित गरिएको हो ?**

ट्रेडको युग भएकाले व्यापारीहरूको सहभागिता देखिनु वा एक्स्पो, व्यापारसँग सम्बन्धित हुनु सामान्य कुरा हो, तर एक्स्पोको आयोजना व्यापारीदेखि उपभोक्तासम्म सबैलाई हो। मोबाइलसँग सम्बन्धित धेरै विषयमा पर्याप्त जानकारी पाउन नसकेकाहरूले यो एक्स्पोमार्फत जानकारी पाउने हामीले विश्वास लिएका छौं।

**मोबाइल एक्स्पोमा नयाँ के देख्न पाइन्छ ?**

धेरैवटा कम्पनीले आफ्ना नयाँ कार्यक्रम एक्स्पोमार्फत सार्वजनिक गर्ने बताएका छन्। एलजी कम्पनीले ९ घण्टा टकटाइम भएको मोबाइल सेट तथा सामसुङले नयाँ ब्रान्डको मोडल सार्वजनिक गर्दैछन्। एक्स्पोमा पछिल्लो प्रविधि एडीएसएलका विभिन्न उपकरणका सम्बन्धमा पनि जानकारी पाइनेछ। एक्स्पोमा आइफोन, जिफोन आदिका बारेमा पनि जानकारी पाउन सकिन्छ।

**सर्वसाधारण उपभोक्ताका निम्ति एक्स्पो कत्तिको लाभदायी छ ?**

सर्वप्रथम त मोबाइल फोन र त्यसका उपकरणका बारेमा उपभोक्ताले सीधै उत्पादक तथा व्यवसायीसँग अन्तर्क्रिया गर्न पाउनेछन्। मोबाइल कसरी हेन्डलिङ गर्ने, मर्मतका निम्ति कहाँ जाने, सुरक्षित उपाय कसरी अपनाउनेजस्ता कुरा पनि उपभोक्ताले थाहा पाउनेछन्। शुल्कमा एकरूपता नहुँदा उपभोक्ता ठगिइरहेको अवस्थामा एक्स्पोमा स्वस्थ प्रतिस्पर्धाअन्तर्गत बाहिरी बजारको तुलनामा सस्तो मूल्यमा मोबाइल सेट खरिद गर्न पाउनेछन्।

# विज्ञान तथा प्रविधि प्रदर्शनी

काठमाडौं– पुल्चोकस्थित इन्जिनियरिङ क्याम्पसको परिसरभित्र बृहत् प्रविधि महोत्सव सम्पन्न भएको छ। पुल्चोकस्थित इन्जिनियरिङ क्याम्पस तथा लोकस परिवारको संयुक्त आयोजनामा सिभिल इन्जिनियरिङ, इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल विषयसँग सम्बन्धित विभिन्न आठ विधालाई समेटेर आयोजित उक्त प्रदर्शनीमा १५ वटा कलेजका २ सय ५० विद्यार्थीले आफूले विकास गरेका प्राविधिक उपकरण तथा कम्प्युटरसँग सम्बन्धित सफ्टवेयर एवं हार्डवेयर प्रदर्शन गरेका थिए।

विभिन्न विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङका विद्यार्थीहरूबीच प्रतिस्पर्धा गराउने तथा त्यस्ता विद्यार्थीहरूको क्षमता अभिवृद्धि एवं क्यारियर विकासमा टेवा पुर्‍याउने र प्राविधिक विकासका सम्भावनालाई उजागर गर्ने उद्देश्यले उक्त महोत्सव आयोजित लोकसका जनसम्पर्क अधिकृत कृष्ण पाण्डे बताउँछन्। विद्यार्थीहरूलाई पहिले नै विभिन्न विषय दिएर तयार गर्न लगाइएको प्रोजेक्टमध्ये ५ सय मिटरदेखि १ किलोमिटर माथि उचाइमा पानी फाल्ने र पानीकै सहायताबाट चल्ने उपकरण, अटोमेटिक ट्रलीबस, बैंकलगायत सहरी क्षेत्रका घरहरूको सुरक्षा गर्ने कम्प्युटर प्रविधि जडान भएको उपकरण, दूर संवेदन नियन्त्रण प्रणाली प्रयोग गरी घरको सुरक्षा गर्ने उपकरण, मोटरसाइकल चोरिनबाट जोगाउने उपकरणजस्ता उपकरणहरूसहितको प्रोजेक्ट उक्त अवसरमा प्रदर्शन गरिएको थियो।

कसैको पनि प्रोजेक्टलाई नराम्रो भन्न नमिल्ने धारणा राख्ने बीई अन्तिम वर्षका अरविन साहले थिम सफट्वेयरअन्तर्गत विकास गरिएको इ-पपुलेसन सेन्सस र इ-गभर्नेनेस सफटवेयर सरकारका लागि उपयुक्त प्रोजेक्ट भएको बताए। उक्त प्रदर्शनीमा आफूले तयार गरेको घर सुरक्षा गर्ने प्रविधि प्रदर्शन गरेर देखाएकोमा आफूलाई केही गर्न निकै हौसला मिलेको र आत्मविश्वास बढेको बीई चौथौ वर्षकी पुष्पा धमलाले बताइन्। प्रदर्शनीमा आफूले तयार गरेको प्रोजेक्टबाट भविष्यमा केही गर्न सकिने आँट आएको बैंक सुरक्षा प्रविधि तयार गरेका राकेश गुप्ताले बताए। प्रदर्शनीमा सहभागी इलेक्ट्रोनिक्स एन्ड सफ्टवेयर इन्जिनियरिङ प्रा.लि. ब्ल्याक हन्टका विक्रम खड्काले प्रतियोगितात्मक र प्रतिस्पर्धात्मक प्रदर्शनीले इलेक्ट्रोनिक्स तथा सफ्टवेयर इन्जिनियरिङ क्षेत्रको विकासमा ठूलो टेवा पुग्ने प्रतिक्रिया दिए।

बीई नसकेका विद्यार्थीहरूले आफ्नो प्रतिभा तथा क्षमता प्रदर्शन गर्न सकून् र पछि कुनै कम्पनी वा संस्थामा काम गर्दा मागअनुसार प्राविधिक उपकरण, वस्तु वा कम्प्युटर सफ्टवेयरको डिजाइन र विकास गर्न सकून् भनेर लोकसले प्रविधि प्रदर्शनीलाई प्रमुखता दिएको प्रदर्शनी आयोजकहरूमध्ये एक रोशन सैंजूले बताए। सैंजूका अनुसार यस वर्षको प्रदर्शनीमा काठमाडौंबाहिरका पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयअन्तर्गतका विभिन्न इन्जिनियरिङ क्याम्पसहरूले सहभागिता जनाएका थिए।

इन्जिनियरिङ क्षेत्रका विद्यार्थीहरूको प्रतिभा प्रदर्शन तथा विद्यार्थीहरूले बनाएका प्रोजेक्टहरूको अवलोकन विभिन्न संघसंस्था, उद्योगी, उद्यमी-व्यापारी, सरकारी निकायहरूले एकसाथ गरून् र कार्यान्वयन गर्न सकिने त्यस्ता प्रोजेक्टहरूको कार्यान्वयन पनि होस् भने हेतुले आफूहरूले प्रदर्शनीलाई प्लेटफर्म बनाएको लोकसका संयोजक विमल पौडेलले बताए। उक्त प्रदर्शनीलाई विभिन्न स्कुल एवं क्याम्पसका विद्यार्थी एवं उद्योगी, उद्यमी-व्यापारी तथा सरकारी निकायहरूका करिब २० हजार व्यक्तिले अवलोकन गरेको अनुमान छ।

**–भोला**

# साप्ताहिक



## रेजिनाका 'हट' गफ

तस्बिर : नेटनसा डटकम

'वंश सञ्चालनका लागि आवश्यक चीज हो यौन ।' -एउटा अन्तर्वार्ता दिने क्रममा नायिका रेजिना उप्रेतीले यौनका बारेमा खुलेर यस्ता कुरा गरिन् । उमेरले यौनको डिमान्ड गरे कसरी पूर्ति गर्नुहुन्छ ? उनले जवाफ दिएकी छिन्- 'भोक लाग्दा मानिसले कुनै न कुनै तरिकाबाट खाना खान्छ, त्यो पनि आवश्यक भएपछि मानिसले कुनै न कुनै तरिकाबाट पूर्ति गरिहाल्छ नि ।' उनले जवाफ त दह्रो दिइन्, कतै प्रतिप्रश्न नै गर्न नमिल्ने वा यसो भनौं योभन्दा अघि बढ्नै नसकिने । राजधानीबाट प्रकाशित हुने मनोरञ्जक पत्रिका छायाँछविको स्तम्भ 'हट ट्वेन्टी'अन्तर्गत रेजिनाले खुलेर बीसवटा 'हट' प्रश्नको जवाफ दिइन् । पछिल्लो पटक दिनानुदिन आफूलाई कामुक शैलीमा प्रस्तुत गर्दै आएकी रेजिनाले एउटा प्रश्नको जवाफ कुटिलतापूर्वक दिँदै आफूलाई सर्वस्वरूप कामुक बताएकी छिन्- 'म नायिका भएकीले मेरा हरेक भाग कामुक हुनुपर्छ भन्ने लाग्छ । दर्शकले मलाई आधा होइन, पूरै कामुक देखून् । तर समग्रमा दर्शकको धारणामा मेरो शरीर कामुक छ भन्छन्, त्यही हो कि ?'

नायकसँग रोमान्सको अभिनय गर्दा उत्तेजनाको अनुभूति हुन्छ कि हुँदैन भन्ने प्रश्नमा पनि उनले कुटिलतापूर्वक नै जवाफ दिएकी छिन्- 'जसरी मानिसले १०-५ को काम गर्छ, त्यो समय उसले यताउति नगरी अफिसकै कामका बारेमा मात्र सोच्छ र त्यही गर्छ । मेरा लागि पनि अभिनय अफिसियल काम हो । ३५-४० जनाका अगाडि काम गर्दा त्यतिखेर मैले रोमान्स गरिरा'छु भन्दा पनि काम हो कसरी त्यो कामलाई 'नेचुरल्ली' गर्न सकिन्छ भन्ने कुरामा ध्यान जान्छ । मैले के गरिरहेको छु र मैले कहाँ-कहाँ छोइरहेको छु भन्ने भावना नै आउँदैन । केवल कामतिर मात्र ध्यान जान्छ ।' चलचित्र क्षेत्रमा अवसर पाउन यौनको प्रयोग भएजस्तो लाग्छ भन्ने प्रश्नको उत्तरमा उनले त्यस्तो नहुने बताए पनि 'लभचाहिँ हुनसक्छ' भनेकी छिन् ।

## गाफै ठूलो

धेरैले भन्ने गरेका छन्– निर्देशकमध्ये सबैभन्दा चल्तीका निर्देशक दयाराम दाहाल हुन् । चलचित्र सफल होस् वा असफल, उनलाई मतलब छैन, दाहाल एकसुरमा आफ्नो काम गरिरहन्छन् । उनको विगतले पनि यही बताउँछ । सुरुका केही वर्ष उनले निर्देशन गरेका चलचित्रले औधी कमाएका थिए । दुई वर्षयता उनले निर्देशन गरेका प्रायः चलचित्र लागत उठाउनमै सीमित छन् तैपनि उनको कामको



चाप घटेको छैन ।

आफू यति धेरै व्यस्त हुनुको श्रेय उनी आफैंलाई दिन चाहन्छन् । दाहाल भन्छन्- म काममा इमान्दार छु, त्यही कारण निर्माताले मेरो विकल्प खोज्ने प्रयास गरेका छैनन् । भर्खरै नयाँ चलचित्रको शुभमुहूर्त गरेका दाहालले अर्को एउटा महत्त्वाकांक्षी योजना सुनाए– 'म अब केही दिनमै तीनवटा भोजपुरी चलचित्र निर्देशन गर्दैछु, त्यो पनि विदेशी लगानीमा ।

नेपाली निर्देशकले राम्रो काम गरेनन् भन्नेहरूका लागि व्यंग्य पनि हो यो । उनले आफैंले गर्दैछु भनेपछि विश्वास नगर्ने कुरा पनि भएन, तर उनलाई नजिकबाट बुझ्नेहरू भने यो विषयमा पूरै विश्वास गर्ने आधार नरहेको बताउन पछि पर्दैनन् । किनकि निर्देशक दाहालले नै एकताका अन्तर्राष्ट्रिय समाचार संस्था बीबीसीको लगानीमा बन्ने चलचित्र निर्देशन गर्न लागेको बताएका थिए, जुन काम अहिलेसम्म प्रारम्भ भएको छैन ।



## आश्वी बनिन् लिटिल लेडी

हेटौंडा– बालिकाहरूको प्रतिभा प्रदर्शनको अवसर बनेको लिटिल लेडी ट्यालेन्ट सोलाई हेटौंडामा अहिले राम्रो मान्नेहरूको जमात बढेको छ । २७ वैशाखको साँझ हेटौंडाको ओम चलचित्र मन्दिरमा आयोजित लिटिल लेडी ट्यालेन्ट सो २००८ को उपाधि जीएस निकेतनमा कक्षा ७ मा अध्ययनरत आश्वी श्रेष्ठले हात पारेकी छिन् । अन्तिम प्रतिस्पर्धामा असल बाबुआमाको दायित्व के हो भन्ने प्रश्नमा आश्वीले भनिन्- 'शिक्षादीक्षा दिएर बालबालिकालाई असल बनाउनुपर्छ ।' बसामाडी जेसिजले अघिल्लो वर्षदेखि आयोजना गरेको यो प्रतिस्पर्धाले यहाँका विजेताहरू राजधानीमा हुने लिटिल लेडी सोमा पनि भाग लिन पाउँछन् ।

शुक्रबार साझँ भएको प्रतिस्पर्धामा सिद्धार्थ शिशु सदनमा कक्षा ५ मा अध्ययनरत मानवी आचार्य फस्ट रनरअप र सोलिड्यारिटी इन्टरनेसनल एकेडेमीकी कक्षा ७ की श्रीया आचार्य सेकेन्ड रनरअप घोषित भए । यस्तै बेस्ट ड्रेस अप मानवी आचार्य, बेस्ट ट्यालेन्ट आश्वी श्रेष्ठ, बेस्ट डिसिप्लिन प्रतीक्षा सेढाईं, बेस्ट फोटोजेनिक लुमन्ती मानन्धर र बेस्ट पङ्चुयालिटी केयुर बाँस्कोटा घोषित भए ।

प्रतिभा प्रदर्शनीको डबली बनेको लिटिल लेडी सो गर्न पहिले निकै असहज भएको थियो । कस्तो प्रतिक्रिया आउला भन्ने आशङ्का थियो । बसामाडी जेसिजका संस्थापक अध्यक्ष ज्ञानकृष्ण प्रजापति भन्छन्- प्रतिपर्धामा छानिएकाहरूलाई प्रशिक्षण गर्दा पढाइ पो बिग्रने हो कि भन्ने चिन्ता थियो, तर त्यसो भएन । अघिल्लो वर्षकी विजेता मनिला कँडेल अध्ययनमा झन् उच्च अङ्क ल्याउने छात्रा बनिन् ।

लिटिल लेडी ट्यालेन्ट शोले बालिकाहरूको प्रतिभा विकास गरेकाले अभिभावकहरूले सहयोग गर्नुपर्ने बेस्ट पन्चुयालिटी विजेता केयुर बाँस्कोटाका बाबु उमेशले बताए । पहिलो चरणमा छानिएका बालिकाहरूलाई क्लोज क्याम्पमै राखेर सोमा उतारिने यो प्रतियोगितालाई निरन्तरता दिइने संस्थापक अध्यक्ष ज्ञानकृष्ण प्रजापतिले जानकारी दिए ।

**–रामकुमार एलन**

## राजेशको चोरी औंला



नायक राजेश हमालका बारेमा दर्शकको एउटै गुनासो छ– उनलाई नाच्न आउँदैन । उनी कनिकुथी चलचित्रमा हल्काफुल्का स्टेप गरिटोपल्छन् । जसलाई राजेशको स्टाइल पनि भनिन्छ । फिल्मी पार्टीहरूमा एक-दुई पेग चढाइसकेपछि राजेशलाई नाच्न मन लाग्छ । कसैले डान्सफ्लोरमा नाच्न जाऊँ भन्दा उनी उत्साहित भएर जाने गरेका छन् । बिपना थापाको विवाह भोजमा पनि त्यस्तै भयो । प्रशंसक र चलचित्रकर्मीहरूबाट घेरिएका राजेशलाई केही युवतीहरूको हूलले तानेर नाच्ने ठाउँमा लगे । राजेशले दुलही बिपना र दुलाहा डा.आशुतोष भारद्वाजलाई पनि आफूसँगै नचाउन थाले । डिजेले पनि 'कजरारे कजरारे'को रिमिक्स बजाए, तर राजेशको डान्स रमाइलो देखियो । दाहिने हातको चोरी औंला ठड्याउँदै कुम र खुट्टा हल्लाउँदै राजेश एकै प्रकारले धेरै बेर नाचिरहे । उनको त्यो चोरी औंला ठडाउने नाचको एक जना सञ्चारकर्मीले अर्थ लगाइहाले- 'पख विपना, तिमीले बिहे गर्‍यौ, अब म पनि बिहे गर्छु र मेरो बिहेमा तिमीलाई पनि यसैगरी नचाउँछु ।'

## ओइ मरें म त

अचानक बौद्धिक अपाङ्ग बनेका सीताराम कट्टेल (धुर्मुस) ले पछिल्लो पटक प्रयोग गरेको थेगो 'ओइ मरें म त' यतिखेर जनजिब्रोमा झुन्डिएको छ । हास्य टेलिश्रृङ्खला मेरी बास्सैमा बौद्धिक अपाङ्गको भूमिकामा देखिएका सीतारामको यो थेगो मात्र होइन, उनको अभिनय शैलीलाई पनि दर्शकले रुचाएका छन् । एउटै अर्थ राख्ने थेगोलाई विभिन्न रूपमा प्रस्तुत गर्ने सीतारामको शिल्पलाई मान्नै पर्छ । सुरुमा 'म त मर्छु कि क्या हो' भन्ने थेगो प्रयोग गरेर त्यसलाई हिट बनाएका सीतारामले कथा परिवर्तन भएलगत्तै 'मरगेले हम' प्रयोग गरे । आदिवासीहरूको भाषालाई टपक्कै टिपेका उनको मरगेले हमले पनि लोकप्रियता पायो । त्यसपछि लठेब्रोको भूमिकामा देखिँदा उनले 'ओइ... मरें म त' प्रयोग गरेका छन् । पछिल्लो थेगो 'ओइ... मरें म त' उच्चारण गर्ने उनको शैली पनि त्यत्तिकै लोभलाग्दो छ । जे भए पनि धुर्मुस एउटै अर्थ दिने थेगोलाई विभिन्न रूपमा प्रयोग गर्न माहिर देखिएका छन् ।



तस्बिर : नवराज बाग्ले



















# फ्रन्ट पेज न्यूजमा साप्ताहिक

**एउटा उल्लेखनीय अभियान सञ्चालन गरेको थियो। अभियानका नायक थिए, दार्जीलिङ्गे युवा प्रशान्त तामाङ। सोनी टेलिभिजनबाट प्रसारण हुने इन्डियन आइडलको तेस्रो संस्करणमा प्रतिस्पर्धा गरिरहेका नेपाली मूलका युवा प्रशान्त तामाङका बारेमा साप्ताहिकले नेपाली सञ्चारमाध्यममै पहिलो पटक समाचार प्रस्तुत गरेको थियो।**

फर्केर हेर्दा बितेको एक वर्षमा साप्ताहिकले धेरैवटा विधालाई समाचारको स्रोत बनायो। विधागत रूपमा राजनैतिक, सामाजिक, मनोरञ्जन, व्यक्ति चित्र आदि विषयमा साप्ताहिकले कभर स्टोरी विकास गरेको थियो।

बितेको वर्षको उल्लेखनीय उपलब्धिमा 'सहरले नचिनेको हिरो' शीर्षकमा लोकदोहोरी गायनमा एकछत्र आधिपत्य कायम गरिरहेका राजु परियारको व्यक्ति प्रोफाइललाई साप्ताहिकले प्रस्तुत गरेको थियो। करिब ८ हजार गीत रेकर्ड गराएका राजुको व्यक्तिगत जीवनशैलीलाई पहिलो पटक कुनै अखबारले यति विस्तृत रूपमा सार्वजनिक गरेको थियो। त्यसपछिका दिनमा निरन्तर रूपमा अन्य पत्रिकाहरूमा गायक परियार छाएका थिए।

गत वर्षको जेठ ४ गतेको अंकमा 'फेसनेवल युवा पुस्ता' शीर्षकमा पछिल्लो अवधिमा विकसित फेसन ट्रेन्डका सम्बन्धमा न्युज फिचर प्रकाशित गरेको थियो भने साउन ११ गते 'जिन्स, जिन्स अनि फेरि पनि जिन्स' शीर्षकमा जिन्सको फेसनसम्बन्धी जानकारी प्रकाशित गरेको थियो। त्यस्तै साउन २५ गते 'आकर्षक ब्याकलेस शैली' शीर्षकमा अहिलेका महिलाहरूले शरीरको पछिल्लो भागलाई नग्न राखेर आफूलाई ग्ल्यामर्स देखाउने ट्रेन्ड आएको समाचार प्रकाशन गरेको थियो। साउन ३२ गते राजधानीमा भएको फेसन डिजाइनर कन्टेस्टको समाचार प्रकाशन गरिएको थियो।

मंसिर २८ गते 'गर्मी फेसन सप्ताहको' शीर्षकमा ल्याक्मे नेपाल फेसन सप्ताह-२००७ का गतिविधिलाई समेटेर फिचर न्युज तयार प्रकाशन गरेको थियो। त्यस्तै पुस ६ गते फेसन ट्रेन्डकै रूपमा विकास भएको चुम्बन साटासाटमा देखिएका नायिका रेखा थापा र कोमल वलीको फोटो फिचर प्रस्तुत गरिएको थियो। यसबाहेक पुस २० गते जाडोको फेसन, फागुन २४ गते फेसन रफ एन्ड टफको र गत वैशाख २० गते गर्मीको फेसन शीर्षकमा फेसन क्षेत्रसँग सम्बन्धित समाचार प्रस्तुत भएका थिए।

गत वर्ष साप्ताहिकले अर्को एउटा उल्लेखनीय अभियान सञ्चालन गरेको थियो। अभियानका नायक थिए, दार्जीलिङ्गे युवा प्रशान्त तामाङ। सोनी टेलिभिजनबाट प्रसारण हुने इन्डियन आइडलको तेस्रो संस्करणमा प्रतिस्पर्धा गरिरहेका नेपाली मूलका युवा प्रशान्त तामाङका बारेमा साप्ताहिकले नेपाली सञ्चारमाध्यममै पहिलो पटक समाचार प्रस्तुत गरेको थियो। प्रतिस्पर्धाका हरेक चरण पार गर्दै गएका गायक तामाङको समाचारलाई साप्ताहिकले निरन्तर 'फलोअप' गरेको थियो। त्यतिमात्र नभै उत्कृष्ट तीनभित्र पर्न सफल भएपछि गृहनगर दार्जीलिङको स्टेज कार्यक्रमका लागि आएको समयमा साप्ताहिक संवाददाताले स्थलगत रिपोर्टिङका साथै नेपाली मिडियामा उनको पहिलो अन्तर्वार्ता लिएका थिए। प्रशान्तको विजय, प्रशान्तसँगै उनको परिवारसँगको कुराकानी र नेपाल आउँदा पोखरा संवाददाताले नेपालभित्र पहिलो पटक लिएको अन्तर्वार्ता आदिले साप्ताहिकका पाठकको मन जित्न सकेको हामीले अनुभूति गरेका छौं।

मनोरञ्जनका क्षेत्रमा सबै कुरा राम्रो मात्र होइन, यसभित्र पर्याप्त विकृति पनि छ भन्ने कुरालाई साप्ताहिकले गत वर्ष समाचार बनायो। असार १ गतेको अंकमा 'शोषण र ह्यारेसमेन्टको सिकार ग्ल्यामर क्षेत्र' शीर्षकमा प्रकाशित समाचारमा चलचित्र, मोडलिङ र संगीतको क्षेत्रमा क्यारियर विकास गर्न सहर भित्रिएका युवायुवतीहरूले भोगेका पीडालाई उतारिएको थियो। त्यस्तै साप्ताहिकले यसै वर्ष काठमाडौंको रात्रिजीवनमा सलबलाउने नाङ्गो नाचको सचित्र समाचार प्रस्तुत गर्‍यो। गत वर्ष नेपाली चलचित्र क्षेत्रमा सक्रिय नायिकाहरूका सम्बन्धविच्छेदका घटना समाचारका शीर्षक बने। नायिका सञ्चिता लुइँटेल र उनका श्रीमान् आकाश शाहबीच सम्बन्धविच्छेद भएको समाचार साप्ताहिकमार्फत पहिलो पटक सार्वजनिक भएको थियो। त्यही अंकमा जल शाहको वैवाहिक जीवन लगभग समाप्त भएको समाचार पनि थियो।

कसैको दाम्पत्य जीवन टुङ्गिनु अवश्य राम्रो होइन, तर सेलिब्रेटीहरूको लाइफस्टाइलको समाचार प्रस्तुत गर्ने क्रममा सम्बन्धविच्छेद पनि हट न्युज बन्न पुग्यो। नायिकाहरू सौजन्य सुब्बा, सुस्मिता कार्की, प्रिया रिजालका सम्बन्धविच्छेदका समाचार त्यसपछि लगातार आइरहे। यसबीच साप्ताहिकले नेपाली चलचित्र उद्योगमा किन सम्बन्धविच्छेद बढ्दै छ भन्ने विषयमा पनि समाचार प्रकाशित गर्‍यो। साप्ताहिकले यी समाचारबाहिर ल्याएपछि अन्य सञ्चारमाध्यमले यसैलाई आधार बनाएर समाचार सम्प्रेषण गर्नुले समाचार प्रस्तुत गर्ने क्रममा हामी अग्रस्थानमा रहयौं भन्न सकिन्छ।

सामाजिक घटनाक्रमअन्तर्गत बेलायत सरकारले घोषणा गरेको कार्यक्रमअन्तर्गत स्थायी बसोबासका लागि ब्रिटिस लाहुरेहरू बेलायत पलायन भैरहेको विषयमा साप्ताहिकले फिचर सामग्री प्रकाशन गर्‍यो। त्यसै गरी गत वर्ष नै बेलायत सरकारले ब्रिटिस सेनामा महिलाहरूका निम्ति पनि अवसर सिर्जना गरेको समाचार पनि साप्ताहिकको फ्रन्ट पेज न्यूज बन्यो। जसअनुसार पोखरा, धरान आदि स्थानमा युवतीहरू कडा शारीरिक अभ्यासमा जुटेको रोचक समाचार समावेश थियो। त्यस्तै साउन ३२ गतेको अंकमा 'लाहुरे पतिको आकर्षण' शीर्षकमा प्रकाशित समाचारमा युवतीहरूले लाहुरे श्रीमान्लाई पहिलो प्राथमिकता दिने उल्लेख थियो।

**गत वर्ष नेपाली चलचित्र क्षेत्रमा सक्रिय नायिकाहरूका सम्बन्धविच्छेदका घटना समाचारका शीर्षक बने। नायिका सञ्चिता लुइँटेल र उनका श्रीमान् आकाश शाहबीच सम्बन्धविच्छेद भएको समाचार साप्ताहिकमार्फत पहिलो पटक सार्वजनिक भएको थियो। त्यही अंकमा जल शाहको वैवाहिक जीवन लगभग समाप्त भएको समाचार पनि थियो।**

नेपालमै नेपालीहरूद्वारा खेलिएको आङ नै सिरिङ्ग पार्ने रेस्लिङजस्तो खेलका बारेमा कभर स्टोरी पनि प्रकाशित भयो। असोज १८ गतेको अंकमा छापिएको उक्त समाचारमा नेपालमा रेस्लिङ ट्रेन्ड विकास भएको उल्लेख थियो। त्यस्तै लोकप्रिय खेल, खेलाडी र खेल व्यावसायिकताको विषयमा सर्वेक्षण गरेर तयार पारिएको रिपोर्ट पनि पठनीय सामग्री बन्यो। खेलकुदकै समाचारमा भदौ ७ गतेको अंकमा फुटबलले जुराएको जोडी शीर्षकको समाचार पनि प्रकाशन भएको थियो।

साप्ताहिकले बलिउड पार्श्वगायनमा जमेका नेपाली गायक उदितनारायण झाका छोरा आदित्य नारायणसँगको अन्तर्वार्ता पहिलो पटक नेपाली मिडियामा प्रकाशन गर्‍यो। जी टेलिभिजनबाट प्रसारण हुने सांगीतिक प्रतिस्पर्धात्मक कार्यक्रम सारेगमप सञ्चालन गर्ने आदित्यनारायणको उक्त अन्तर्वार्ता साप्ताहिकका हङकङस्थित समाचारदाता निर्मल श्रेष्ठले लिएका थिए। 'सुन्दर युवतीहरू मेरो साथी बन्न सक्छन्' शीर्षकको उक्त अन्तर्वार्ता पाठकका निम्ति नौलो पाठ्यसामग्री थियो।

साप्ताहिकले गत वर्ष सौन्दर्य उत्पादन फेयरटिनसँगको सहकार्यमा सुपरटिन कन्टेस्ट प्रारम्भ गरेको थियो। जसअन्तर्गत १६ जना युवतीको क्रमैसँग 'ब्लोअप' छापिएको थियो, तर फेयरटिनले सहज भूमिका खेल्न नसक्दा त्यसको परिणाम सार्वजनिक गर्न सकिएन। गत वर्षको समीक्षा गर्दा यस विषयमा साप्ताहिकले आत्मालोचना गर्नुपर्ने हुन्छ।

सधैंझैं यस वर्ष पनि सौन्दर्य प्रतियोगिताका समाचार पनि कभर स्टोरी बने। मिस युनिभर्स, पोखरामा सम्पन्न पर्यटन सुन्दरी प्रतियोगितामा पर्यटन सुन्दरीको मुकुट कुन्छाङ मोक्तानलाई, नयाँ मिस टिनको छनौटमा आयुशा कार्कीका समाचार पनि मुख्य समाचार बने।

चर्चित गायक अनिल सिंहको विवाह पनि साप्ताहिकको 'फ्रन्टपेज' समाचार बन्यो। चलचित्र क्षेत्रमा ठूलो पर्दामा आए नयाँ अनुहार शीर्षकमा गत वर्ष आएका कलाकारहरू निशा अधिकारी, आयुशा बस्नेत, राजबल्लभ कोइराला, युना उप्रेती, प्रेरणा शर्मा, दिया मास्के, निमा रुम्बा, पूजा गुरुङ, सौगात मल्लको अभिनय यात्राको पहिलो फड्कोका बारेमा लेखिएको थियो। यस्तै वर्षको सँघारमा चर्चामा थ्री-एन शीर्षकमा प्रकाशित समाचारमा चलचित्र तथा म्युजिक भिडियोमा निशा अधिकारी, नोयो सिंह र नम्रता श्रेष्ठ जमेर काम गरिरहेको उल्लेख थियो।

प्रविधिको क्षेत्रमा हरेक वर्ष आयोजना हुने क्यान इन्फोटेकको अवसरमा विशेषाङ्क तथा रहस्यमय बनेको उडनतस्तरीको कथा पनि प्रमुखताका साथ प्रकाशन भए। युवा अभिरुचिलाई समेट्ने क्रममा दार्जीलिङको लोकप्रिय नेपाली ब्यान्ड मन्त्रब्याण्डको प्रोफाइललाई 'हे रक्किज मन्त्र' शीर्षकमा कभर स्टोरी बनाइएको थियो। सांस्कृतिक पक्षलाई पनि साप्ताहिकले त्यतिकै महत्त्व दिएको थियो। बडादसैं, ल्होसार, छठ, तिहार, होली, इस्वी नयाँ वर्ष, विक्रम संवत नयाँ वर्ष, भ्यालेन्टाइन सबै ठूला चाड गत वर्ष कभर स्टोरी बने।

एसएलसी उत्तीर्ण गरेकाहरूलाई उच्च शिक्षाको यात्राका निम्ति साप्ताहिकले 'एसएलसीपछिको शिक्षा' शीर्षकमा विशेष सामग्री पनि प्रकाशन गर्‍यो। त्यस्तै प्रविधि विकासको पर्याप्त फाइदा लिन अहिलेको विद्यार्थी पुस्ता सबैभन्दा अगाडि छ भन्ने कुरालाई विद्यार्थीसँगकै कुराकानीमा आधारित रहेर गरिएको बहस रिपोर्टिङ पनि कभर स्टोरी बन्यो।

बिदेसिने नेपालीहरूको चाहना पूरा गर्ने अमेरिकन डिभी र युरोपियन युनियनको त्यस्तै किसिमको अर्को कार्यक्रमको बारेमा पनि साप्ताहिकले समाचार प्रकाशन गर्‍यो। त्यसैगरी हङकङमा नेपाली स्वाद, पोखरामा पर्यटकै पर्यटक, विन्दास पोखराजस्ता पर्यटकीय तथा जनरुचिका समाचार कभर स्टोरी बने।

नेपाली चलचित्र क्षेत्रमा महानायकको पगरी गुथाइएका नायक राजेश हमाल सधैं रहस्यमय देखिँदै आएको पृष्ठभूमिमा 'रहस्यमय राजेश' शीर्षकको समाचार प्रकाशित भएको थियो। नेपाली चलचित्र नहेर्नेले समेत चिनेका राजेश हमालको व्यक्तिगत जीवनशैलीलाई उक्त समाचारले समेटेको थियो। त्यसैगरी पछिल्लो अवधिमा हास्यविधामा नायक बनेका दीपकराज गिरीको कलायात्रालाई समेटेर नम्बर वान शीर्षकमा कभर स्टोरी प्रकाशित भएको थियो। लोकप्रिय हास्य टेलिश्रृङ्खला तीतो सत्यमा लेखन तथा निर्देशन गर्दै आएका गिरी समकालीन हास्यकलाकारहरूमा उच्च स्थानमा रहेको समीक्षात्मक रिपोर्टिङ त्यसमा थियो। चलचित्र क्षेत्रकै समाचारमा सेन्सर बोर्डको निर्णयको आधारमा चलचित्र फैसला १६ वर्ष मुनिकाले नहेर्नु भन्ने विषय पनि सेलेक्टेड गसिप न्युज बन्यो। अहिलेका युवतीहरूले कस्ता पुरुष मन पराउँछन् भन्ने विषयमा अन्तर्राष्ट्रिय सर्वेक्षणको रिपोर्टसहित नेपाली चलचित्र, मोडलिङ तथा गायनक्षेत्रका सेलिब्रेटी महिलाहरूको रोजाइका आधारमा 'रोजाइमा चकलेटी अनुहार' शीर्षकको समाचार प्रकाशन भएको थियो। वर्षको सँघारमा मुलुक नै संविधानसभामय भएकाले 'लाग्यो चुनावी रन्को' शीर्षकमा निर्वाचन विशेषांक प्रकाशन गरिएको थियो।


















## लभ गुरु रेखा



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म १९ वर्षीय अविवाहित युवक हुँ। एउटी युवतीसँग मेरो दुई वर्षदेखि प्रेम चल्दैछ। नजिक भएकाले हामी दुवैका परिवारले एक-अर्काको परिवारका सम्बन्धमा पर्याप्त जानकारी राख्छन्। मेरो परिवार मैले प्रेम गर्ने युवतीका बारेमा राम्रो धारणा राख्दैन। उनको केही गलत बानीका कारण मेरी आमा उनलाई मन पराउनुहुन्न। मेरो घरमा उक्त युवतीका बारेमा बहस र झैझगडाको स्थिति आइसक्यो। मैले यो कुरा मेरी प्रेमिकालाई सुनाएर आफ्नो बानीबेहोरा परिवर्तन गर्न तथा हाम्रो परिवारले चाहेको जस्तो व्यवहार गर्न आग्रह गर्दै आएको छु। उनमा केही परिवर्तन पनि देखिन थालेका छन्। यति हुँदाहुँदै पनि मेरो परिवार उनी सुध्रिने कुरामा विश्वास गर्दैन। म न त परिवार त्याग्न चाहन्छु न त उनलाई। यस्तो अवस्थामा के गर्नुपर्ला ?**

**रोहित**

तपाईंको समस्या त्यति गम्भीर छैन, जति तपाईंले सोचिरहनुभएको छ। पत्रमा आमाले तपाईंकी प्रेमिकाको बानीका सम्बन्धमा असहमति व्यक्त गरेको बताउनुभएको छ। त्यति मात्र होइन, तपाईंकी प्रेमिकाले पनि आफ्नो व्यवहारमा सुधार देखाउँदै गएको बताउनुभएको छ। यो सुध्रँदै गएको बानीप्रति तपाईंकी आमा सहमत हुनेबित्तिकै तपाईंले उनलाई घरमा भित्र्याउन सक्नुहुन्छ। अहिले तपाईं १९ वर्षको मात्र हुनुहुन्छ। तपाईंहरूको विवाह २-४ वर्ष ढिलो गर्दा केही फरक पर्दैन। २-४ वर्षमा तपाईंहरू अझ परिपक्व बन्दै जानुहन्छ। कुन कुरा सही हो, कुन गलत हो भन्ने कुरा पनि बुझ्नुहुन्छ। त्यसो भएको खण्डमा आमाको कुरा पनि तपाईं दुवै जनालाई सही लाग्न थाल्छ। त्यसपछि के गर्नु उपयुक्त हुन्छ, दुवैले सही निर्णय गर्न सक्नुहुन्छ।

## फिल्मी खबर

केही चलचित्र आगामी साउने संक्रान्तिको अवसरमा सार्वजनिक हुने तयारीमा छन्। निर्माणकार्य सम्पन्न गरी युरोपका केही सहरमा प्रदर्शन भैरहेको चलचित्र 'सपनाको नौलो संसार', गोपीकृष्ण मुभिजको 'तहल्का डटकम' तथा नागेन्द्र श्रेष्ठको निर्माण एवं निर्देशन रहेको चलचित्र 'देशदेखि विदेश'को प्रदर्शन साउन महिनामा गर्ने तयारी छ। युरोपमा छायाङ्कन गरिएको चलचित्र 'सपनाको नौलो संसार' निर्देशक राजु शाह हुन्। गोपीकृष्ण मुभिजले निर्माण गरेको चलचित्र 'तहल्का डटकम'मा दिलीप रायमाझी, रमित ढुंगाना, ऋचा घिमिरे, पुजना आदि कलाकारले अभिनय गरेका छन्। विदेश जाने युवाहरूको मोहमा आधारित चलचित्र 'देशदेखि विदेश'मा दिलीप रायमाझी, निखिल उप्रेती, ऋचा घिमिरे, उमाबेबी आदि छन्।

मोफसल तथा हाल आएर राजधानीमा सफलता पाएको चलचित्र किस्मत नायिका रेखा थापाले निर्माण गरेको तेस्रो चलचित्र हो। यो चलचित्रको निर्देशन उज्ज्वल घिमिरेले गरेका हुन्। आफ्नो भाग्य आफैं बनाउने हो। यही एक हरफको सन्देश बोकेको चलचित्र किस्मतले प्रमुख भूमिकामा रहेकी नायिका रेखा थापाको छवि फराकिलो बनाएको छ। अक्सर ग्ल्यामरस दृश्य दिने रेखाले यो चलचित्रमा भिन्न प्रकारकी युवतीको भूमिका निर्वाह गरेकी छिन्। रेखाका साथमा नायकद्वय विराज भट्ट र आर्यन सिक्देलले पनि चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका छन्। किस्मत अहिले सुपरहिट फिल्ममा दरि इसकेको छ।

-नायिका झरना थापा, निर्देशक दयाराम दाहालसहितको चलचित्र छायाङ्कन टोली माइक्रोबस दुर्घटनामा परे पनि सकुशल छन्। चलचित्र 'कहाँ छौं कहाँ'को छायाङ्कनका क्रममा नेपालगन्जका लागि काठमाडौंबाट प्रस्थान गरेका नायिका थापा, निर्देशक दाहाल आदि सवार माइक्रोबस गजुरीनजिकै सडकमा दुई-तीन बल्ड्याङ खाएपछि बेल्खु पुलमा ठोकिएर उत्तानो परेको थियो। दुर्घटनामा परेकाहरूमध्ये नायिका झरना थापा र अर्की नायिका अर्पणा सिंह दुवैको घुडामा चोट लागेको थियो भने निर्देशक दाहालको ढाड र छायाँकार शम्भु सापकोटाको टाउकोमा चोट लागेको थियो। मलेखुमा सामान्य प्राथमिक उपचारपछि नारायणघाटमा थप उपचार गरेर छायाङ्कन टोली नेपालगन्ज पुगिसकेको छ।





## केवल

# तपाईंको जीवनमा पैसाको महत्व कति छ ?

धेरै छैन, एकदमै कम छ। धेरै पैसा भयो भने चाहना बढ्दै जान्छ, नराम्रा सोचाइ पनि विकसित हुन थाल्छन्। त्यसैले 'लिमिट' मा रहनुपर्छ। काम गरेर खान पुगे भयो....।

आगन्तुक खरेल, गायिका

आफूलाई चाहिएजति, पुग्दो भए हुन्छ, धेरै चाहिएको छैन। हुन त अहिलेको जमाना पैसाले नै चलेको छ। ठाउँमा पैसा नभए मानिस कौडीको पनि हुन्न। त्यसैले जीवन सञ्चालनमा पैसाले फरक पार्छ।

डीजे तेन्जिङ

नाम मात्र भएर पुग्दैन रै'छ, दाम पनि चाहिने रहेछ। त्यसकारण पैसाको महत्त्व एकदमै छ। जिन्दगीको रथ नै चल्दैन, अनि के गर्नु ? पैसा नभएर गीत रेकर्ड गर्न नपाएको पीडा अहिले पनि झल्झली आउँछ।

विजय लामा, गायक

मलाई कस्तो लाग्छ भने दैनिक आवश्यकता पूरा गर्न पैसा चाहिन्छ। तर बढी पैसालाई प्राथमिकता दिने मान्छे होइन म। आवश्यकता पूरा भए हुन्छ।

गरिमा पन्त, नायिका

पैसाले गर्दा आज अमेरिका अमेरिका भएको हो र जर्जबुस जर्जबुस भएका छन्। यो दुनियाँमा पैसाको हाँक डरलाग्दो छ। त्यसैले मेरो जीवनमा पैसाको एकदमै महत्त्व छ। जसले जतिसुकै गफ, दर्शन छाँटे पनि उनीहरू पैसाका अगाडि नतमस्तक हुन्छन।

जीवन लुइँटेल, नायक

**मिडियाबाट सधैं भाग्नुको कारण ?**

यो त मिडियाको काम हो। बोलाए झन् खुसी हुँदै उपस्थित हुन्छु तर यहाँ त जो चर्चामा हुन्छ उसकै मात्र कभरेज पटक-पटक हुने परिपाटी छ। मेरै सन्दर्भमा मैले सन्यास लिएको कुरा मिडियाले सत्य तथ्य नबुझी लेखे।

**मिडियासँग कुनै गुनासो छ कि ?**

गत वर्ष इमेज एवार्डमा गायनतर्फ सर्वोत्कृष्ट गीत मैले गाएको 'वनको काफल वनकै चरीलाई' ले पायो तर त्यसको श्रेय एल्बमकी संकलक सिर्जना विरही थापाले लिइन्। कुनै मिडियाबाट पनि मैले गाएको भन्ने आएन।

**गायिका नभएको भए के बन्नुहुन्थ्यो ?**



## जम्का भेट

बिमाकुमारी दुरा नेपाली लोक-संगीतका लागि पर्याय बनिसकेको नाम हो। लमजुङमा जन्मिएर २०४५ सालमा राष्ट्रिय दोहोरी गायन प्रतियोगितामा हात पारेको तेस्रो स्थानसँगै उनले गायनलाई पेसा बनाउने निधो गरेकी थिइन्।

निरन्तर रूपमा धैर्यतापूर्वक खट्नुपर्‍यो। गायनतिर नहिंडेको भए गाउँतिर धान-कोदो गोड्दै बस्थें होला।

**दर्शकले तपाईंका बारेमा थाहा नभएको कुरा ?**

गायनबाहेक अरू केही काम गर्दिन। आफ्नो एल्बमका लागि गीत संकलन आफैं गर्छु।

**गायनका सन्दर्भमा सुधारोन्मुख कार्य केही देख्नुहुन्छ।**

सुरु-सुरुमा ट्र्याकमा, बाजासँगै लाइभ रेकर्डिङ गर्नुपर्थ्यो। ९० मिनेटको रेकर्डिङमा एउटाले खोकिदियो भने फेरि गाउनुपर्थ्यो तर अहिले त जस्ता मान्छे पनि कलाकार बन्न सक्छ भन्ने भएको छ।

**आफूले गाएका गीतको लेखाजोखा छैन भन्नुहुन्छ, फुर्सद नभएर हो कि ?**

फुर्सद किन नहुनु, बुद्धि नपुगेको, दुई तीन वर्षयता मिडियाका मानिसले सोध्न थालेपछि पो झसङ्ग भएँ।

**श्रीमान् संकलक भए पनि उहाँको संकलन कमै गाउनुहुन्छ नि ?**

संकलन कोबाट राम्रो भएको छ छानेर मात्र गाउँछु। दुई-तीनवटा एल्बममा उहाँको संकलनमा गाएकी छु। चिनो एल्बममा उहाँकै संकलनका पाँचवटा गीत गएकी छु।

**सबैभन्दा ठूलो उपलब्धि केलाई मान्नुहुन्छ ?**

दुरा भन्नेबित्तिकै मेरो नाम आउँछ। कतिपय गुरुङ, मगर लेखेर मिसिएर जाऊँ भन्छन्। नेपाल अधिराज्यभरि दस हजारको हाराहारीमा रहेको दुरा जातिको प्रतिनिधित्व गर्न पाएकी छु।

**–संगीता कटुवाल**

# वर्षाले रोकेन निर्णयलाई

हेटौंडा– गायनको माध्यमबाट समाजसेवा प्रारम्भ गर्ने हिपहप गायक निर्णय श्रेष्ठ आइतबार हेटौंडा आइपुगेका थिए। सिमसिम पानी परिरहेको थियो, दर्शकहरू निर्णयको आवाज सुन्न आतुर थिए। निर्णयले आफ्नो गायन सुरु गरेपछि हेटौंडाका युवायुवती तथा बालबालिकाहरू वर्षाको समेत प्रवाह नगरी डान्समा व्यस्त थिए। संगितको माध्यमबाट गरिब, द्वन्द्वपीडित तथा अनाथ बालबालिकाहरूका लागि पुस्तक तथा कपडा संकलन गर्दै शिक्षाका लागि यात्रा लिएर हेटौंडा आएका निर्णयको टोलीलाई हेटौंडाका बालबालिकाहरूले निकै उत्साही बनाए। निर्णयको म नेपाली गीतमा अधिकांश बालबालिकाहरू उत्साहपूर्वक जीउ हल्लाइरहेका देखिन्थे।

स्थानीय बसामाडी जेसिजको आयोजना रहेको कार्यक्रममा सहभागी दर्शकहरूले निर्णयसँगै आएका प्रश्ना शाक्य, म्याड जोन,



माण्डवी त्रिपाठी, सुमन उदय र विश्व श्रेष्ठको गायनबाट मनोरञ्जन लिएका थिए। कार्यक्रमको अन्तमा दर्शकहरूबाट गरिब, द्वन्द्वपीडित एवं अनाथ बालबालिकाहरूका लागि पुराना पुस्तक, उत्तरपुस्तिका र कपडा संकलन गरी निर्णयको टोलीलाई प्रदान गरिएको थियो।

**–रुपेश दुलाल**

## खल्लो बन्यो कन्सर्ट

'टुर फर एजुकेसन' नारासहित विभिन्न सहरमा सांगीतिक कार्यक्रम गर्दै हिंडेका हिपहप गायक निर्णय श्रेष्ठको टोली शनिबार बुटवलमा जम्न सकेन। हाटबजारस्थित बालमन्दिरमा दिउसो २ बजे कन्सर्ट शुरु हुने भनिएको कार्यक्रम साँझ ७ बज्दासम्म सय जना पनि दर्शक उपस्थित नभएकाले सुरु हुन सकेको थिएन। कार्यक्रम नै नहुने अवस्था देखिन थालेपछि कार्यक्रम व्यवस्थापनको जिम्मा लिएको स्थानीय श्रम ज्योति क्लबले विनाटिकट दर्शकहरूलाई प्रवेश गराई कार्यक्रम सुरु गरेको थियो।

सहभागीको न्यून सहभागिताका बीचमै निर्णय श्रेष्ठ, प्राश्ना शाक्य, म्याडजोन ब्यान्ड तथा तानसेनका गायक सुमन उदयले श्रोताहरूको मन जित्ने प्रयत्न गरे। राति साढे ८ बजेसम्म चलेको कन्सर्टमा माण्डवी त्रिपाठी तथा स्थानीय ब्याण्डले पनि गीतसंगीत प्रस्तुत गरेका थिए। कार्यक्रमपछि गायक सुमन उदय आदि कलाकारले बुटवलजस्तो ठूलो सहरको सांगीतिक वातावरण देखेर आफू निराश भएको प्रतिक्रिया दिए।

**–टोपराज शर्मा**



# सांस्कृतिक कार्यक्रममा नेपाल प्रथम

एकै ठाउँमा चौधभन्दा बढी देशका संस्कृति र वेशभूषा, त्यसमा पनि नेपालको मात्रै एघार ठाउँभन्दा बढीको संस्कृति र वेशभूषा प्रदर्शन कस्तो होला ? रमाइलो नहुने त कुरै भएन। त्यति मात्र नभएर प्रथम हुने प्रदर्शनलाई गोल्ड मेडल र १० लाख वोन पुरस्कार। यो रमझम हो दक्षिण कोरियामा आइतबार सम्पन्न बहुराष्ट्रिय सांस्कृतिक कार्यक्रमको। नेपाली संस्कृति र वेशभूषा विश्वमै उत्कृष्ट र सम्मानजनक स्थितिमा छ। गत आइतबार दक्षिण कोरियाको राजधानी सियोउमा सम्पन्न चौथो बहुराष्ट्रिय सांस्कृतिक कार्यक्रमले पनि यो कुरालाई प्रस्ट पारेको छ।

२००५ देखि वर्षैपिच्छे मनाइदै आएको यो महोत्सवमा दक्षिण अमेरिका, रूस, मंगोलिया, म्यान्मार, बङ्गलादेश, भियतनाम, श्रीलङ्का, इन्डोनेसिया, कोरिया, थाइल्यान्ड, फिलिपिन्स, चीन, नेपाल तथा पाकिस्तानले सहभागिता जनाएको उक्त कार्यक्रममा नेपाली कार्यक्रमले अन्य देशलाई उछिन्दै प्रथम स्थान हासिल गरेको थियो। दक्षिण कोरियास्थित नेपालीहरूको छाता संगठनका रूपमा परिचित नेपाली दक्षिण कोरिया सम्पर्क समितिले उक्त कार्यक्रममा नेपालका तर्फबाट संयोजकको भूमिका निर्वाह गरेको थियो। उक्त कार्यक्रममा नेपालमा रहेका विभिन्न जाति र क्षेत्रीय परिवारहरू राईपरिवार, बाग्लुङ परिवार, मुस्ताङ परिवार, तामाङ, हेलम्बू परिवार, आपत्कालीन सहयोग समिति, हिमालय बुद्ध परिवार, नेपाल कोरिया सांस्कृतिक मञ्च, जनजाति, तमु परिवार, नेवा पुचःलगायत अन्य थुप्रै जातीय तथा धार्मिक संघ-संस्थाहरूले आ-आफ्नो परम्परागत सांस्कृतिक झलक प्रस्तुत गरेका थिए। तिनीहरूमध्ये बाग्लुङ परिवारको पन्चे प्रथम, किरात राईहरूको चण्डी नाच द्वितीय र मुस्ताङ परिवारको धामी नाच तृतीय भएका थिए। कार्यक्रमलाई नेवाः पुचको परम्परागत बेलविवाह र स्वयम्भू प्रदर्शन, तामाङ परिवारको तामाङ सेलो, त्यसैगरी हेलम्बु परिवारको हेल्मु नृत्य अनि आपतकालीन नेपाली सेवा समितिको मैथली नृत्यले थप मनोरञ्जन प्रदान गरेको थियो।

सांस्कृतिक कार्यक्रममा मात्र नभएर हनुमान र शिवको मूर्तिको आकारमा बनाइएको नेपाली रिक्सा कार्यक्रममा थप अकर्षणको केन्द्र बनेको थियो। उक्त नेपाली रिक्सामा बसेर डुल्न र फोटो खिचाउन कोरियनहरूबीच तँछाडमछाड देखिन्थ्यो। विभिन्न नेपाली टाटुहरूको छाप लगाउन अनि नेपाली परिकारहरूको स्वाद लिन लाइनमा बस्नेहरूको ताँती नै थियो। यसअघि पनि नेपाल पहिलो माइग्रान्ट आरिराङ फेस्टिभलमा प्रथम भएको थियो।

**कोरियाबाट उमेश बस्नेतको सहयोगमा भिषा काफ्ले**



# क्यालेन्डरमा अटाए सुन्दरी

ग्ल्यामर फोटोग्राफर राजीव श्रेष्ठको नेटनशा डटकमले जेठ ९ गते आफ्नो पहिलो वार्षिकोत्सव मनाउने भएको छ। बलिउडका चर्चित ग्ल्यामर फोटोग्राफर राकेश श्रेष्ठको उपस्थिति रहने बताइएको उक्त कार्यक्रममा नेपाली मनोरञ्जन क्षेत्रका महत्त्वपूर्ण व्यक्तित्वहरूलाई पनि निम्त्याइएको छ।

फोटोग्राफर श्रेष्ठका अनुसार कार्यक्रमको मुख्य आकर्षण वर्ष २०६५ को क्यालेन्डर लन्चिङ हुनेछ।

नेपाली चलचित्र क्षेत्रमा जमेका नायिका र मोडलहरूका आकर्षक तस्बिर राखेर तयार पारिएको यो क्यालेन्डरमा उनीहरूका नयाँ तस्बिर राखिएका छन्। नायिकाहरू निरुता सिंह, सञ्चिता लुइँटेल, ऋचा घिमिरे, अरुणिमा लम्साल तथा मोडलहरू जेनिसा केसी, सुस्मिता ढकाल आदिका आकर्षक तस्बिर क्यालेन्डरमा समावेश छन्।

# खाँदबारीमा शुभकामना साँझ

संखुवासभा- सदरमुकाम खाँदबारीमा तीन दिन लगातार चलेको शुभकामना साँझमा युवायुवतिदेखि वृद्धवृद्धासम्म रमाए। आकर्षक नृत्य, गीतदेखि प्रहसनसम्म प्रस्तुत गरियो। विकट हटिया गाविसको भोटिया युथ क्लब र अल्पसङ्ख्यक सिंसा विद्यार्थी मञ्चको सहयोगार्थ उक्त शुभकामना साँझ सम्पन्न भएको हो। कार्यक्रममा स्थानीय चर्चित गायक उमाङ लामाले विभिन्न गीतबाट मनोरञ्जन गराए। भोटिया क्लबकी कमला भोटे तथा खाँदबारीकी सपना घले, पवित्रा खड्का आदि डान्सरले हिन्दी एवं नेपाली रिमिक्समा नृत्य प्रस्तुत गरेका थिए। जिविसको हलमा खचाखच दर्शक र श्रोतालाई मनोरञ्जन दिन कलाकारलाई भ्याइनभ्याइ थियो। वान्स मोरका हुटिङ भैरहन्थे। क्लब र मञ्चको सहयोगार्थ तुम्लिङटार र सेकाहामा पनि यो कार्यक्रम प्रस्तुत गरियो। कार्यक्रमबाट संकलित रकमबाट विद्यार्थी मञ्चले छात्रवृत्ति प्रदान गर्ने तथा क्लबले सामाजिक कार्यमा उक्त रकम खर्च गर्ने उद्घोष गरेका छन्।

**–सुरेन्द्र सुवेदी**

## साताको स्वर



### युवराज चौलागाई

**साँझपख जब सम्झनामा... कस्तो प्रकारको गीत हो ?**

फ्युजन सेन्टिमेन्टल पप गीत हो। यो गीतको एरेन्जमेन्टदेखि कम्पोजिसनसम्म फ्युजन गरिएको छ। गीतमा क्लासिकल आलापको प्रयोगसमेत छ। समग्रमा यो गीत इस्टर्न र वेस्टर्न संगीतको फ्युजन हो।

**गीतको भाव कस्तो छ ?**

साथ छोडेर गएकी प्रेमिका अनायासै सम्झनामा आइन्, त्यो पनि साँझपख। विछोडको पीडाले आक्रान्त प्रेमी युवक आफ्नो विगतको प्रेमलाई सम्झिरहेको छ। साँझको समयमा उसलाई पुराना धेरै कुरा सम्झनामा आइरहेका छन्।

**गीतको प्रतिक्रिया कस्तो पाउनुभयो त ?**

अहिलेको नयाँ पुस्ताका गायकमा तिमीले धेरै सम्भावना देखाएका छौ भनेर धेरैले भन्नुभएको छ। नयाँ स्वादको गीत भएकाले श्रोताको माया पनि पाएको छु।

**गीतका लक्षित श्रोता को हुन् ?**

किशोर-किशोरी र युवापुस्ताले यो गीतलाई बढी मन पराएका छन्, तर सेन्टिमेन्टल गीत भएकाले राम्रो गीत सुन्न मन पराउने सबै श्रोतामा लक्षित गरेको छु।

**गीतको म्युजिक भिडियो कस्तो लाग्यो ?**

कमर्सियल म्युजिक भिडियो बनेको छ। अहिलेको समयको मागलाई निर्देशक सुरज शाहले बुझेका रहेछन्। दर्शकले मन पराउने भिडियो बनेजस्तो लाग्छ।

**प्रदर्शनको** सँघारमा रहेको चलचित्र 'इतिहास'का गीतहरू हालै सार्वजनिक भए। विभिन्न एफएम रेडियो तथा टेलिभिजन च्यानलहरूबाट सार्वजनिक गरिएका चलचित्र इतिहासका संगीतकार सुरेश अधिकारी हुन्। यो चलचित्रका गीतमा राजेशपायल राई, मौसमी गुरुङ, रिमा गुरुङ होडा, संगीता राना, पुष्पा पौडेल आदिको स्वर सुन्न सकिन्छ।

**संगीतकार** आलोकश्री विगत केही महिनायता सेलाएझैं भएका छन्। उनले आफ्नो संगीतमा कुनै एल्बम वा गीत श्रोतामाझ ल्याएका छैनन्। पछिल्लो पटक भेटिएका आलोकले संविधानसभाको निर्वाचनपछि अब पुनः सक्रिय हुने तयारीमा रहेको जनाए। यही जेठ महिनाको पहिलो साता उनको एकल संगीत रहेको गीतिएल्बम 'उपमा' बजारमा ल्याइने र आलोककै संगीत रहेको चलचित्र 'जीवनमृत्यु'को एल्बम पनि सार्वजनिक गरिने उनले बताए। गीतकार एस्पी कोइरालाको एकल रचना रहेको एल्बम 'उपमा'मा उदितनारायण झा, दीप श्रेष्ठ, रामकृष्ण ढकाल, साधना सरगम, सञ्जीवनी, राजेशपायल राई, दीपक लिम्बु र मल्लिका कार्कीको स्वर सुन्न सकिनेछ।

**बहराइनस्थित** नेपालीहरूको संस्था म्याग्दी उद्धार समितिले त्यहाँ एक सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ। कोमल ओली, मनोज गजुरेल, खड्ग गर्बुजा, राहुल केसी, नरबहादुर बिसी, पार्वती राई, सम्झना बूढाथोकी आदि कलाकारहरू उक्त सांस्कृतिक कार्यक्रममा सहभागी थिए। दुई दिनसम्म चलेको कार्यक्रममा गायिका ओलीले 'झ्वाँक तन्नेरी', 'पोइल जान पाम' जस्ता गीत गाएर दर्शक नचाएकी थिइन् भने हास्यकलाकार मनोज गजुरेलले माओवादी अध्यक्ष प्रचण्डको क्यारिकेचर गरी सबैलाई हँसाएका थिए।

**संगीत** कम्पोज तथा एरेन्जमा नाम कहलिएका सुनिल बर्देवा हालै दुईवटा एल्बम विमोचन गरिएको एक कार्यक्रममा प्रमुख अतिथि भए। राजधानीमा आयोजित एक डान्सपार्टीमा बर्देवाले दुईवटा एल्बम विमोचन गरे। बर्देवाले प्रज्वल सुजाखुको एकल एल्बम 'मरुभूमि' र इथोस ब्यान्डको एल्बम 'आशमा'को विमोचन गरेका हुन्।

**अन्नपूर्ण** रेडियोले १४ विधाका संगीत सर्जकहरूलाई सम्मान गर्ने भएको छ। पोखरास्थित रेडियो अन्नपूर्णले यस वर्षको 'अन्नपूर्ण म्युजिक एवार्ड' का लागि १४ विधाअन्तर्गत हरेकमा पाँच रचनाको पूर्व छनौट सूची पत्रकार सम्मेलनमा सार्वजनिक गरेको हो। मनोनयनमा परेकाहरूलाई निर्णायक र दर्शक मतका आधारमा उत्कृष्ट छनौट गरिने रेडियोका स्टेसन म्यानेजर दीपेन्द्र श्रेष्ठले बताए। मनोनयनमा परेका विधाहरूमा वर्षकै सर्वोत्कृष्ठ गीत, सर्वोत्कृष्ट गायन सुगम संगीत, सर्वोत्कृष्ट संगीत, सर्वोत्कृष्ट रचना, सर्वोत्कृष्ट गायन पप, सर्वोत्कृष्ट नवकलाकार, सर्वोत्कृष्ट सामाजिक/ राष्ट्रिय सन्देशमूलक गीत, सर्वोत्कृष्ट लोक तथा दोहोरी, सर्वोत्कृष्ट लोकगायन, सर्वोत्कृष्ट संगीत संयोजक, सर्वोत्कृष्ट एल्बम, सर्वोत्कृष्ट बालप्रतिभा र सर्वोत्कृष्ट भाषाभाषीका गीत छन्।

**डिजे** सन्तोषको डिजेइङमा रिमिक्स गरिएको गीत 'कोहो त्यो'की गायिका मञ्जयाश्री दुई वर्षको अन्तरालपछि अर्को एल्बमको तयारीमा जुटेकी छिन्। पहिलो एल्बम 'म्याग्नेट'ले चर्चा पाए पनि केही समय हराएकी मञ्जयाश्रीले आफ्नो नयाँ एल्बममा राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा रचित एवं गायिका स्व. तारादेवीद्वारा गाइएको गीत 'फूलको थुंगा बहेर गयो' लाई रिएरेन्ज गरी नयाँ शैलीमा प्रस्तुत गर्दैछिन्। द एक्स समूहका गायक शिव मुखियाले रिएरेन्ज गरेको उक्त गीतमा संवाद पनि राखिएको छ, जसलाई गायक जबिकले बोलेका छन्। केही महिनाभित्रै बजारमा आउने उक्त गीतसहितको एल्बममा डिजे सन्तोष, बिजु बज्र आदिको संगीत रहनेछ।

**गायिका** रेश्मा सुनुवार आफ्नो सुपरहिट गीत 'मै ठूली भै'छु रे'का कारण अचेल चर्चामा छिन्। अब केही समयभित्रै उक्त चर्चित गीतको 'रिमिक्स भर्सन' पनि बजारमा आउँदैछ। डिजे राजुले रिमिक्स गरेको उक्त भर्सन समावेश गरेर गायिका सुनुवारले आफ्नो एल्बम 'मै ठूली भै'छु रे'लाई रि-रिलिज गर्ने भएकी छिन्। रि-रिलिज गरिने एल्बममा 'एक्सक्लुसिभ' गीतका रूपमा रिमिक्स भर्सनका साथै अर्को गीत 'क्या मीठो गीत गायौ लाहुरे'को रिमेक भर्सन पनि रहनेछ, जसलाई संगीतकार बिजेश्वर तन्डुकारले रिएरेन्ज गरेका हुन्। आगामी केही साताभित्रै उक्त गीतको म्युजिक भिडियो भूषण दाहालले निर्माण गर्दैछन्।

**आधुनिक** तथा गजल गायनमा पोख्त मानिएका गायक जगदीश समाल पनि संगीतकार बन्दैछन्। उनले नायिका गौरी मल्लको शब्दमा संगीत भरेर गायनबाट संगीतकार हुन लागेका हुन्। गत वर्ष युरोपयात्राका बेला गायक समालको नायिका मल्लसँग भेटघाट भएछ। त्यही क्रममा उनले मल्ललाई आफूले सिर्जना गरेको धुन सुनाएछन्। त्यो धुन मन पराएपछि नायिका मल्लले आधा घण्टाभित्रै त्यसका लागि शब्द रचिन्। 'माया लजालु मेरी माया' गीत नायिकाबाट गायिका हुने तरखरमा रहेकी गौरी मल्लको एल्बममा रहने थाहा भएको छ। हाल जापानमा रहेकी नायिका मल्लले गत वर्ष स्वदेश आउँदा चारवटा गीत रेकर्ड गरिसकेकी छिन्।





फेरि यो रुप : सदाबहार नायकको उपाधि पाएका भुवन केसी आफूले बनाएको चलचित्र 'म तिमीबिना मरिहाल्छु'को प्रमोसनका लागि तयार पारिएको म्युजिक भिडियोमा मोडलहरूसँग।

## लाइभ शो

लाइन्स क्लब अफ पोखरा आँगन तथा स्पाइस पोखरा डटकमले भोली शनिबार पोखरा सभागृहमा शान्तिका लागि संगीत शीर्षकको सांगीतिक कार्यक्रम गर्दैछ। पोखरा वृद्धाश्रम एवं नेपाल नेत्रज्योति संघको सहयोगार्थ हुने कार्यक्रममा उदय र मनिला सोताङ, निर्णय श्रेष्ठ, प्राश्ना शाक्यलगायत स्थानीय कलाकारहरूले आफ्नो प्रस्तुति दिने स्पाइस पोखरा डटकमका सेसन शाक्यले जानकारी दिए।

भोलि २०६५ जेठ ४ गते दशरथ रंगशाला, काठमाडौंमा रूपक स्मृति मैत्रीपूर्ण फुटबल प्रतियोगिता हुने भएको छ। रूपक स्मृति प्रतिष्ठानले रूपक स्कुलमा अध्ययनरत अनाथ तथा असहाय बालबालिकाको उच्च शिक्षाका निम्ति यो कार्यक्रम आयोजित गर्न लागेको हो। रूपक स्मृति फुटबल कप– २०६५, सिने कलाकार भर्सेज टेलिभिजनका हास्यकलाकार शीर्षक दिइएको उक्त प्रतिस्पर्धामा नेपालका चर्चित सिने कलाकार एवं टेलिभिजनका हास्यकलाकारहरू उपस्थिति हुने कुरा आयोजक कमिटिले जनाएको छ। प्रतिस्पर्धामा टेलिभिजनबाट प्रसारण हुने तीतो सत्य, जिरे खुर्सानी, मेरी बास्सै आदि श्रृंखलाका विभिन्न हास्यकलाकारको समूह तथा नेपाली चलचित्र क्षेत्रका नायक-नायिका तथा अन्य स्टारहरूबीच भिडन्त हुनेछ।

-नयाँ बानेश्वरमा सुस्त मनःस्थितिसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित बौद्धिक अपाङ्ग कल्याण संस्थाद्वारा भोलि शनिबार दिउँसो साढे दुई बजेदेखि काठमाडौंको भृकुटीमण्डपस्थित राष्ट्रिय सभागृहमा 'विविध सांस्कृतिक कार्यक्रम' हुँदैछ। कार्यक्रममा सुस्त मनःस्थितिका बालबालिकाहरूका विभिन्न प्रतिभा प्रस्तुत गरिनुका साथै गायकहरू सुनीलसिंह ठकुरी, हेमन्त शर्मा, डिजराज पौडेल आदिले पनि गीत गाउँदै छन्।

-अन्तर्राष्ट्रिय जगत्मा चर्चामा रहेका गायिका मेडोना, वियोन्से, शकिरा आदिका भारतीय डान्स गुरु सन्दीप सोपारकर तथा भारतकी च्याम्प मोडल जेसिका रन्धवाको विशेष नृत्य प्रस्तुति आज शुक्रबार साँझ होटल याक एन्ड यतिको रिगल हलमा हुँदैछ। नेसनल क्याम्पसले आयोजना गरेको उक्त कार्यक्रमभन्दा केही दिनअघि नेपाल आएका यी दुवैले यहाँ एक नृत्य कार्यशाला सम्पन्न गरेका थिए। नेसनल क्याम्पसमा आयोजित उक्त कार्यशालामा धेरैले उनीहरूबाट विशेष प्रकारको नृत्य तालिम लिए।

## ब्यान्ड बक्स



### कर्मा

हुक्का मेरो, सुपारी दाना, मौनताजस्ता चर्चित गीतहरू दिएर सांगीतिक क्षेत्रमा आफ्नो बेग्लै पहिचान बनाएको ब्यान्ड हो– कर्मा। सन् १९९९ मा स्थापना भएको यो ब्यान्डका सदस्यहरू विभिन्न अन्डरग्राउन्ड ब्यान्डहरूमा आवद्ध थिए। ब्यान्डका गायक सुरेन्द्रमान सिंह भने वीरगन्जको न्यारोविट्स ब्यान्डमा थिए। उनी काठमाडौं आएपछि नै साथी प्रशान्त महर्जनले मिलेर संगीतमा लागौं भनेपछि चार जना मिलेर कर्मा ब्यान्ड खोलेका हुन्। सोही वर्ष सहर तिम्रो एल्बम बजारमा ल्याए पनि त्यसले बजार भने लिन सकेन। मेटल र रक गीतहरू समावेश भएको उक्त एल्बम समयसापेक्ष नभएको ठहर गरी ब्यान्डले दुई वर्षको अन्तरालमा हुक्का एल्बम बजारमा ल्यायो। लोकरकमा आधारित उक्त एल्बमबाटै कर्माको नाम ब्यान्डहरूको माझ अग्रपंक्तिमा आएको हो। अहिलेसम्म कर्माले सहर तिम्रो, हुक्का, एसएमएस र कर्मासहित चारवटा एल्बम श्रोतामाझ पुर्‍याइसकेको छ।

ब्यान्डमा हाल सुरेन्द्रमान सिंह (भोकल), प्रशान्त महर्जन (परस्युसन), वासुदेव श्रेष्ठ (गितार), दीपक प्रधान (बेस), प्रमोड डंगोल (गितार), अनिल शाक्य (ड्म) सक्रिय छन्। ब्यान्डका हरेक गीत सुरेन्द्रले घरमै बसी कम्पोज गरेपछि सबै जना मिलेर आ-आफ्नो संगीत कम्पोज गर्छन्। कर्माको आफ्नै साउन्ड गार्डेन नामक प्र्याक्टिस गर्ने स्थान छ, जहाँ उनीहरू समय मिल्यो कि प्र्याक्टिस र कम्पोज गर्न पुगिहाल्छन्। नेपालका प्रायः स्थानहरूमा स्टेज सो गर्न भ्याइसकेको कर्माले भारत र हङकङमा आफ्नो प्रस्तुतिले सबैलाई मोहित तुल्याइसकेको छ। नेपालका स्टेज सोहरूमा अहिलेसम्म ट्याकमा नगाएको यो ब्यान्डको मुख्य विशेषता नेपाली बाजालाई प्राथमिकता दिनु हो। मादल, मुर्चुंगा, धिमे आदि प्रयोग गर्ने कर्माले अबको नयाँ गीतमा पञ्चैबाजासमेत प्रयोग गरेको छ, साथै ब्यान्डले आफ्नो म्युजिक भिडियोको निर्देशन पनि आफैंले गर्ने गरेको छ।

## नजिकबाट — सुरेश अधिकारी



| | | |
|---|---|---|
| जन्ममिति | : | चैत १५ |
| घरमा बोलाउने नाम | : | सुरेश |
| नामको अर्थ | : | देउताको राजा |
| परिचय | : | संगीतकर्मी |
| जन्मस्थान | : | काभ्रे, कुशादेवी |
| रुचि | : | संगीत, समाजसेवा |
| प्रकाशित एल्बम | : | श्रेय, जुनी-जुनी तथा तीन दर्जन चलचित्र |
| सांगीतिक गुरु | : | चुन्नीलाल श्रेष्ठ |
| नजिकका साथी | : | मलाई जसले साथी मान्छन् |
| मनपर्ने परिकार | : | नेपाली खाना |
| पकाउन जानेको परिकार | : | प्रायः नेपाली सबै |
| मनपर्ने रंग | : | गुलाफी |
| मनपर्ने पहिरन | : | साधारण, मौसमअनुसार |
| मनपर्ने मौसम | : | शरद् |
| मनपर्ने खेल | : | फुटबल |
| फुर्सदमा | : | घुमफिर |
| मनपर्ने गीत | : | न यता भए, न उता भए (भक्तराज आचार्य) |
| रिस उठेको बेला | : | गीत रचना गर्छु |
| मनपर्ने आफ्नै बानी | : | रिसाउन जान्दिनँ |
| पहिलो गीत | : | म मरेको पल तिमी डोली चढ्नु |
| पहिलो एल्बम | : | श्रेय |
| पहिलो चर्चित गीत | : | म मरेको पल (एल्बमको) मुग्लिङ पारि (चलचित्र माया नमार) |
| सबैभन्दा बढी माया | : | आमालाई |
| पहिलो बाजा | : | मादल |
| पहिलो प्रेम | : | संगीत |
| पहिलो फोटोसेसन | : | राजभाइ सुवाल |
| राम्रो बानी | : | कामप्रति सजक |
| नराम्रो बानी | : | चाँडो विश्वास गर्ने |
| गोप्य कुरा | : | म एक खुला किताब हुँ |
| अन्य प्रतिभा | : | क्यारिकेचर गर्न सक्छु। |

# मुम्बईमा नेपाली हामी, नेपाल हाम्रो



प्रत्येक साताजसो व्यावसायिक रूपमा सांस्कृतिक कार्यक्रम हुने मुम्बईमा हरिश इन्टरटेनमेन्ट ग्रुपको पहिलो प्रस्तुति विविध मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम नेपाली हामी, नेपाल हाम्रो गत आइतबार परेलस्थित दामोदर नाट्यगृहमा सम्पन्न भएको छ। कार्यक्रममा युवा गायक सँर्यकुमार छेत्रीले रेलमा चढेसी गीत तथा गायिका सीता केसीले बिर्सियौ कि कुन्नी लोकदोहोरी गीत प्रस्तुत गरी दर्शकहरूको मन जितेका थिए भने अर्का गायक कृष्ण केसीले नमुछे आमा दहिमा टीका र म हुँ नेपाली बाबु मेड इन नेपाल गीत प्रस्तुत गरी मनोरञ्जन प्रदान गरेका थिए।

कार्यक्रममा दोहोरी गायक सुर्यकुमार छेत्री तथा सीता केसीले पनि दोहोरी प्रस्तुत गरेका थिए भने युवा गायक संजय सोनी र सीता केसीले माझी दाइ तारिदेऊ डुंगा दोहोरी गाएर दर्शकहरूलाई नचाएका थिए। कार्यक्रममा रमेश विक बिजुलीको ब्रेक डान्स तथा त्रिमूर्ति सन्दीप, संजोग र शहिनका साथमा महेश्वरी बोगटी, माया बोगटी तथा टिना शेपालीले गरेको सामूहिक नृत्य सबैले मन पराएका थिए। उक्त अवसरमा धीरज सोनीलगायतका कलाकारको नृत्यले दर्शकहरूलाई पेट मिची-मिची हँसाएको थियो भने युगल जोडी सुरेश खाती र मीना खातीले पनि उत्कृष्ट नृत्य प्रस्तुत गरेका थिए।

कार्यक्रममा सहभागी कलाकारहरूले विभिन्न लोक, आधुनिक तथा चलचित्रका गीतहरूमा रोचक नृत्य प्रस्तुत गरेका थिए।

– वीरेन्द्र पौडेल

# रेडक्रस सांस्कृतिक साँझको रौनक

नुवाकोट- सांस्कृतिक एवं सांगीतिक कार्यक्रम कमै हुने नुवाकोट आइतबार साँझ मनोरञ्जनपूर्ण रह्यो। नेपाल रेडक्रस सोसाइटी केन्द्रीय सभाको ३७ औं महाधिवेशनका अवसरमा विदुरमा आयोजित सांगीतिक कार्यक्रमले दर्शकलाई फरक-फरक स्वादको मनोरञ्जन दिन सफल भयो।

पाहुनालाई सांस्कृतिक एवं सांगीतिक स्वागत गर्ने क्रममा ७५ वटै जिल्लाबाट आएका पाहुनासँग नुवाकोटवासीले पनि रमाइलो बाँड्ने मौका पाए। दोहोरी गायक दामोदर खतिवडाले रसुवाको लाङ्टाङ क्षेत्रलाई समेटेका 'लाङटाङ थोराङपास' भाकाको लोकदोहोरीले दर्शकहरूलाई जुरुक्क उचालेको थियो। गायक खतिवडा, सपना गुरुङ, भरत सुवेदी आदि कालाकारले प्रस्तुत गरेको दोहोरीमा दर्शकहरू मञ्चमै आएर कम्मर मर्काएका थिए।


अर्किड एकेडेमीले तयार पारेको परम्परागत सांस्कृतिक नृत्यहरूले थप मनोरञ्जन दिएको कार्यक्रममा नेवारी नृत्य, घाटु नृत्य, झाँक्री नृत्य, तमाङ सेलो भाकामा चौरीगाठालाका गीतमा नाचिएका जीवन्त नृत्यले सबैको मन छोएको थियो। यसै गरी बाहुन बाजा, तामाङ परम्परागत झाँकी, भजन, चुड्का नृत्य प्रस्तुत गरेर नुवाकोटले आफ्नो पहिचानको परिचय दिएको रेडक्रसका जिल्ला सभापति विष्णुराज नेपालले बताए।



–नवदीप अजनवी

## कविता

### साँचेर जिएँ



साथीभाइको माया हजुर साँचेर जिएँ
बैगुनीको घात मुटुमा हजुर टाँसेर जिएँ।
कति झूटो रहेछ दुनियाँ तिम्रा-मेरा लागि,
बिनासंगीत जिदगी यो नाचेर जिएँ।
देउरालीमा भाकल गरी बन्धन बाँधियो
खै कुन्नि त्यसैलाई मासेर जिएँ।
मरिलानु के छ र हजुर यो जुनीमा ?
टुक्रिएको माया सबै गाँसेर जिएँ।
मुटुभरि वेदना आँखाभरि आँसुहरू,
तैपनि पलपल हजुर हाँसेर जिएँ।
कति जनाको प्यारो चीज रै'छ यो ज्यान,
त्यसैले जिन्दगी यो बन्धनमा राखेर जिएँ।

– रश्मिला कवाङ

### के गर्नु

अकबरी सुनलाई कसी लाएर पो के गर्नु
मृत्युपश्चात् स्वर्गकै बास पाएर पो के गर्नु
कर्म अनुसारको फल त सबैले भोग्नैपर्छ
धर्मका निम्ति भनी मन्दिर धाएर पो के गर्नु
आफ्नै मनमा शान्ति नभएसम्म के सुख मिल्ला र
दुईका साटो चार छाक नै खाएर पो के गर्नु
समानुपातिक विकास भए पो सप्रन्छ राष्ट्र हाम्रो
व्यर्थैमा एउटाको गुणगान गाएर पो के गर्नु
मरेपछि सबैलाई एउटा टुक्रो कात्रो मिल्ने न हो
हीरा र मोती शरीरैभरि लाएर पो के गर्नु।

–आकाशचन्द्र न्यौपाने

### चिन्ता किन हुन्थ्यो

हातमा सिप छ तिम्रो, कामको चिन्ता किन हुन्थ्यो
फुर्सद कहिल्यै छैन दामको चिन्ता किन हुन्थ्यो
फुर्सद तिमीलाई कहां छ र, आफ्ना बारेमा सोची बस्ने
महान् कार्य गर्छौ अनि, नामको चिन्ता किन हुन्थ्यो
अन्नपात खेतीबाली, टन्न घरमा भएपछि
आफ्ना कामहरू तिमी, सबै आफैं गर्छौ भने
खाजा खान पाउरोटीलाई, जामको चिन्ता किन हुन्थ्यो
कति धेरै काम गर्छौ, सधैं तिमी हुन्छौ व्यस्त
चिटट्ठी लेख्ने फूर्सद छैन, खामको चिन्ता किन हुन्थ्यो।

–बद्री शिवाकोटी

### दिलको व्यथा

दिल खोली तिमीसँग बात गर्नुपर्ने
मनको त्यो मझेरीमा सँगै झर्नुपर्ने
एकान्तमा एक्लै बाँच्न पनि गाह्रो
जिन्दगीमा सँगसँगै जूघार तर्नुपर्ने
अझैसम्म बाँझै रह्यो यो दिलको बारी
खनजोत गरी पिरतीको बीउ छर्नुपर्ने
बुझी साध्य छैन रेसम सबैका व्यथा
सम्झिएर कति कुरा आफै छक्क पर्नुपर्ने।

–रेसमकुमार सुनुवार

### हाइकु

१ बदामी आँखा
झिमझिम परेली
प्रेमको निम्तो।
२ आँखामा पानी
मनभरि वेदना
रुग्ण प्रतीक्षा।
३ नेताको बोली
संविधान-सभाको
कठपुतली।

–ऋषि धिताल

## लघुकथा

### मुक्तिको खोजी

छोरा पाउने रहर हुँदाहुँदै पनि चारवटी छोरी मात्र दिएर रामेकी स्वास्नी परलोक गएपछि आफ्नो जायजेथा धितोमा राखेर रामले अर्की श्रीमती विवाह गर्‍यो। विवाह गरेको पाँच वर्ष बितिसक्दा पनि रामेकी नवश्रीमतीले कुनै सन्तान दिन सकिनन् अर्थात् उनी बाँझी भइन्। छोरा पाउने लालसामा सम्पत्ति धितोमा राखेर ल्याएकी श्रीमतीले सन्तान पाउन नसक्दा रामेलाई रिस उठ्यो अनि प्रत्येक दिन एउटा न एउटा निहुँ खोजेर श्रीमतीलाई पिट्नु उसको दैनिक क्रिया हुन थाल्यो। श्रीमान्‌बाट पाएको कुटिल यातना श्रीमतीले सौताका नाबालक सन्तानमाथि पोखी। फलस्वरूप उक्त घरमा दैनिक कलह मच्चिन थाल्यो।

सयम बित्दै गयो। धितोमा राखेको सम्पत्ति लिलामी हुन पुग्यो अनि उनीहरूको उठिवास भयो। घर भताभुङ्ग भएपछि रामे लाहुरेतिर पस्यो। श्रीमतीचाहिँ माइततिर लागी। छोराछोरीहरूको बिचल्ली भयो। अहिले रामे आफ्नो पुरानो सुन्दर घर-परिवारको खोजीमा छ, रामेकी श्रीमती आफूले पाएको यातना मुक्तिको खोजीमा छिन् भने छोरीहरू आफ्ना पढ्ने-लेख्ने अधिकारको खोजीमा तड्पिरहेका छन्, पिल्सिरहेका छन्।

–गोपालप्रसाद आचार्य

## सन्देश



सुजु, तिमीसँग बसेर एक कप चिया पिउने धोको अधुरै रहलाजस्तो छ। अब त गर्मी लाग्यो। एकपटक सँगै बसेर एक बोतल कोक पिउने प्रस्ताव राख्छु। केही दिनमै म सायद सधैंका लागि जनकपुर जान्छु। त्यसपछि भेट होला-नहोला। हुन्छ भने एकपटक फोन गर्दिए आभारी हुनेथिएँ।

sant555@gmail.com

ढिलो भए पनि मेरी प्यारी नायिका सञ्चिता लुइँटेललाई जन्मदिनको शुभकामना। सधैं प्रगतिको बाटोमा अघि बढिरहनुहोला।

**निर्भय**

अब गठन हुने सरकारले देशको बेरोजगार, महँगी र अपराधीहरूप्रति विशेष विचार पुर्‍याओस्, नेताहरूमा बेलैमा चेत आओस्।

**सीताराम**

शनिबारको दिन मादल बोकेर सुन्दरीजल आउने र मैले मादल बजाउन आउँछ भन्दा आउँछ भन्नेसँग मित्रताको हात बढाउन चाहन्छु भोलि ठीक दस बजे गोपीकृष्ण हलको गेटमा आउनु है।

**कुमा**

कान्छी, चैत पूर्णिमा जात्राको दिन स्वयम्भूको भेटमा त्यति राम्रो चिनजान हुन सकेन तिमी पनि खुलेर बोलिनौ, फोन गर्नु ल।

**बुद्ध**

बल्खुबाट हेटौंडासम्म टाटा सुमोमा सँगै यात्रा गर्ने, चाबहिलमा अध्ययन गर्ने अपरिचित साथी तपाईंको नाम सोध्नचाहिँ बिर्सिएँछु। त्यसैले आफ्नो नाम इमेल गर्नुहोला। तपाईं मलाई फ्रेन्डली लाग्यो, त्यसैले ओन्ली फ्रेन्ड, अन्यथा नसोच्नुहोला।

**सँगै सिटमा बस्ने**

सपना, हार्दिक शुभकामना। तिम्रा आउने दिनहरू सुखका साथ बितून्। हरेक पाइलाले सफलता पाउन्। धेरै-धेरै सम्झना।

**लाक्पा**

अञ्जु, जन्मदिनको हार्दिक शुभकामना। तिम्रो सुस्वास्थ्य, दीर्घायु अनि उत्तरोत्तर प्रगतिको कामना सहित तिमीले चालेका प्रत्येक पाइलाले हरपल सफलतालाई चुमिरहुन्। परीक्षाका लागि बेस्ट अफ लक।

**सञ्जीव**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ....................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव : .................... वैवाहिक स्थिति : ....................

अभिरुचि : .................... वर्ण : ....................

इमेल : ....................

ठेगाना : ....................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

....................

....................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटोमा

# दुखेको मन



मेरो जन्म सुदूरपश्चिमको पहाडी जिल्ला अछाममा भए पनि बाल्यावस्था भने कैलालीमा बित्यो। ममा सानैदेखि लजालु स्वभाव थियो जुन अहिलेसम्म ज्युँको त्युँ छ भन्दा फरक पर्दैन। कुरा केही महिनाअघिको मात्र हो। एक दिन छुट्टीको अवसर पारेर म न्यूरोड घुम्न गएँ। त्यसो त मलाई विशालबजार घुम्ने इच्छा नभएको होइन। जब म न्यूरोडको एउटा फेन्सी स्टोरमा प्रवेश गरें, एकाएक भित्रबाट एक नवयुवतीले 'हजुर' के खोज्नुभएको हो ? भनेर मन्द मुस्कानका साथ बोल्दा मेरा शरीरका सारा पार्टपुर्जा एकैसाथ हल्लिन थाले। मनमनै सोचें, कसैले जीवनमा पहिलोपटक यसरी हजुर भनेर बोलाएको दृश्य आँखाभित्र कैद गर्न पाए हुन्थ्यो जस्तो लाग्यो।

मैले एउटा टिसर्ट देखाउन आग्रह गरें। उनले रातो रंगको टिसर्ट देखाइन्। मलाई लाग्यो मेरो मनपर्ने रंगको टिसर्ट कसरी उनले देखाइन्... ? एकछिन त अचम्ममा परें। मनमनै खुसी लाग्यो र टिसर्टको मूल्य तिरें अनि आफ्नो डेरातर्फ लागें। जाँदाजाँदै उनले फेरि भनिन्- फेरि-फेरि पनि आउनुहोला है... । यी शब्दहरू मेरो मस्तिष्कमा रेकर्ड नै भैसकेछन्। त्यो रात मलाई राम्रोसँग निद्रा लागेन, जसरीतसरी त्यो रात काटें।

जब बिहान भयो, खाना खाएर क्याम्पसतिर लागें। क्याम्पसको प्रवेशद्वार खोलेर भित्र जान खोज्दै थिएँ। पछाडिबाट एउटी युवती मसँगै क्याम्पस प्राङ्गणमा प्रवेश गरिन्। यसो फर्केर हेर्दा उनी त हिंजोकी त्यही फेन्सी स्टोरमा बस्ने युवती थिइन्। एकाएक मेरो मस्तिष्कमा हिजोका कुरा एकपछि अर्को गरी क्रमशः आउन थाले।

त्यसमा पनि सन्जोगको कुरा के थियो भने, मैले त्यो दिन उनकै फेन्सी पसलको रातो टिसर्ट लगाएको थिएँ। मनमा धेरै कुरा खेलाएर बायोलोजिकल ग्रुपको कोठामा प्रवेश गरें र कुनाको बेन्चमा गएर बसें। एकैछिनमा अलि पछाडितिर नजर लगाएको त उनी पनि त्यहीं थिइन्। म निकै खुसी भएँ। किनकि मलाई उनको बोली अमृतजस्तो अनि मुहार चन्द्रमा जस्तो लागेको थियो। भित्रभित्रै मैले उनलाई मन पराउन थालिसकेको थिएँ। हुन त मायाप्रेम भन्ने कुरा भनेर-गरेर हुने होइन। यो त आफसेआफ हुन्छ। त्यस्तै-त्यस्तै कुरा मनमनै सोचेको बेलामा बाइलोजी पढाउने सरले प्रश्न सोध्नुभयो र मलाई उत्तर आएन, किनकि मेरो ध्यान टपिकतिर थिएन, उनीतिर थियो। सर मसँग निकै रिसाउनु भो तर पनि मन खिन्न थिएन, किनकि मैले कमसेकम उनलाई नजिकबाट नियाल्न त पाएको छु। क्लास सिद्धिएपछि मैले उनलाई इसाराले बोलाएँ। उनी म नजिक आइन् र सञ्चै छौ ? भनिन्, म त लाजले रातोपिरो भएँ, केही पनि भन्न पाइनँ त्यो दिन।

दिन, महिना अनि वर्ष बितेको पत्तै हुँदैन। यदि मनको कुरा कसैलाई नभनेर कुण्ठित भएर बस्ने हो भने। त्यसैले भोलिपल्ट मैले उनलाई असाध्यै माया गरेको कुरा भन्ने साहस बटुलेर क्याम्पसतिर लागें तर आज त उनीसँग एउटा केटा कुममा कुम जोडेर अँगालो मार्दै मेरो अगाडिबाट एक्कासी ओझेल परेको देख्दा म असह्य पीडाको आगोमा नराम्रोसँग जल्न पुगें। पत्तै भएन– त्यहाँबाट सीधै मोडिएर आफ्नो डेरामा आइपल्टे... । म रोएँ, बेस्सरी... आँसुका ढिक्का खसालेर... । सोचें जीवनमा कसैलाई पहिलो पटक प्रेम गरें तर मेरो मन यसरी दुख्यो कि त्यो पीडा कम गर्ने ओखती छैन।

**– मीन**

## कुपन सन्देश

पाउने :

पठाउने :


सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथी



हाई स्कुल उत्तीर्ण पुष्पा गुरुङ २४ वर्षकी छिन्। चञ्चले स्वभावकी पुष्पा ५ फिट २ इन्च अग्ला छिन्। नयाँ साथी बनाउने रुचि भएकी पुष्पा अविवाहित हुन्। उनी सबै जनासँग घुलमिल हुन सक्ने, अध्ययनशील तथा सहयोगी भावनाका पुरुषहरूलाई पत्राचार गर्न आग्रह गर्छिन्। गुरुङको ठेगाना गुम्दा-५, माछाखोला, गोरखा हो।



राम्रो बानी भएका युवतीहरूसँग मित्रता गाँस्न चाहने सन्तोष श्रेष्ठ २० वर्षका छन्। ५ फिट ५ इन्च अग्ला सन्तोषले प्रवेशिका उत्तीर्ण गरेका छन्। मिजासिलो स्वभावका सन्तोष जागिरे पनि हुन्। उनलाई झौखेल-७, होटल प्लानेट, भक्तपुरमा पत्राचार गर्न सकिन्छ।

# तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?

मनपर्ने खेलाडीहरू त निकै छन् । प्रायः म फुटबलका खेलाडीलाई मन पराउँछु । जस्तै- डेबिड बेकहम, रोनाल्डो, रोनाल्डिनो । उनीहरूको खेल कौशल मलाई मनपर्छ ।

**रेशम सुनुवार**

केटीहरूले त डेबिड बेकहम भन्छन् तर मलाई मारिया सारापोभा नै मन पर्छिन् ।

**युवराज न्यौपाने** (२१), **बलाम**

सानिया मिर्जा ..., हेर्नुस् त उनी कति सुन्दर छिन् ?

**टीकाराम अर्याल, काठमाडौं**

मलाई मनपर्ने खेलाडी पेले हुन् । किनभने उनको खेलमा जादु थियो । उनको खेल हेर्न भनेर नै दुई दिन युद्ध स्थगित गरिएको थियो ।

**निरोज भट्टराई**

मलाई मनपर्ने खेलाडी मेरी आफ्नै प्रेमिका, किनकि उनले मसँग प्रेमको राम्रो खेल खेलिन् ।

**अनिल श्रेष्ठ** (१६), **सिन्धुली**

मनपर्ने खेल क्रिकेट र फुटबल भए पनि मलाई त मारिया सारापोभा नै मन पर्छिन्, खै के जादू छ उनमा... ?

**दिनेश न्यौपाने** (२१), **बलाम, स्याङ्जा**

मलाई मनपर्ने खेलाडी पारस खड्का हुन्, किनभने पारस जस्तो खेलाडी भए क्यानको भविष्य उज्ज्वल हुन्छ ।

**शशिकान्तकुमार गुप्ता** (१९), **पर्सा**

सम्पादकज्यू, आफूलाई खेल भन्ने कुरै मन पर्दैन, त्यही भएर कुनै पनि खेलाडी मलाई मन पर्दैनन् ।

**राम त्रिपाठी** (२२), **सर्लाही, नयाँरोड**

नेपाली क्रिकेट टिमका अलराउण्डर मेहबुब आलम, किनकि उनको ब्याटिङ आक्रामक र बलिङ धारिलो छ । जसका कारण नेपालले धेरै खेलमा जित हासिल गरेर हामी सबैको शिर उचो बनाएको छ ।

**अनिल पोखे्रल, इटहरी, सुनसरी**

म आफू फुटबल खेलाडी भएकाले सम्पूर्ण फुटबल खेलाडीलाई मन पराउँछु । त्यसमा पनि उपेन्द्रमान सिंहचाहिँ राम्रा छन् ।

**दीपेन्द्र देउवा, डडेलधुरा**

मलाई खेलप्रति चासो नभएको त होइन । खेलप्रति एकदमै चासो छ तर खेल्न भनेर कहिलेकाहीँ साथीहरूसँग खेल मैदानमा जान्छु, खुट्टै लाग्दैन । मलाई मनपर्ने खेलाडीचाहिँ वसन्त गौचन हुन् ।

**खड्कमणि थामी** (२४)

हरि खड्का हुन् ।

**सन्दीप उप्रेती** (१९), **सर्लाही**

अनिल ओझा, विकाससिं क्षेत्री, रूपक र रूपेश । किनकि अण्डर १७ मा नेपाललाई लज्जास्पद पराजयबाट बचाइराख्या छन् उनीहरूले ।

**युजल घिमिरे** (१५), **शनिश्चरे, मोरङ**

मलाई मनपर्ने खेलाडी जिनेदिन जिदान हुन् ।

**चतुर कुलुङ** (१८), **छेस्काम, सोलुखुम्बु**

फुटबलमा हरि, जुमानु, वसन्त, जिदान, क्रिकेटमा पोन्टिङ, ली, हेडन, टेनिसमा सानिया, फेडरर र सारापोभा ।

**जयराम भट्टराई, जनकपुर**

वैकुण्ठ मानन्धर, जसले एक समय नेपालीको शिर उँचो बनाएका थिए ।

**टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

मलाई त आफ्नी प्रेमिका, किनकि उनले मसँग प्रेमको रोमाञ्चकारी खेल खेलेकी थिइन् ।

**सुजन अधिकारी** (२४), **गैंडाकोट**

खेलमध्येमा फुटबल खेल मनपर्छ । त्यसैले फुटबल खेलाडी हरि खड्का रोजाइका पात्र हुन् ।

**उद्धवकुमार थापा** (१९), **काठमाडौं**

रोनाल्डिन्हो, उनी मजस्तै कालो भएकाले ।

**केआर निर्दोष** (१८), **टीकापुर**

नेपालमा लायक खेलाडी जन्मिएकै छैनन् । जन्मिएपछि भनौंला ।

**गोकर्ण लामिछाने** (१७), **स्वयम्भू**

बेकह्याम, उनको पर्सनालिटी अनि खेल्ने स्टाइल राम्रो लाग्छ ।

**सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

ला... मैले त खेलाडी नै चिनेको छैन सम्पादकज्यू, अब के गर्ने ?

**मीनबहादुर परियार** (१९), **सिरहा**

नेपालका नेता भनाउँदा खेलाडीहरू जसले राजनीतिको भीषण खेल नेपाली जनतालाई देखाइरहेका छन् ।

**सम्पूर्ण प्रजापति, ठिमी**

पेले, किनभने गरिबीका बावजुद पनि संघर्ष गरेर उनी विश्वमा फुटबल खेलाडी भएर चिनिन सफल भए । उनले संघर्ष नै विजय हो भन्ने पाठ सबैलाई सिकाएका छन् ।

**यसोदा महत** (२१), **सौठा, मोरङ**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
२. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
३. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
४. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
५. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
६. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
७. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
८. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
९. यो संसार कस्तो छ ?
१०. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?



## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २५ वर्षीय विवाहित युवक हुँ । मैले विवाह गरेको तीन वर्ष भयो । मेरी छोरी डेढ वर्षकी भइन् । हामी आपसी सल्लाहअनुसार पूर्ण रूपमा उत्तेजित भएर मात्र यौनसम्पर्क राख्छौं । यौनसम्पर्कको अवधि करिब १५ मिनेटदेखि लिएर आधा घण्टासम्म हुन्छ । चरमविन्दुमा पुगिसकेपछि केही समयपश्चात् हामी दुई अलग्गिन्छौं, जुन समयमा मेरी श्रीमतीको योनिका साथै मेरो लिंग पनि पोल्छ । यस्तो पीडा किन भएको होला ? र कुनै-कुनै समयमा मेरी श्रीमतीको (यौन सम्पर्कको समयमा) योनि चिलाउँछ । फेरि योनिमा वा मेरो लिंगमा कुनै खटिरा वा यौनरोग छैन । उनी र मबीच बाहेक हामीले कुनै महिला वा व्यक्तिसँग शारीरिक सम्पर्क राखेका छैनौं ।**

**अर्को समस्या, मेरो लिंग जन्मँदै माथी टुप्पाबाट तलसम्म बाहिरको छाला झर्दैन । अर्थात् मेरो लिंगको टुप्पामा पिसाब निस्कने भाग मात्र छ । माथि टुप्पासम्म छालाले ढाकेको छ । यो के भएको होला ? म कहिलेकाहीं श्रीमतीबाट टाढा हुँदा वा घरैमा हुँदा हस्तमैथुन गर्छु । हस्तमैथुन गर्दा पनि कहिलेकाहीं अत्यधिक मात्रामा पोल्ने र दुख्ने हुन्छ ।**

**–दे.**

**उत्तर** : चरमसुख प्राप्त गर्ने गरी नियमित रूपमा यौनसम्पर्क राख्नु भएको कुराले हामीलाई खुसी तुल्याएको छ ।

**यौन सम्पर्कपछि किन पोलेको होला ?**

हुन त यौनसम्पर्क एक आनन्द प्रदान गर्ने क्रियाकलाप हो, जुन तपाईंहरूले लिइरहनुभएको छ । यौनसम्पर्कपछि विभिन्न कारणले पोल्न सक्छ । योनि सुख्खा हुनु वा पर्याप्त मात्रामा रस नहुनु यसको कारण हुनसक्छ । यौन उत्तेजनाको समयमा योनिबाट प्रशस्त मात्रामा रस आउँछ, जसले यौनसम्पर्क गर्न सजिलो हुन्छ । यौन उत्तेजनाको समयमा योनिक्षेत्रमा प्रशस्त मात्रामा रगतको वहाव हुने भएकाले योनिको भित्ता रसाएर आउँछ र योनिरस निस्कन्छ ।

पाक्क्रीडा पर्याप्त गरिरहनुभए पनि यस्तो रस पर्याप्त नहुन सक्छ । हुन त तपाईंले आफू दुईबीचबाहेक यौनसम्पर्क नभएको भन्नुभएकाले यौनरोग नभए पनि प्रजनन अङ्गको संक्रमण हुने कुरालाई नकार्न सकिंदैन । योनि चिलाउनु संक्रमणको संकेत हुनसक्छ । यस्तो संक्रमण भएको बेलामा प्रत्यक्ष घाउ-खटिराजस्तो लक्षण नदेखिएको स्थितिमा पनि योनि वा लिङ्गको छाला अन्य बेलाको पूर्ण स्वस्थ नभए यौनसम्पर्कको घर्षणले पोल्न सक्छ । विशेष गरेर भयातुर वा डर भएको कारणले गर्दा यौनसम्पर्क गर्न लाग्दा अकस्मात् यौनिको मांसपेशीको संकुचन भएर पीडा हुने स्थितिमा तपाईंहरू हुनुहुन्छ जस्तो लाग्दैन । अति नै विरलै भए पनि कसै-कसैलाई केही हार्मोनयुक्त औषधीको प्रयोगले पनि यस किसिमको सुख्खापन उत्पन्न गर्न सक्छ । सामान्यतया यौनसम्पर्कमा लिङ्ग प्रवेशको यस्तै दुई मिनेटमा चरमसुख प्राप्त हुन्छ । महिलाको हकमा भने धेरै समय लाग्न सक्छ । पत्रअनुसार तपाईंको यौनसम्पर्क १५ देखि ३० मिनेट लामो रहने बुझिन्छ । यो समयभरिमा निरन्तर यन्त्र चलेजस्तो घर्षण गराइरहने गर्नुभएको छ भने छाला पाच्छिएर पोल्ने स्थितिमा पुग्न सक्छ । यस विषयमा विचार पुऱ्याउनुहोला । अर्कातिर तपाईंको छाला पछिल्तिर नआउने भएकाले बाहिरी छालासँग योनिको भित्री छालाको घर्षण हुँदा केही फरक पर्ने नै भयो । हस्तमैथुन गर्दा पनि तपाईंको लिङ्गको छाला पछिल्तिर नफर्कने हुँदा घर्षण हुँदा सुख्खा भएर छाला पोल्ने हुनसक्छ । त्यसैले यो पनि त्यसको कारण हुनसक्छ ।

यदि योनिरस पर्याप्तमात्रामा नभएको हो भने चिल्लो पदार्थको प्रयोग गर्न सक्नुहुन्छ । पेट्रोलियम जेली वा त्यस्तै कुनै तेल युक्त चिल्लो पदार्थ प्रयोग गर्न सकिन्छ । पेट्रोलियम जेली वा यस्तै तेलयुक्त चिल्लो पदार्थले कन्डमलाई नोक्सानी गर्ने भएकाले पानीमा आधारित चिल्लो पदार्थ प्रयोग गर्नुपर्ने हुन सक्छ । कतिपयले थूकलाई राम्रो विकल्पका रूपमा प्रयोग गरेका हुन्छन् ।


**छाला नझरेको भनेको के होला ?**

हामी सबैलाई थाहै छ कि हाम्रो लिंगलाई छालाले ढाकेको हुन्छ । बाल्यकालमा यसछाला जसलाई अग्रचर्म भनिन्छ, लिंगको मुण्डसंग टाँसिएको हुन्छ तर वयस्क भएपछि यसलाई पछाडितिर फर्काउन कुनै अप्ठ्यारो पर्दैन । कसैकसैमा पछाडितिर फर्काउन सकिंदैन र यस्तो अवस्थालाई हामी Phimosis भन्छौं । प्रायःजसो यस्तो अवस्था जन्मजात नै हुन्छ, तर कहिलेकाहीं यस्तो अवस्था लामो समयसम्म उक्त भागको संक्रमणका कारण पनि हुन सक्छ ।

अग्रचर्मको प्वाल साँगुरिएको भए पनि अलि बल प्रयोग गरेर पछाडि फर्कायो, तर फेरि अगाडि ल्याउन सकिएन भने समस्या पर्छ । यो छालाको साँगुरो भएको भागले लिंगको मुण्डमा कसिलो ब्यान्डजस्तै बनेर दबाब दिन्छ र उक्त भाग सुन्निने हुन्छ । यस्तो अवस्थालाई Paraphimosis भनिन्छ । यस्तो स्थितिको तुरुन्तै उपचार गर्नुपर्छ । पिसाबसमेत फेर्न गाह्रो हुने गरेर यसको प्वाल सानो छ भने मूत्रप्रणालीमा केही असर पार्न सक्छ । यदि मुण्डलाई जहिले पनि छोपिराख्ने अवस्थामा छ भने आवश्यक सरसफाइ हुन सक्दैन र संक्रमणको तथा अन्य गम्भीर अवस्था आउन सक्ने खतरा हुन्छ । यस्तो स्थितिमा लिङ्ग राम्रोसँग उत्तेजित हुन र यौनसम्पर्कमा समेत समस्या पर्न सक्छ, तर तपाईंहरूले राम्रैसँग यौन आनन्द लिइरहनुभएको देखिन्छ ।

Phimosis भन्ने अवस्थाको उपचार भनेको एक किसिमको साधारण शल्यक्रिया नै हो, जसलाई Circumcision भनिन्छ । अस्पताल नै भर्ना नगरी बहिरङ्ग सेवाका रूपमा नै यो शल्यक्रिया गर्न सकिन्छ । उपचारपछि यौनसम्पर्क राख्न बाधा पर्दैन, त्यसैले डराउनुपर्ने स्थिति छैन । आफ्नो अवस्थाको उपचारका लागी अस्पताल वा अन्य स्वास्थ्यसेवा दिने स्थानहरूमा गएर शल्यचिकित्सा विभागमा वा शल्यचिकित्सकसँग भेट्नुहोला ।

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



फरकहरू : कपाल, जुत्ता, ब्याग, फ्रक, झ्याल, पाइन्ट, लुगा, रूख, हात, ढोका ।

## एसियाकै सबैभन्दा गरिब देश नेपाल

प्रतिव्यक्ति आयका आधारमा नेपाल एसियाकै सबैभन्दा गरिब राष्ट्र भएको छ । एसियाली विकास बैंकले सार्वजनिक गरेको 'एसिया तथा प्रशान्तमा अन्तर्राष्ट्रिय तुलना कार्यक्रम २००५ : क्रयशक्ति समानता र वास्तविक खर्च' शीर्षकको प्रतिवेदनमा नेपाल त्यस रूपमा सूचीकृत भएको हो ।

## सस्तो खाद्यान्न पाइने जमाना गयो



एसियाली विकास बैंक (एडीबी)ले विश्वमा सस्तो खाद्यान्न पाइने जमाना सकिएको जनाएको छ । यसअघि नै एडीबीले खाद्यान्नको चर्को मूल्यवृद्धिका कारण एसियामा गरिबीविरुद्धको लडाईं संकटमा परेको निष्कर्ष निकाल्दै केही मुलुकलाई भोका जनतालाई ख्वाउन विदेशी सहयोगको खाँचो पर्ने जनाएको छ । गतवर्ष चामलको विश्वव्यापी उत्पादन शून्य दशमलव ७ प्रतिशतले वृद्धि भएको थियो जुन त्यसको मागभन्दा शून्य दशमलव २ प्रतिशतले कम हो ।

एडीबीले एसियामा चामलको मौज्दात केही दसकयताकै तल्लो विन्दुमा झरे पनि खाद्यान्नको माग पूरा गर्न अझैसम्म पर्याप्त रहेको जनाएको छ । एडीबीले विश्वव्यापी गरिबी घटाउने अभियान जारी राखेका बेला खाद्यान्नको मूल्य थेग्नै नसकिने गरी वृद्धि हुनु चिन्ताको विषय बन्न पुगेको छ । विश्वमा तेल र अन्य उत्पादनको मूल्यवृद्धि, खतीयोग्य जमिनमा बढ्दो सहरीकरण र वातावरणीय समस्या आदिका कारण खाद्यान्नको भाउ बढेको विश्लेषण गरिएको छ ।

### संघर्ष र सफलता

## जर्ज स्कालर

सन् १९५९ मा जर्ज स्कालर २६ वर्षका थिए । यो समयमा उनी मध्यएसियाको विरुंगा ज्वालामुखी क्षेत्रको भ्रमणमा निस्किए । उनको उद्देश्य पहाडी गोरिल्लाहरूको अध्ययन गर्नु थियो । योभन्दा अघि कुनै पनि जीवशास्त्रीले ती गोरिल्लाहरूका बारेमा अध्ययन गरेका थिएनन् । उनी गोरिल्लाहरूसँग एकदमै नजिक भए । उनीहरू पनि मानिसजस्तै हुन् र मानिस र उनीहरूको व्यवहारमा धेरै फरक छैन भन्ने निष्कर्षमा पुगे ।

त्यसपछि उनको यात्रा बढ्दै गयो । उनी अन्य जनावरका बारेमा पनि अध्ययन गर्न थाले । यस क्रममा उनी अफ्रिकाको सेरेङगेटीका सिंह, ब्राजिलका जगुअर र चीनको ओलोङ पहाडका ठूला पाण्डाहरूसँग समेत नजिकिए । जर्ज फिल्ड बायोलोजिस्टका रूपमा संसारमै प्रसिद्ध भए । उनले यी जनावर र मानिसको सम्बन्धका बारेमा धेरै तथ्य जनसमक्ष ल्याए ।

विश्वका लागि प्रकृति आवश्यक छ र जनावर नै प्रकृतिका शोभा हुन् भन्ने उनको मान्यता छ । स्कालर जनावर संरक्षण समाजका अध्यक्ष पनि हुन् । उनले जनावरका लागि संसारका धेरै स्थानमा गरी २० वटा नेसनल पार्क बनाउन सहयोग गरेका छन् । उनी अहिले ७४ वर्षका छन् । स्कालर अहिले अफगानिस्तान, ताजिकिस्तान, पाकिस्तान र चीनको जंगलसमेतलाई जोडेर ठूलो वाइल्डलाइफ क्याम्प निर्माण गर्ने योजनामा छन् । यो क्याम्पका कारण त्यहाँका मार्कोपोलो भेडा संरक्षित हुने उनको विश्वास छ ।

### जन्मदिनको शुभकामना



किसन थापा २०५३ जेठ ३ | देवसी लिम्बू २०६३ जेठ ४ | रुबिना श्रेष्ठ २०५९ जेठ ४

रिचर्ड पाण्डे २०५६ जेठ ५ | सुगत गाहा २०५८ जेठ ६ | ममता जिरेल २०६० जेठ ६ | सम्भव जोशी २०५५ जेठ ७

सोचराज कोइराला २०५५ जेठ ८ | शाश्वत बडाल २०६२ जेठ ८ | रिदम साह २०५८ जेठ ८ | निहाङमा तुम्वाहाङ्फे २०६२ जेठ ८

आयुष रिजाल २०६३ जेठ ९ | आयुष थापा २०५९ जेठ ८ | प्रशन्न अर्याल २०६३ जेठ ३

### कुपन

जन्मदिनको शुभकामना

नाम :..............................

जन्म मिति :..............................

स्कुल :..............................

ठेगाना :..............................

तस्बिर अनिवार्य


तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## हिँडाइ हेरेर व्यक्तिको आयु जान्न सकिने

हिँडाइको गति हेरेर बुढ्यौलीले छोएका व्यक्तिको आयु जान्न सकिने अध्ययनले देखाएको छ । युनिभर्सिटी अफ पिट्सबर्गका अनुसन्धानकर्ताहरूले ६५ वर्षभन्दा माथिका चार सय ९२ जना वयस्क महिला तथा पुरुषको तथ्यांक एक दशकसम्म विश्लेषण गरेका थिए । अनुसन्धानकर्ताहरूका अनुसार सुस्त हिँड्ने व्यक्तिको तुलनामा छिटो हिँड्ने व्यक्ति लामो समयसम्म बाँच्न सक्छन् ।

स्वतस्फूर्त रूपमा सामान्य गतिमा भन्दा छिटो हिँड्ने व्यक्तिले उसको आयुको राम्रो छनक दिन्छ । छिटो हिँड्ने व्यक्तिको दर्जा पाएका वयस्कले प्रतिघन्टा साढे दुई माइल र ढिलो हिँड्नेको सूचीमा परेका व्यक्तिले प्रतिघन्टा डेढ माइल पार गर्ने गरेका थिए । हिँडाइको गति हेरेर सम्बन्धित व्यक्तिको मुटु, फोक्सो, हातखुट्टा र रक्तसञ्चार प्रणालीको स्वास्थ्य पनि जान्न सकिन्छ ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - १८




**प्रतियोगीको नाम :**

**ठेगाना :**

**ठाडो**

१ साइबर गर्ल (३,३)
२ चलचित्र विषका नायक (३,३)
३ पोखरा ए का गोलरक्षक (३,२)
४ लभगुरु (२,२)
५ भ्याकुम क्लिनरमा प्रविधि (२)
६ रसुवाको एक गुम्बा (३)
७ युरो फुटबलको समूह सीमा (४)
८ डाइरेक्टर्स हटकेक नं. ३ (२,३)
११ जन्मदिनमा ओभ्रा थरका बालक (२)

**तेर्सो**

१ डाइरेक्टर्स हटकेक नं. २ (४,३)
२ एस्पी कोइरालाको कविता संग्रह (३,४)
३ बालाजी टेलिफिल्ममा अडिसन (३,४)
४ डाइरेक्टर्स हटकेक नं.४ (३,३)
९ नायिका विपनाको थर (२)
१० एक राशि (३)
११ युरोपमा फुटबल प्रतियोगिता (२)
१२ तेस्रो युरो कपको फाइनलमा (५)
१३ अन्तर्मनको यात्रामा (४,३)


**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ ।

### साप्ताहिक शब्दजाल प्रतियोगिता नं. १० को विजेता


**नवीन अधिकारी, सामाखुसी, काठमाडौं**

### तल दिइएको चित्रमा कुन-कुन सामानहरू लुकेका छन् ?



लुकेका सामानहरू : माछा, सर्प, मुसा, हाँस, चरा, भ्यागुतो ।

### बाटो पत्ता लगाऊ ?





# हनिमुन म्यानर्स

वैवाहिक सम्बन्धमा हनिमुनको विशेष महत्त्व हुन्छ। विवाहको समयमा दुलहा-दुलही एक-अर्काको व्यवहारबाट पूर्णरूपले जानकार हुँदैनन्। एक-अर्कालाई नजिकबाट बुझ्न, सम्झन तथा अन्तरङ्गताका लागि हनिमुनभन्दा राम्रो अर्को विकल्प हुन सक्दैन।

• हनिमुनका लागि कहाँ जाने हो दुलहा-दुलहीले सल्लाह गर्नुपर्छ। कतिपय अवस्थामा दुलहीले यो विषयमा सीधै कुरा नगर्ने भएकाले उनको भित्री इच्छा बुझ्ने प्रयास गर्नुपर्छ। उनलाई मनपर्ने ठाउँ कुन हो, ड्रिम डेस्टिनेसन कहाँ छ, उनलाई चिसो ठाउँ मनपर्छ कि हिल स्टेशन आदि। हनिमुन स्पट जति सुन्दर र रोमाण्टिक रह्यो उति नै नयाँ जोडीलाई रमाइलो र आनन्द मिल्ने भएकाले हनिमुन स्पट छनौट गर्दा पर्याप्त सजगता अपनाउनु राम्रो हुन्छ।

• हनिमुन नयाँ जोडीको जीवनमा सुनौलो क्षण भएकाले यसमा हुने खर्चमा कन्जुस्याइँ गर्नुहुँदैन। बस्ने, खाने, घुम्ने आदि कुरामा मन खोलेर खर्च गर्नु राम्रो हुन्छ। राम्रो पर्यटन स्थल, आरामदायक होटल, लक्जरियस सयर, सपिङ आदि हनिमुनको अनिवार्य पक्ष हो। यदि बजेट कम छ भने नजिकको स्पट छनौट गर्न सकिन्छ। साताभरि नभएर तीन दिनको ट्रिप बनाउन सकिन्छ। समय र दूरीको कटौतीसँगै त्यसको लाभ आपसी सम्बन्धबाट उठाउने प्रयास गर्नु राम्रो हुन्छ।

• खानपिनको मामिलामा व्यक्तिअनुसार रोजाइ फरक हुन्छ। अतः खानाका लागि केही कुरा अर्डर गर्नुपूर्व आफ्नो साथीको रोजाइ बुझ्ने प्रयास गर्नुपर्छ। यदि कसैलाई ननभेज मनपर्छ र अर्कालाई भेज मनपर्छ भने सल्लाह गरी आ-आफ्नो खाना मगाउन सकिन्छ। चिया र कफीका सम्बन्धमा भने उनको रोजाइलाई प्राथमिकता दिनु उचित हुन्छ। एकजनामा बिहानै उठ्ने बानी छ र अर्कामा अबेरसम्म सुत्ने चाहना छ भने पनि भरसक अबेरसम्म सुत्न दिनुपर्छ। त्यतिबेलासम्म आफू फ्रेस भएर, आफ्नो काम सक्नुपर्छ र सम्भव भए उनका लागि बेड टीको व्यवस्था गर्न सकिन्छ। यसबाट आपसी सम्बन्धलाई सुमधुर बनाउन सहयोग मिल्छ।

• हनिमुनको समयमा धूम्रपान तथा मद्यपानबाट टाढै रहनु राम्रो हुन्छ। विशेष रूपमा यदि साथीलाई ती कुराहरूबाट घृणा छ भने अझ सतर्कता अपनाउनुपर्छ। हनिमुनमा कृत्रिम नशामा झुम्नु भन्दा आपसी प्रेमको नशामा रम्नु उचित हुन्छ। हनिमुनको वास्तविक उद्देश्य पनि यही हो।

• अपरिचित ठाउँ वा सहरमा हनिमुन जोडी एक-अर्काको सहारा हुन्छ। तिनको संसार तिनमै सीमित हुन्छ। त्यसैले दुवैले आफ्ना निजी स्वार्थलाई छाडेर एक-अर्काको आवश्यकताका विषयमा ख्याल राख्नुपर्छ। एक-अर्कालाई के मनपर्छ, के मनपर्दैन, के राम्रो लाग्छ, के राम्रो लाग्दैन बुझ्ने प्रयास गर्नुपर्छ। एक-अर्काको इच्छाअनुसार कुनै काममा संलग्न हुनु उचित हुन्छ।

• हनिमुनका बखत नवविवाहिताहरू आफूलाई एक्लो महसुस गर्छन्। उनीहरू आफ्ना घरपरिवारलाई छोडेर आएका हुनाले उदास पनि रहनसक्छन्। यो स्थितिमा उनलाई इमोसनल सपोर्टको आवश्यकता पर्छ। उनलाई साथ दिनुका साथै उनका परिवारसित बेलाबखत फोनमा कुरा गराउनु उचित हुन्छ।

• तनावबाट बच्नुपर्छ। दुई व्यक्तिको स्वभाव एक समान कहिल्यै नहुने भएकाले आपसी विचार एवं स्वभावको मतभेदका कारण तनाव उत्पन्न हुने सम्भावना रहन्छ। अतः यो समयमा बहसमा पर्नुभन्दा सम्झौता र संयमपूर्वक काम गर्नु बुद्धिमानी हुन्छ।

• यदि आफ्नो साथीको केही कुरा चित्त नबुझे तुरुन्त रियाक्ट गर्नु हुँदैन न त सार्वजनिक रूपमा त्यस विषयमा कुरा गर्नु नै ठीक हुन्छ। शब्दमा भन्दा शारीरिक एवं मुखाकृतिको भावबाटै आफ्नो मनको कुरा दर्साउनु ठीक हुन्छ।

• हनिमुनबाट फर्कदा आफ्ना परिवारजनका लागि सानो-ठूलो उपहार ल्याउनु पनि राम्रो मानिन्छ। यसबाट परिवारप्रति तपाईंहरूको दृष्टिकोण र स्नेह झल्किन्छ भने परिवारले पनि बुहारीलाई हेर्ने दृष्टिकोणमा आत्मीयता थपिन्छ।

**–रोजिन शाक्य**

# एक-अर्कालाई बुझौं



मेन आर फ्रम मार्स एन्ड वुमन आर फ्रम वीनस अर्थात् पुरुष र महिलाहरूमा यति धेरै फरक छ कि यसलाई स-सानो कुराबाट महसुस गर्न सकिन्छ। पुरुष चुप लागेर बस्नुको अर्थ र कारण जहिले पनि, महिलाहरू चुप लागेर बस्नुजस्तो हुँदैन। यदि ध्यान दिएर हेर्नुभएको छ भने जुन कुरालाई केटीहरू देखेर पनि नदखेजस्तो गरी, वास्ता नगरी चुप लागेर हिंड्छन्, त्यही कुरामा केटाहरू झगडा गर्न तम्सन्छन्। जबकि चुप लागेर पनि त्यो समस्या समाधान हुन सक्छ। धेरैजसो पुरुष कुनै गम्भीर मुद्दामा मौनताको हतियार प्रयोग गर्छन्, खासगरि प्रेमिकासँग जीवनको गम्भीर निर्णयको सन्दर्भमा। निशा र कमलको प्रेम अघिल्लो तीन वर्षदेखि चलिरहेको छ। अब निशा लाइफमा सेटल हुन चाहन्छिन् र उनका आमा-बुबाले पनि यो कुरामा उनीमाथि दबाब दिइरहेका छन्। भर्खरै उनीहरूका बीच भएको एक भेटमा निशाले भनिन्– 'हिंजो राती बुबाले सोधिरहनुभएको थियो कि तिमीले आफ्नो क्यारियरका बारेमा के निर्णय गरेकी छौ ? अब तिमी नै भन, म उहाँलाई के जवाफ दिऊँ ? अबको दुई वर्षपछि तिमी आफूलाई कहाँ देख्छौ। भन न... बुबाले तिम्रा बारेमा यही सोधिरहनुहुन्छ।'

निशाका प्रश्नहरू सुनेर कमलले मनैमनमा सोच्यो, अबको दुई वर्षपछि म आफूलाई तिमी र तिम्रो बुबा दुवैबाट धेरै टाढा देख्छु तर मनका कुरा मुखमा ल्याउन सकिँदैनथ्यो। त्यही भएर कमलले अनुहारमा गम्भीरताको भाव ल्याउँदै, टाउको सुस्तरी हल्लाएर डिप्लोमेसीले काम लियो। निशालाई कमलको यस्तो व्यवहार देखेर साह्रै रिस उठ्यो र भनिन्– 'यसको अर्थ के हो ? तिमी कुनै पनि कुरालाई किन गम्भीरतापूर्वक लिँदैनौ ? यो हाम्रो जिन्दगीको कुरा हो। कहिलेकाहीं त गम्भीर बन।' कमल निशाको रिस चुपचाप लागेर बसेको थियो र मनैमनमा सोचिरहेको थियो, गम्भीर तिमीसँग ... के तिमी मेरा लागि कहिल्यै गम्भीर भएकी छ्यौ ? कमलको मन त दौडिरहेको थियो तर उसको ओठमा शान्ति थियो।

अर्को दिन कमलले डिजाइनर जिन्स लगाएको थियो। जब कमलले निशालाई भेट्यो, उसले सोध्यो– 'तिमीलाई मेरो नयाँ जिन्स कस्तो लाग्यो ?' कमलले धेरै पटक सोध्दा पनि केही उत्तर पाएन अनि आफै भन्यो– 'नयाँ फेसनको हो, राम्रो छ हगि। म यसमा स्मार्ट देखिएको छु। खास मलाई यो कलर सुहाएको छ।'

यी प्रसंगबाट अनुमान लाइसक्नुभयो होला कि पुरुष र महिलामा चुप लागेर बस्नुको अर्थ र कारण फरक हुन्छ। पुरुष वा महिलाले चुप लागेर बस्नुको अर्थ फरक-फरक लगाउँछन्। पुरुष आफनो प्रकृतिअनुसार मौनतामा धेरै गहिरिँदैन। जे कुरा बाहिरबाट प्रतीत हुन्छ त्यसैलाई स्वीकार गर्छ तर जब महिलाहरूले भन्छन्, केही गडबड छैन, पुरुषले उसको विश्वास गर्छ। पुरुष चुप लागेर बस्नु एउटा सम्झौताजस्तै हो। सम्झौता चाहे त्यो साधारण होस् वा उत्साहले भरिएको। महिलाहरूले जे भन्छन्, त्यसलाई बिनाशर्त स्वीकार गर्नु सम्झौता हो।

प्रायः महिलाहरूले एउटा कुराको धेरै अर्थ लगाइदिन्छन्। महिलाहरू अर्थपूर्ण मौनतामा माहिर हुन्छन्। महिलाहरूले के बुझ्नुपर्छ भने यदि पुरुष मौन बसेको छ भने उसको ध्यान आफनो भविष्यका सम्बन्ध मात्र नभै अरू कुरामा पनि हुनसक्छ। जीवन एकदम सरल र राम्रो हुनसक्छ यदि पुरुष र महिलाले एक अर्कालाई बुझे भने। उनीहरू चुप लागेर बस्नुको अर्थ फरक-फरक हुन सक्छ। मौन बस्ने कारण थाहा पाइयो भने यस्तो समस्याबाट घर, बाहिर र अफिसमा समेत बच्न सकिन्छ।

**–तृप्ति मल्होत्रा**



# युरोपीयन च्याम्पियनसिपको अर्को कठिन समूह

युरोपीयन च्याम्पियनसिपको समूह "डी" मा युरोपेली फुटबलका शक्तिशाली मानिएका राष्ट्रहरु छन् । वर्तमान विजेता ग्रीस, सन् १९६४ को विजेता स्पेन, सेमिफाइनलसम्मको यात्रा तय गरेको स्वीडेन तथा केही कमजोर आँकिएको रुस यसै समूहमा छन्।



ग्रीसको इतिहास युरोपीयन फुटबलको क्षेत्रमा लामो छैन । पछिल्लो पटक विजेता हुनुअघि ग्रीस युरोपका फुटबलका महारथी राष्ट्रद्वारा सधैं दबाइएको फुटबल टिम मानिन्थ्यो । युरोपीयन फुटबल च्याम्पियनसिपलाई नै हेर्ने हो भने पनि ग्रीसले आफूलाई सन् १९८० को छैटौं संस्करणको फाइनल चरणमा मात्र प्रस्तुत गर्न सफल भएको थियो । उक्त प्रतियोगितामा ग्रीस आफूले खेलेको तीन खेलमध्ये १ खेल बराबरीमा तथा २ खेलमा पराजित भै घर फर्किएको थियो । यसभन्दा अघि र सन् २००० सम्मको युरोपीयन च्याम्पियनसिपको फाइनलमा प्रवेश गर्न नसकेको ग्रीसले आफ्नो बलियो उपस्थिति सन् २००४ को युरोपीयन च्याम्पियनसिपमा देखाएको थियो । छैटौं युरोपीयन च्याम्पियनसिपको फाइनल चरणमा छनौट भएपछि फाइनलमा प्रवेश पाएको ग्रीसले 'डार्क हर्स' टिमका रूपमा रहँदै प्रतियोगिताको उपाधि नै हात पारेको थियो । फाइनलमा ग्रीसले पोर्चुगललाई शून्यका विरुद्ध एक गोलले पराजित गर्दै उपाधि हात पारेको थियो । यो उपाधि ग्रीसले फुटबलको क्षेत्रमा पाएको अहिलेसम्मकै सबैभन्दा ठूलो उपाधि हो ।

ग्रीस आगामी युरोपीयन च्याम्पियनसिपका लागि छनौट खेलमा समूह 'सी' बाट पहिलो भएको थियो । यो समूहमा ग्रीसले आफूले खेलेका १२ खेलमध्ये १० खेलमा सफलता हात पारेको थियो भने एक खेलमा नर्वेसँग २-२ गोलको बराबरीमा र अर्को एक खेलमा टर्कीसँग १ गोलका विरुद्ध ४ गोलले पराजित भएको थियो । फिफाको वरियताक्रममा आठौं स्थानमा रहेको ग्रीसको कप्तानी मध्यपंक्तिबाट खेल्ने एन्जेलो बासिनासले गरेका छन् ।



युरोपीयन फुटबलमा बलियो मानिने स्वीडेन पनि समूह 'डी' मा छ । विश्वकप फुटबल प्रतियोगितामा राम्रो प्रदर्शन गरेको स्वीडेनले युरो च्याम्पियनसिपमा भने गतिलो प्रदर्शन गर्न सकेको छैन । स्वीडेनले सन् १९३४ को विश्वकपमा आफूलाई क्वाटर फाइनलसम्म पुर्‍याएको थियो भने त्यसपछि सन् १९३८ (चौथो स्थान), १९५० (तेस्रो स्थान), १९५८ (उपविजेता) र १९९४ मा तेस्रो स्थान हात पारेको थियो, तर युरोपीयन च्याम्पियनसिपमा भने स्वीडेनको पहिलो प्रवेश सन् १९९२ मा भएको थियो । उक्त प्रतियोगितामा स्वीडेनले आफूलाई सेमिफाइनलसम्म पुर्‍याएको थियो । सन् १९९६ को प्रतियोगितामा छनौट नभएको स्वीडेनले सन् २००० मा पहिलो चरण र २००४ मा क्वाटरफाइनलसम्मको यात्रा गरेको थियो ।

युरो २००८ को छनौट चरणमा समूह 'एफ' मा परेको स्वीडेन समूह दोस्रो भएर फाइनल चरणका लागि छनौट भएको हो । आफ्नो समूहमा खेलेका १२ खेलमध्ये स्वीडेनले ८ खेलमा जित हासिल गरेको थियो भने दुई खेलमा उत्तरी आयरल्यान्डसँग २-१ र स्पेनसँग ३-० ले पराजित भएको थियो । डेनमार्कसँग गोलरहित र उत्तरी आयरल्यान्डसँग १-१ गोलको बराबरीमा खेल समाप्त गरी समूह दोस्रो भएको थियो । फिफाको वरियताक्रममा २३ औं स्थानमा रहेको स्वीडेनको नेतृत्व मध्यपंक्तिबाट खेल्ने फेडरिक लुङबर्गले गर्नेछन् ।

युरोपीयन फुटबलको पावरहाउस स्पेन पनि यही समूहमा छ । सन् १९६४ को युरो कप प्रतियोगिता आयोजना गर्दा विजेता भएको स्पेनले त्यसपछि आयोजित युरोपीयन च्याम्पियनसिपमा आफूलाई क्वाटर फाइनलभन्दा माथि पुर्‍याउन सकेन । सन् १९६४ मा उपाधि हात पारेपछि स्पेन लगातार तीनवटा संस्करणको फाइनल चरणसम्म पनि पुग्न सकेन । सन् १९९६ र २००० को प्रतियोगितामा क्वाटर फाइनलसम्म पुगेको स्पेन सन् २००४ को संस्करणमा पहिलो चरणबाटै बाहिरिएको थियो । घरभित्र राम्रो लिग प्रतियोगिता आयोजना गरे पनि स्पेनले सन् १९५० को विश्वकप फुटबल प्रतियोगितामा आफूलाई



चौथो स्थान दिलाउनुबाहेक अहिलेसम्म कुनै उल्लेख्य सफलता हात पार्न सकेको छैन । बरु स्पेनले त्यसपछिका विश्वकप फुटबल प्रतियोगितामा चार पटक क्वाटरफाइनलसम्मको यात्रा तय गर्न पाएको छ । यस पटकको युरो २००८ को छनौट चरणमा समूह 'एफ' मा परेको स्पेन समूह विजेता भएर छनौट भएको हो । स्पेनले छनौट प्रतियोगिताका १२ खेलमध्ये ९ खेलमा जित हासिल गरेको थियो भने एक खेलमा आइसल्यान्डसँग १-१ गोलको बराबरी गरेको थियो । २ खेलमा उत्तरी आयरल्यान्डसँग ३-२ र स्वीडेनसँग २-० ले पराजित भएको थियो । फिफाको वरियताक्रममा चौथो स्थानमा रहेको स्पेनको नेतृत्व ७५ अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेका गोलकिपर इकेर कासिलासले गर्नेछन् ।




युरोपीयन च्याम्पियनसिपको समूह 'डी' मै रहेको रूसको पहिलो प्रवेश इङ्ल्यान्डले सन् १९९६ मा आयोजना गरेको प्रतियोगिताबाट भएको हो । रूसले सन् २००० को प्रतियोगितामा आफूलाई फाइनल चरणमा पुर्‍याउन सकेन भने सन् २००४ मा छनौट भए पनि फाइनलमा पहिलो चरणबाटै घर फर्किएको थियो ।



तत्कालीन सोभियत संघका रूपमा रूसले युरोपियन च्याम्पियनसिपको पहिलो संस्करण जित्नुका साथै सन् १९६४, ७२, ८८ को संस्करणमा उपविजेता भएको थियो । सन् १९६८ मा चौथो स्थान हात पारेको सोभियत संघ टुक्रिएपछि रूसको फुटबलको स्तर विश्वकप प्रतियोगितामा पनि खासै उल्लेखनीय छैन । रूसको नामबाट पहिलो पटक सन् १९९४ को विश्वकपमा प्रवेश पाए पनि पहिलो चरणवाटै घर फर्किनुपरेको थियो । त्यसपछिका विश्वकपमा रूस दुई पटक फाइनल चरणका लागि छनौट हुन सकेन भने सन् २००२ मा छनौट हुँदा पुन: पहिलो चरणबाटै घर फर्कनुपरेको थियो ।

सन् २००८ को युरोपीयन च्याम्पियनसिप छनौट प्रतियोगिताको समूह 'ई' मा परेको रूसले समूह दोस्रो भएर फाइनलको सिट सुरक्षित गरेको हो । छनौट प्रतियोगितामा रूसले आफूले खेलेका १२ खेलमध्ये ७ खेलमा जित हात पारेको थियो । अन्य खेलमा क्रोएसिया (०-०), इजरायल (१-१) र क्रोएसिया (०-०) सँग बराबरी गर्‍यो भने इङ्ल्यान्डसँग (३-०) र इजरायलसँग (२-१) ले पराजित भयो । फिफाको वरियताक्रममा २५ औं स्थानमा रहेको रूस यस पटक एन्ड्री आर्साभिनको कप्तानीमा फाइनल चरणमा उत्रनेछ । स्ट्राइकर एन्ड्रीले ३३ अन्तर्राष्ट्रिय प्रतियोगितामा १० गोल गरिसकेका छन् ।

# चौथो युरोपीयन च्याम्पियनसिप

प्रत्येक चार-चार वर्षको अन्तरालमा आयोजना हुने युरोपीयन फुटबल च्याम्पियनसिपको चौथो संस्करण बेल्जियमले सन् १९७२ मा आयोजित गर्‍यो । यो च्याम्पियनसिपका लागि युरोपका ३२ टिमले पहिलो चरणमा सहभागिता गरेका थिए । सहभागी टिमलाई ८ समूहमा विभाजित गरिएको थियो, प्रत्येक समूहमा ४ टिम थिए । प्रत्येक समूहमा रहेका टिमले एकअर्काविरुद्ध होम एन्ड अवेका आधारमा खेल्नुपर्थ्यो, जसका कारण यो प्रतियोगिताको छनौट चरण पूरा हुन एक वर्ष लागेको थियो । प्रत्येक समूहमा पहिलो हुने टिम क्वाटर फाइनलमा प्रवेश गर्थ्यो र उसले पनि होम एन्ड अवेका आधारमा प्रतिस्पर्धा गर्नुपर्थ्यो । यो प्रतियोगितामा बेल्जियमले तेस्रो युरो कप विजेता इटालीलाई, पश्चिम जर्मनीले तेस्रो युरो कपमा तेस्रो स्थान हासिल गरेको इङ्ल्यान्डलाई, हंगेरीले रोमानियाँलाई, सोभियत संघले युगोस्लाभियालाई पराजित गरेर सेमिफाइनलको यात्रा तय गरेका थिए ।



जून १४ देखि जून १८ तारिखसम्म बेल्जियमका तीन सहरका चार रंगशालामा दुईवटा सेमिफाइनल, तेस्रो स्थान र फाइनलका खेलहरू सम्पन्न भएका थिए । आयोजक बेल्जियम र पश्चिम जर्मनीबीच भएको पहिलो सेमिफाइनलमा जर्मनीले १ गोलका विरुद्ध २ गोलले पराजित गर्‍यो । उक्त प्रतियोगितामा जर्मनीका ग्रेड मुलरले २४ औं र ७१ औं मिनेटमा १-१ गोल गरेर जर्मनीलाई अग्रता दिलाएका थिए, आयोजक बेल्जियमका तर्फबाट ओडिलोन पोलिनिसले ८१ औं मिनेटमा एक गोल फर्काएका थिए । दोस्रो सेमिफाइनल हंगेरी र सोभियत संघबीच भएको थियो जसमा सोभियत संघका एनातोली कोन्कोभले ५३ औं मिनेटमा गरेको गोल नै निर्णायक सावित भयो । तेस्रो स्थानका लागि भएको खेलमा आयोजक बेल्जियमले दोस्रो युरोकपमा तेस्रो स्थान हासिल गरेको हंगेरीलाई १ का विरुद्ध २ गोलले पराजित गर्‍यो । पहिलो युरोकप विजेता सोभियत संघ र पहिलो पटक फाइनलमा प्रवेश पाएको पश्चिम जर्मनीबीचको फाइनल खेल ब्रसेल्सको हेसेल रंगशालामा जून १८ तारिखमा भएको थियो । एकतर्फीजस्तो देखिने फाइनल खेलमा जर्मनीका ग्रेड मुलरले २७ औं मिनेटमा पहिलो गोल गरेर टिमलाई अग्रता दिलाएका थिए, त्यसपछि हरबर्ट उल्मरले ५२ औं मिनेटमा र मुलरले पुन: ५८ औं मिनेटमा १-१ गोल गरेर पश्चिम जर्मनीलाई पहिलो पटक युरोपीयन च्याम्पियनसिप कप दिलाए । यो प्रतियोगितामा पश्चिम जर्मनीका ग्रेड मुलरले सर्वाधिक ४ गोल गरेका थिए ।

# टेबलटेनिसमा अरनिकाे च्याम्पियन



धरान– सर्वाधिक तीन स्वर्णपदक जितेर विराटनगरको अरनिको उच्च मा.वि., धरानमा सम्पन्न तीनदिने पहिलो अधिराज्यव्यापी अन्तरविद्यालय टेबलटेनिस प्रतियोगिताको च्याम्पियन बन्यो । धरान, विराटनगर, इटहरी, बुटवल र चितवनका ३८ विद्यालय सहभागी प्रतियोगितामा अरनिकोले दुई-दुई रजत र कांस्यसहित कुल ७ पदक जितेको थियो । कुल ९ वटा इभेन्टको प्रतियोगितामा टिम इभेन्टमा स्वर्ण जितेको अरनिकोका निम्ति ब्वाइज १२ वर्षमुनिको समूहमा सुजन पन्त र स्टाफ समूहमा निरेश कार्कीले स्वर्णपदक हात पारेका थिए । दुई स्वर्ण, एक रजत र ७ कांस्यसहित कुल १० पदक जितेको धरानको युरेका आवासीय उच्च मा.वि. दोस्रो भयो । धरानकै पब्लिक उच्च मा.वि. दुई स्वर्ण र एक कांस्य गरी कुल ३ पदकसहित तेस्रो स्थानमा रह्यो ।

सुनसरी टेबलटेनिस संघद्वारा आयोजित प्रतियोगितामा युरेका उ.मा.वि.का निम्ति अपेक्षा शाक्यले गर्ल्सतर्फ १२ वर्षमुनिको समूहमा तथा ब्वाइजतर्फ १४ वर्षमुनिको समूहमा विशाल मल्लले स्वर्णपदक दिलाएका थिए । पब्लिकका निम्ति पूर्णरत्ना राई र मनोज तामाङले स्वर्ण जिते । पूर्णरत्ना गर्ल्स १४ वर्षमुनिको समूहमा तथा मनोज ब्वाइज १८ वर्षमुनिको समूहमा विजयी भएका थिए । धरानकै विष्णु मेमोरियल स्कुल र विराटनगरको डनबस्को स्कुलले पनि एक-एक स्वर्णपदक जित्यो । विष्णु मेमोरियलका निम्ति विवेक कार्की र सहजादा अलीले ब्वाइज डबल्समा स्वर्णपदक जिते । गर्ल्स १८ वर्षमुनिको समूहमा रेश्मा रसाइलीले डनबस्कोलाई स्वर्णपदक दिलाइन् । इलाइट स्कुल, बुटवलका मोहित गुप्ता र मोहन शिक्षा मन्दिर, चितवनका अन्सुल विष्टले प्रतिभावान् खेलाडीको पुरस्कार हात पारे । कभर्ड हलमा सञ्चालित प्रतियोगितामा २ सय ५० टेबलटेनिस खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

# अनित भए मिस्टर लुम्बिनी

बुटवल– बुटवलमा हरेक वर्ष आयोजित हुँदै आएको अञ्चलस्तरीय शारीरिक सुगठन प्रतियोगिता 'मिस्टर लुम्बिनी' को छैटौं संस्करणको उपाधि बुटवलका अनित घतानेले जितेका छन् । बुटवल फिटनेस सेन्टरको आयोजनामा कान्ति सभागृह हाटबजारमा सोमबार सम्पन्न प्रतियोगितामा ६५ जना प्रतियोगीलाई पछि पार्दै घताने विजय घोषित भएका हुन् ।



विभिन्न ५ तौल समूहमा प्रतिस्पर्धा गराइएको प्रतियोगिताको बीचबीचमा स्थानीय बागेश्वरी संगीतालयका कलाकारले गीत एवं नृत्य प्रस्तुत गरी हलभरि खचाखच दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए । प्रतियोगिताको ६५ केजी तौल समूहमा अनित घताने प्रथम, रविन गहतराज द्वितीय तथा मधुसूदन ह्योंजू तृतीय भए । ५५ केजी तौल समूहमा हेरिस लारी प्रथम, योगेश श्रेष्ठ द्वितीय तथा श्री दर्लामी तृतीय भए भने ६० केजी तौल समूहमा आकाश गुरुङ प्रथम, सुभासमान श्रेष्ठ द्वितीय र प्रेम रसाइली तृतीय भए । यस्तै ७० केजी तौल समूहमा चन्द्रमान श्रेष्ठ प्रथम, मनुज प्रधान द्वितीय तथा अनुप गुरुङ तृतीय भए भने ७५ केजी तौल समूहमा सुनिल सुनुवार प्रथम, किस्मत बलाल द्वितीय र रमेश श्रेष्ठ तृतीय भए ।

# रोनाल्डोलाई आपत्‌माथि विपत्

**मैदानबाहिर**



ब्राजिलियन स्ट्राइकर रोनाल्डोले हालै रियो दि जेनेरियोमा एक स्ट्रान्सभेस्टाइल (महिलाको भेषमा रहने पुरुष) समक्ष यौनसम्पर्कका लागि राखेको प्रस्तावले अन्तर्राष्ट्रिय क्षेत्रमै सनसनी मच्चाएको थियो । महिलाको भेषमा रहेका एड्रिया अल्वरटाइनले रोनाल्डोलाई महिला वेश्याको विश्वास दिलाएर एक होटलमा लगेका थिए । रोनाल्डोले होटेलमा लगेर यौनसम्पर्कको प्रस्ताव राख्दा ६ सय डलर दिने प्रस्ताव गरेका थिए, तर एड्रियाले यो कुरालाई गोप्य राख्ने सर्तमा ३० हजार डलर माग गरेका थिए । समस्या बढेपछि एड्रियाले रोनाल्डोले कोकिनको मागका साथै आफूप्रति दुर्व्यवहारसमेत गरेको कुरा सार्वजनिक गरेका थिए । हाल प्रहरीको सोधपुछमा रहेको यो घटना सेलाउन नपाउँदै रोनाल्डोकी प्रेमिकाले उनलाई त्यागेको घोषणा गरेकी छिन् । २३ वर्षीया मारिया बेर्टिजसँग रोनाल्डोको प्रेम सन् २००७ देखि भएको हो । इन्जिनियरिङ पेसाकी मारिया विगत केही समयदेखि रोनाल्डोसँग मिलानमा बस्दै आएकी थिइन् । हालै घुँडाको शल्यक्रिया गर्न रियो पुगेका रोनाल्डोलाई चिकित्सकहरूले केही समय आराम गर्ने सल्लाह दिएका थिए । रोनाल्डो पुरुष वेश्यासँग लागेको उक्त घटनापछि उनको मुख्य प्रायोजक नाइकी कम्पनीले पनि हात झिक्ने अनुमान गरिएको छ । नाइकीद्वारा प्रायोजित खेलाडी गैरकानुनी क्रियाकलापमा लागेका कारण आफ्नो ब्रान्डको छवि धूमिल हुने देखेपछि नाइकीले उक्त निर्णय गर्न सक्ने अनुमान ब्राजिलका सञ्चार माध्यमले गरेका छन् ।

# नयाँ फुटबल एकेडेमी



तस्बिर : नवराज बाले

काठमाडौं- एक वर्षयता स्थानीय बालखेलाडीहरूलाई निरन्तर फुटबल प्रशिक्षण दिंदै आएको मध्यपुर युथ एसोसिएसनले औपचारिक रूपमा फुटबल एकेडेमी सञ्चालनमा ल्याएको छ। देशमा फुटबल गतिविधि शून्य भएको समयमा निजी स्तरबाट एकेडेमी प्रारम्भ गर्नु सामान्य कुरा होइन। उपत्यकामा निजी स्तरको पहिलो मध्यपुर फुटबल एकेडेमी समग्रमा देशकै तेस्रो हो। यसअघि वि.सं.२०५२ सालदेखि अखिल नेपाल फुटबल संघ (एन्फा) ले ललितपुरमा र चार वर्षअघिदेखि साहारा क्लबले पोखरामा फुटबल एकेडेमी सञ्चालन गर्दै आएका छन्।

एक वर्षको प्रशिक्षण अवधिमा ५ सय जनामध्येमा अब्बल देखिएका १० देखि १४ वर्षसम्मका ३० जना बालक मध्यपुर फुटबल एकेडेमीका लागि छानिएका छन्। चार वर्षका निम्ति उनीहरूको प्रशिक्षण र शैक्षिक खर्च एकेडेमीले बेहोर्ने मध्यपुर युथ एसोसिएसनका अध्यक्ष उपेन्द्रमानसिंहले साप्ताहिक बताए। अधिराज्यभरिबाट छनौट गरी सञ्चालन गरिंदै आएको एन्फा एकेडेमीको छनौटमा नपरेका स्थानीय बालकहरू पनि प्रतिभाशाली खेलाडी भएको उल्लेख गर्दै राष्ट्रिय टिमका पूर्वकप्तान उपेन्द्र भन्छन्- 'एकेडेमीबाट राष्ट्रिय टिमका निम्ति उत्कृष्ट खेलाडीहरू उत्पादन गर्नेछौं।' एसोसिएसनले एकेडेमीद्वारा उत्पादित खेलाडीहरू ठूला फुटबल क्लबहरूलाई बिक्री गरेर लगानी उठाउन सक्नेछ।

विभिन्न पाँचवटा देशमा व्यावसायिक फुटबल खेलेका पूर्वगोलरक्षक उपेन्द्रमान आफ्ना अनुभवहरू भविष्यका फुटबल खेलाडीसँग बाँड्न चाहन्छन्। एकेडेमी सञ्चालनको घोषणा गर्दै आफूजस्तै अनुभवी खेलाडीहरू नेपालमा धेरै भएकाले उनीहरूलाई फुटबल गतिविधिमा सक्रिय हुन उनले आग्रह पनि गरेका छन्। उपेन्द्र भन्छन्- 'एन्फाकै मुख मात्र ताकेर हुँदैन। निजी स्तरबाटै क्लबहरूले प्रशिक्षण शिविर तथा एकेडेमीहरू सञ्चालन गरे धेरै खेलाडी उत्पादन हुन्छन्। सबै राम्रा बाल खेलाडीहरू एन्फा एकेडेमीमा छानिन्छन् भन्ने पनि होइन। खेलाडीको संख्या धेरै भएपछि कडा प्रतिस्पर्धा हुने निश्चित छ। कडा प्रतिस्पर्धाबाटै राम्रा खेलाडी उत्पादन हुन्छन्। जसले देशको नाम चम्काउन सक्छ।'

वार्षिक ४० लाख रुपैयाँ खर्च गर्दै आएको एन्फा एकेडेमी प्रभावकारी बन्न सकेको छैन। एन्फा एकेडेमीद्वारा उत्पादिन सीमित खेलाडीले मात्र निरन्तर फुटबल खेलिरहेका छन्। एकेडेमीमा बसेका धेरै खेलाडीहरू फुटबलबाट पलायन भैसकेका छन्। उपेन्द्र भन्छन्- '७ करोडमा ७ जना मात्र राम्रा खेलाडी उत्पादन गर्ने एकेडेमी राम्रो होइन।' एकेडेमीमा मध्यपुरकै कृषक परिवारका बालकहरूको बाहुल्य छ। फुटबलकै माध्यमबाट निम्नस्तरका परिवारका बालकहरूलाई शिक्षा दिने एसोसिएसनको योजना छ। व्यावसायिक फुटबल खेलेर उनीहरूले नामसँगै दाम पनि कमाउन सक्नेछन्। संघ-संस्था, मध्यपुर नगरपालिका, नेपाल सरकार, एन्फा, व्यापारिक समूह एवं स्थानीय बासिन्दासँग सहयोगको अपेक्षा गरिएको एकेडेमी सञ्चालनका लागि वार्षिक १३ लाख ३५ हजार रुपैयाँ खर्च हुने बताइन्छ।

बाल खेलाडीहरूको शिक्षाका निम्ति ११ वटा स्थानीय निजी विद्यालयले निःशुल्क छात्रवृत्ति उपलब्ध गराएको छ। राम्रो शिक्षा हासिल नगरे पूर्ण व्यावसायिक खेलाडी बन्न सम्भव छैन। उपेन्द्र भन्छन्- 'मैदानमा फुटबल शरीर (बल) ले ५० प्रतिशत मात्रै खेलिन्छ, ५० प्रतिशत मस्तिष्कले खेल्नुपर्छ। राम्रो शिक्षा नपाएका खेलाडीले खेल्न सक्दैनन्।' हाम्रो देशमा बलले मात्र नभई बुद्धिले पनि खेल्ने खेलाडीको अभाव भएको उनको भनाइ छ। शिक्षित खेलाडी मात्र अनुशासित बन्न सक्छन्। अनुशासनबिना सफलता असम्भव छ।

गतवर्ष आयोजित अन्तर विद्यालय फुटबल प्रतियोगितालाई निरन्तरता दिंदै एकेडेमीको खर्च जुटाउन यही वर्षदेखि अन्तर क्याम्पस फुटबल प्रतियोगिता पनि सञ्चालन गर्ने एसोसिएसनले जनाएको छ। दुई घरस्थित नेपाली सेनाको मैदान एसोसिएसनले प्रयोग गर्दै आएको छ। बाल खेलाडीहरूलाई उमेर अनुसार दैनिक एकदेखि साढे एक घन्टासम्म प्रशिक्षण दिइनेछ। उपेन्द्रमानसहित बाल खेलाडीहरूलाई राजेश श्रेष्ठ, ज्ञानकृष्ण श्रेष्ठ तथा मनोज रञ्जितले प्रशिक्षण दिनेछन्।

एकेडेमीको सुरुआतसँगै अन्तराष्ट्रिय फुटबलमा लामो समय बिताएका उपेन्द्रमान तथा मध्यपुर युथ एसोसिएसनको सर्वत्र प्रशंसा भैरहेको छ तर घोषणा गरे अनुसार काम पूरा गर्न भने सहज छैन। गतवर्षदेखि नै नेपाल फुटबल क्लब संघ तथा एन्फाबीचको विवादले देशमा फुटबल गतिविध नै शून्य छ। मध्यपुर एकेडेमीले भौतिक एवं आर्थिक अभाव प्रारम्भदेखि नै झेल्नुपर्नेछ। आफ्नै मैदान छैन, एक-अर्काको सहयोगबाटै एसोसिएसन सञ्चालन भैरहेको छ। निश्चित आम्दानीको स्रोत छैन। पूर्वराष्ट्रिय खेलाडी हरि खड्का भन्छन्- 'मध्यपुरले एउटा राम्रो काम सुरु गरेको छ। यसलाई निरन्तरता दिन सबैले सहयोग गर्नुपर्छ। निजी सहभागिता बिना व्यावसायिक फुटबल सम्भव हुँदैन।' आर्थिक तथा भौतिक पूर्वाधारको अभावको चुनौती पार गरे मात्र मध्यपुर एकेडेमीले योजना अनुसार खेलाडीहरू उत्पादन गर्न सक्नेछ।

**-राजु घिसिङ**



## ५ प्रश्न

नेपाली राष्ट्रिय फुटबल टिमका पूर्वकप्तान उपेन्द्रमान सिंह अहिले मध्यपुर युथ एसोसिएसनका अध्यक्षको हैसियतले आफ्नो गृहक्षेत्रमा फुटबल प्रतिभा खोज्न सक्रिय छन्।

**मध्यपुर युथ एसोसिएसनमार्फत फुटबल एकेडेमी सुरु गर्नुको कारण ?**

मध्यपुरका बालबालिकाहरूलाई कुलतमा लाग्न नदिई शिक्षा दिलाउन एकेडेमी सुरु गरिएको हो। कृषकहरूको बाहुल्य रहेको मध्यपुरमा फुटबलको माध्यमबाटै बालबालिकालाई शिक्षा दिलाई उनीहरूको जीवनस्तर उकास्न एकेडेमी सञ्चालन गरेका हौं।

**एन्फा एकेडेमी तथा मध्यपुर एकेडेमीबीचको भिन्नता ?**

विदेशबाट आएको पैसाले चलेकाले एन्फा एकेडेमी सुविधासम्पन्न र बृहत् छ। एन्फामा अधिराज्यभरिबाट छानिएका बालखेलाडीहरू रहन्छन्, तर मध्यपुर एकेडेमी सीमित क्षेत्रका बालखेलाडीहरू लिई शून्यबाट सुरु भएको एकेडेमी हो।

**एन्फा एकेडेमीलाई च्यालेन्ज दिन खोजिएको हो ?**

होइन, तर लगानीअनुसार एन्फा एकेडेमीबाट खेलाडी उत्पादन हुन सकेन। ७ करोड लगानीबाट ७ जना मात्र राम्रा खेलाडी निस्कनु एकेडेमीकै दुर्भाग्य हो। एन्फालाई चुनौती दिन नभै निजी तथा स्थानीय स्तरबाटै राष्ट्रका निम्ति अब्बल खेलाडी उत्पादन गर्न मध्यपुर एकेडेमी सञ्चालन गरेका हौं।

**एकेडेमीको खर्च कसरी जुट्छ ?**


एन्फा, नेपाल सरकार, स्थानीय निकाय, व्यापारिक समूह तथा स्थानीयवासीहरूबाट सहयोगको आशा गरेका छौं। अहिले रोटरी क्लब, स्थानीय व्यवसायीहरू एवं मध्यपुर नगरपालिकाले सहयोग गरिरहेका छन्। हामी धन भएकाहरूबाट खर्च जुटाई नभएकाहरूलाई सहयोग गर्ने अभियानमा छौं।

**खेलकुदमा लागेका धेरैले कामभन्दा कुरा बढी गर्छन् नि ?**

हो, धेरैले कुरा मात्र गरिरहेका छन्। हामी खेलाडी उत्पादन गरेरै छाड्छौं।

## प्रसंग कतिपय





### विक्रम राई

अहिले चर्चित अनुहारमा गनिएकी जेनिसा मोक्तानले आफ्नो मोबाइल हराएपछि सिमलाई ब्लक गर्न नभ्याउँदै उनको मोबाइल भेट्ने व्यक्तिले धेरै ठाउँमा फोन गरेर सबैलाई हैरान तुल्याएछन् । अहिले उनी सबैलाई त्यसको स्पष्टीकरण दिँदै हिँड्छिन् । त्यसैगरी नेपाली सिने स्टार राजेश हमालले फेस बुक बनाएछन् । फेस बुक भन्नाले इन्टरनेटमा आरुनो पहिचान बनाई अन्य व्यक्तिहरूसँग सम्पर्क गर्ने सोसियल नेटवर्किङ प्रोफाइल हो । जुन नायक आफूलाई मौन राख्न सिपालु र खप्पिस छन् उसैले फेस बुक बनायो भन्दा सबैलाई अचम्म लागेकै हो । पछि हमाल स्वयंले त्यसको खण्डन गरे, अर्थात् कोही राजेश हमाल बनी संसारभरिका नेपालीहरूबीच उनको ख्यातिलाई अझ फैलाइरहेको रहेछ । उता गायक रामकृष्ण ढकालले लाजिम्पाटको वाल सिस्टमको घर बेचेर पिलर सिस्टमको नयाँ बंगला किनेछन् । अहिले उक्त नयाँ बंगलामा चाहिने सरसामानको जोहो गर्न ढकाल दम्पती कस्सिएर लागेका छन् ।

हाम्रा यी तीन सेलिब्रेटी जो मोडल, नायक र गायक हुन्- सबैको आ-आरुनो क्षेत्रमा योगदान छ । दसवर्षे जनयुद्धको बेलामा जंगलभित्र पनि रामकृष्णको बिछोड, वेदना र माया-परितीका गीतहरू कमरेडहरूले सुनेकै हुन् । एउटा गरिब र दुःखी केटाको यथार्थबाट आफूलाई निखार्दै सबल र स्थापित गायकका रूपमा जम्न सकेका छन्- रामकृष्ण ढकाल । नायक राजेश हमाल जसलाई कुनै बेला डेडो आँखा भएको, ठमेलतिर घुमी हिंड्ने र हिरोजस्तो छवि नभएको आरोप लागेको हो, तर आज त्यही व्यक्ति नेपालको उत्कृष्ट नायकका रूपमा स्थापित भएको छ । उमेर छिप्पिँदै जाँदा पनि उनीसँग भर्खरकी नायिकाहरू हिरोइन हुन लागिपरेका छन् । कुनै समय आफ्ना अर्ध नग्न पोस्टर देखाएर चर्चा पाउनुपर्ने स्थिति रहे पनि आज उनी कतै गए, बोले वा बसे भने त्यसले पेज थ्रीमा ठाउँ पाउँछ । अर्कातिर आफ्नो उमेर ढुक्कसँग सार्वजनिक रूपमा बताउन सक्ने एक मात्र मोडल जेनिसा छिन् । मात्र १८ वर्षको हुँदा पनि उनी मै ठूली भै'छु भन्दै उफ्रिन पछि परेकी छैनन् । वाक कौशल, कुशाग्र मष्तिस्क र शरीरको फ्युजन ब्युटिजहरूलाई चाहिने आवश्यक गहना हो भन्ने वास्तविकता उनलाई भेटेपछि महसुस हुन्छ । ग्लामर संसारका साथै अध्ययनलाई पनि त्यत्तिकै महत्त्व दिँदै उनी अहिले ग्रेजुएसन गर्नतिर लागेकी छिन् । धेरै ब्युटीप्याजेन्टहरूमा भाग लिइसकेकी जेनिसा अहिलेकी चर्चित मोडल हुन् भन्दा झूट नठहरिएला ।

यी भिन्न फिचरबीच एउटा मेल खाने शब्द छ, त्यो के भने- परिश्रम । यी तीनवटै विधामा जे-जस्तो बाधा-अड्चन र आरोपहरू आए पनि निरन्तर आफ्नो कर्मप्रति बफादार रही परिश्रम गर्नाले अन्ततः सफल भइन्छ भन्ने यिनीहरूले प्रमाणित गरेका छन् । यसबाट आजका युवाहरूले कम्तीमा परिश्रमसम्बन्धी थोरै शिक्षा लिए भने पनि त्यो अहिलेलाई ठूलो उपलब्धि हुनेछ ।

prasangakatipaya@hotmail.com

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया,** निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया,** सम्पादक : **सुवास ढकाल ।**